# परिच्छेद : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

महान् विचारक सुकरातका अनुसार मानिस भित्र अदृश्य रुपमा रहेको सर्वमान्य विचारलाई प्रस्फुटन गराउनु नै शिक्षा हो । त्यस्तै शिक्षाविद् जोन डिवेका भनाईमा शिक्षा भनेको व्यक्तिका सम्पूर्ण सक्षमताहरुको विकास हो जसले उनीहरुलाई आफ्नो वातावरणलाई नियन्त्रण गर्न र सम्भावनाहरु प्राप्ति गर्नमा सघाउछ । मानिस अरु प्राणी भन्दा चेतनसील प्राणी हो । विवेकको कारणले गर्दा मानिस अरु प्राणी भन्दा सर्वोत्कृष्ट छ र अरु प्राणीहरुलाई आफ्नो अनुकुल राख्न सफल भएको छ । शिक्षाको कारणले गर्दा मानिसले आफ्नो जीवनस्तरमा व्यापक परिवर्तन गर्न सफल भएको छ । हिजोका दिनमा ओडारमा बस्ने र काँचै खानेकुराहरु खाने मानिस आज चन्द्रमामा पाईला टेक्न सफल भएको छ (अधिकारी, २०६५) ।

शिक्षा विकास सम्बन्धी विश्व मानचित्रलाई हेर्दा प्राचिनकाल देखि हालसम्म आउँदा शिक्षाको विकासमा सोक्रेटस, कन्फयूसियस, प्लेटो, अरस्तु, रुसो, मन्टेश्वरी, फ्रोवेल, गान्धी र बुद्धको शिक्षामा महत्वपूर्ण योगदान छ । शिक्षाको सुरुवात सर्वप्रथम इ.सं. ४३५ मा ग्रिस राज्यबाट भएको थियो । विस्तारै पाण्डीत्यवाद, पुनजागरण युग हुँदै आधुनिक युग आयो । एशियामा शिक्षाको विकास २५०० वर्ष पहिले गान्घरा (हालको अफगानीस्थान) बाट तक्षशिला विश्वविद्यालयको शुरुवात सँगै हाम्रो भएको पाइन्छ (वाग्ले तथा कार्की, २०५८) ।

नेपालमा शिक्षाको विकासलाई दृष्टिगत गर्ने हो भने लिच्छवीकाललाई शिक्षाको प्रारम्भिक काल मान्न सकिन्छ तत्कालिन अवस्थामा शिक्षा गुरुकुल र धर्मप्रधान थियो । त्यसपछि मल्लकाल, शाहकाल हुँदै शाहकालमै उदाएको राणा शासनका श्री ३ महाराज जंगबहादुर राणाले बेलायती शिक्षा प्रणालीबाट प्रभावित भएर १९१० आश्विन २७ गते आफ्ना भाई, भारदारहरुलाई अंग्रेजी शिक्षा दिने उद्देश्यले दरबार हाईस्कुलको स्थापना गरेका थिए । त्यही विद्यालय नै नेपालमा स्थापना भएको पहिलो औपचारिक विद्यालय हो (शर्मा, २०५८) ।

भोजपुर जिल्लाको सन्दर्भमा हेर्ने हो भने अवाल बह्राचारी श्री षडानन्द अधिकारीले वि.स. १९३२ मा स्थापना गर्नु भएको संस्कृत पाठशाला नै पहिलो विद्यालय हो । यस विद्यालयले भोजपुर जिल्ला लगायत पूर्वी नेपाल भरी नै शिक्षाको ज्योति छरेको थियो । वि.सं. १९९६ मा जुद्ध शमशेरले शिक्षा सम्बन्धी इस्तिहार जारी गरे पश्चात् विद्यालय खोल्ने कानूनी बाटो खुल्ला भयो र देशका विभिन्न भागमा च्याउ उम्रिए झैं विद्यालय खुल्न थाले । यसै क्रममा भोजपुर जिल्लाका विभिन्न भागमा स्थानीय बासीको अग्रसरतामा विद्याालयहरु खुल्दै गए । २०६७ असार मसान्त सम्मको तथ्याङक अनुसार भोजपुर जिल्लामा प्रा.तह ३९३, नि.मा.तह १०५, मा.तह ७१ र उ.मा.तह २० गरी जम्मा ४०४ बटा विद्यालयहरु स्थापना भई संचालन भइरहेका छन् (जि.शि.का., २०६८) ।

हाम्रो देशमा शैक्षिक नीति तथा योजनाहरुको तर्जुमा र कार्यान्वयनको लागि शिक्षा मन्त्रालयको स्थापना गरिएको छ । विद्यालय शिक्षाको विकास, रेखदेख, निरीक्षण, अनुगमनको लागि  शिक्षा मन्त्रालय अर्न्तगत शिक्षा विभाग र शिक्षा विभाग अर्न्तगत क्षेत्रिय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयहरुको स्थापना गरिएको छ ।

विद्यमान विद्यालय संरचना अनुसार कक्षा १ देखी कक्षा ५ सम्म प्राथमिक , कक्षा ६ देखी कक्षा ८ सम्म निम्नमाध्यमिक , कक्षा ९ देखी कक्षा १० सम्म माध्यमिक र कक्षा ११ देखी कक्षा १२ सम्म उच्च माध्यमिक मानिएको छ । कक्षा १ देखि कक्षा ३ सम्मको मूल्यान्ङ्कन पद्धति निरन्तर मूल्यान्ङ्कन,उदार कक्षोन्नतिमा आधारित छ । कक्षा ४ देखि ७ सम्मको परीक्षा विद्यालयले लिने प्रावधान छ । कक्षा ८ को परीक्षा जिल्ला स्तरीय हुने प्रावधान रहेको छ । कक्षा ९ र कक्षा १० को सेन्ट अप परीक्षा विद्यालयले लिने र एस.एस.सी. परीक्षा राष्ढ्रिय स्तरमा हुने  ब्यवस्था रहेको छ  (शिक्षा नियमावली,२०५९) । कक्षा ११ र १२ को परीक्षा राष्ढ्रिय स्तरमा उच्च माध्यमिक शिक्षा परिषद लिने प्रावधान रहेको छ (उच्च माध्यमिक शिक्षा नियमावली २०५१) ।

शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ बमोजिम विद्यालयलाई सामुदायिक र संस्थागत विद्यालय गरी २ प्रकारमा वर्गिकरण गरिएको छ । सामुदायिक विद्यालय भनेका सरकारी अनुदान प्राप्त विद्यालय हुन् भने संस्थागत विद्यालय भनेका निजीस्तरबाट संचालित विद्यालयहरु हुन् । निजी विद्यालयको सन्दर्भमा दृष्टिगत गर्दा वि.सं. १९९३ सालमा

गंगालाल, सिद्धीचरण लगायत मिलेर सरकारी अनुमति विना नै स्थापना गरेको श्री महाविर स्कुल काठमाडौंलाई लिन सकिन्छ (शर्मा, २०५७) ।

निम्न माध्यमिक तहको कक्षा ८ मा हुने जिल्ला स्तरीय परीक्षा सञ्चालन तथा निरीक्षण अनुगमन गर्नका लागि प्रत्येक जिल्लामा जिल्ला शिक्षा अधिकारी को अध्यक्षतामा शिक्षकहरु समेतको प्रतिनिधीत्व हुने गरी ५ सदस्यीय जिल्ला स्तरीय परीक्षा समिति गठन हुने प्रावधान रहेको छ ( शिक्षा नियमावली २०५९ ) । यही प्राबधान बमोजिम प्रत्येक जिल्लामा सञ्चालित सामुदायिक तथा सस्थागत विद्यालयहरुमा जिल्ला स्तरीय परीक्षा सञ्चालन भइरहेको पाइन्छ ।

### १.१.१ सामाजिक शिक्षाको अवधारणा

सामाजिक अध्ययन विषयको शुरुवात सर्वप्रथम अमेरिकाबाट भएको हो । सन १८९२ मा यसलाई सामाजिक ज्ञान नामाकरण गरियो । त्यस वेला सामाजिक अध्ययन विषयमा इतिहाँस, अर्थशास्त्र र राजनीतिशास्त्र मात्र समावेश थिए । अमेरिकी विद्यालयहरुमा सन १९२० देखि १९५५ सम्मको समयलाई सामाजिक ज्ञानको युग मानिन्छ । विस्तारै विश्वका अन्य मुलुकहरुमा पनि यसको लोकप्रियता वढ्दै गयो । नेपालमा सामाजिक विषयको प्रारम्भ वेदहरुको शुरुवात सँगै भएको र सामाजिक नीति नियमका कुराहरु विभिन्न धार्मिक ग्रन्थहरुमा पनि झल्किएको देखिन्छ । गुरुकुल, ऋृषीकुल, मदरसा, गुम्वाहरुबाट दिइने शिक्षा पनि सामाजिक अध्ययनसँग सम्वन्धित देखिन्छ ( शैक्षिक जनशक्ति विकास केन्द्र २०६५) ।

राणा शासनको शुरुवातसँगै शुरु भएको औपचारिक शिक्षाको पाठ्यक्रममा सामाजिक अध्ययन विषयलाई छुट्टै विषयको रुपमा समावेश गरिएको थिएन । प्रजातन्त्रको आगमनसँगै शिक्षा क्षेत्रमा दिशावोधका लागि सरदार रुद्रराज पाण्डेको अध्यक्षतामा गठन भएको राष्ट्रिय शिक्षा योजना आयोगको नेपालमा शिक्षा नामक प्रतिवेदन २०११ ले सर्वप्रथम प्राथमिक र माध्यमिक दुवै तहमा सामाजिक विषयलाई समावेश गर्न सिफारीस गरेको थियो र त्यसै साल देखि सामाजिक शिक्षाको अध्ययन शुरु भयो । वि.स.२०१८ सालमा तत्कालीन शिक्षामन्त्री विश्वबन्धु थापाको अध्यक्षतामा गठन भएको सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिले प्राथमिक तथा माध्यमिक तहमा १०० पूर्णाङ्कको सामाजिक शिक्षा अनिवार्य विषयको रुपमा

र उच्च माध्यमिक तहमा सामाजिक शिक्षा विषयलाई ऐच्छिक विषयको रुपमा सिफारीस गरेको थियो । वि.स.२०४७ सालमा प्रजातन्त्रको पुनर्वहालीसँगै शिक्षा प्रणालीमा समसामयिक परिवर्तन गर्न तत्कालीन शिक्षा मन्त्रीको अध्यक्षतामा गठन भएको राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले सामाजिक शिक्षा विषयलाई वातावरण स्वास्थ्य शिक्षासँग समावेस गरेको थियो । कक्षा ४ र ५ मा मेरो देश नामबाट १०० पूर्णाङ्कको सामाजिक विषय राखिएको थियो । निम्न माध्यमिक तथा माध्यमिक तहमा १०० पूर्णाङ्कको सामाजिक शिक्षा विषय समावेश गरिएको थियो ।

हाल प्राथमिक तहको कक्षा १-३ मा १०० पुर्णाङ्कको सामाजिक अध्ययन तथा सिर्जनात्मक कला विषयलाई समावेस गरिएको छ भने कक्षा ४ र ५ मा ७५ पूर्णाङ्कको सामाजिक विषयलाई छुट्टै विषयको रुपमा समावेस गरिएको छ ( प्राथमिक शिक्षा पाठ्यक्रम २०६५) । निम्न माध्यमिक तहमा १०० पूर्णाङ्कको सामाजिक अध्ययन विषयलाई समावेस गरिएको छ ( निम्न माध्यमिक शिक्षा पाठ्यकम, २०५८) । त्यस्तै माध्यमिक तहमा १०० पुर्णाङ्कको सामाजिक अध्ययन विषयलाई समावेस गरिएको छ ( माध्यमिक शिक्षा पाठ्यकम, २०६४) ।

सामाजिक अध्ययन विषय एउटा विषय नभएर विभिन्न विषयको एकीकृत रुप हो । सामाजिक अध्ययनको केन्द्रविन्दु मानव स्वयं, मानवको अन्य मानवसँगको सम्वन्ध र प्रकृतिसितको सम्वन्ध हो । यसले मानवीय सम्वन्धको विवेचना गर्दछ । मानिसको ब्यक्तिगत, पारिवारिक एवं सामाजिक सम्वन्ध पनि यस अर्न्तगत पर्दछ । असल नागरिकको विकास गर्नु, सामाजिक चरित्रको विकास गर्नु, विगतको सभ्यताको प्रयोग गरेर वर्तमानलाई स्पष्ट पार्नु, बालबालिकाहरुमा सामाजिक जीवन व्यतीत गर्न चाहिने विभिन्न अभिवृत्ति र सीपको विकास गर्नु, आफ्नोपनको भावनाको विकास गर्नु, परस्पर निर्भरताको भावनाको विकास गर्नु, बालबालिकाहरुलाई भौतिक वातावरणको ज्ञान दिनु नै सामान्यत सामाजिक अध्ययन विषयका उद्देश्यहरु हुन ।

कक्षा ८ को सामाजिक अध्ययन विषयको पाठ्यक्रम हामी, हाम्रो समुदाय र राष्ट्र, हाम्रा विकासको पूर्वाधारहरु, हाम्रो परम्परा सामाजिक मूल्य र मान्यताहरु , समाज, सामाजिक समस्या र विकृति, नागरिक दायित्व, हाम्रो पृथ्वी, मानव सभ्यता र हाम्रो विगत, हाम्रो आर्थिक क्रियाकलाप, हाम्रो अन्तरराष्ट्रिय सहयोग भन्ने नौं वटा क्षेत्रलाई समेटेर


एकीकृत रुपमा तयार गरिएको छ । यी नै नौ वटा क्षेत्रका आधारमा कक्षा ८ को सामाजिक अध्ययन विषयका साधारण उद्देश्यहरु निर्धारण गरिएका छन् उक्त उद्देश्यहरुमा  नेपालका ५ वटा विकास क्षेत्रहरुको परिचय दिई तीनीहरुको आवश्यकता र महत्व बताउनु, आ-आफ्नो विकास क्षेत्रका विकास कार्यहरुको सूची वताउन र क्षेत्रीय विकास कार्यहरुमा  सहभागी हुनु, आआफ्नो विकास क्षेत्रका पूर्वाधारहरु शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, विद्युत र खानेपानीको सदुपयोग र संरक्षण गर्नु, सामाजिक मूल्य र मान्यतानुसार हाम्रा धार्मिक परम्परा चाडपर्व र राष्ट्रिय सम्पदाको पहिचान गरी तिनीहरुको संरक्षण र सम्वर्धन गर्नु, विकासका लागि उपयुक्त जनशक्ति पहिचान गरी तिनीहरुको कार्यमा सहयोग पु-याउनु, राष्ट्रिय तथा अन्तरराष्ट्रिय व्यक्तित्वहरुको पहिचान गरी उनीहरुवाट निर्देशित कार्यको प्रतिपालन गर्नु, हाम्रा सामजिक सङ्घसस्थाहरुवाट देश विकासका लागि भए गरेका कार्यहरुको पहिचान गरी सामुदायिक कार्यमा सहभागी हुनु, नेपालको विविध सामाजिक प्रचलन, असमनता र सामाजिक समस्याहरुको पहिचान गरी तिनीहरुबाट उल्भ्रेका विकृतिहरुको निवारण गर्ने कार्यमा सहयोग गर्नु, वालअधिकार र कर्तव्यहरुको विश्लेषण गरी नागरिक दायित्व अभिवृद्धि गर्नु, हाम्रा संवैधानिक अंङ्गहरुको काम,कर्तव्य, अधिकारको उल्लेख गर्नु, धरातलीय स्वरुपमा परिवर्तन ल्याउने तत्वहरुको पहिचान गर्नु, पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र सुदुरपश्चिमाञ्चल का तिनैवटा विकास क्षेत्रका भौतिक परिवर्तनको कारण त्यहको सामाजिक तथा आर्थिक स्थितिमा उत्पन्न हुने समस्या पहिचान गरी त्यसवाट वच्ने उपायहरु अवलम्वन गर्नु, पश्चिमाञ्चल र सुदुरपश्चिमाञ्चल क्षेत्रका नक्सा, अफ्रिका, उत्तर अमेरिका र दक्षिण अमेरिका महादीपहरुको प्राकृतिक अवस्था र सामाजिक जनजीवन प्रस्तुत गर्नु, ऐतिहासिक क्रमले आधुनिक कालको पहिचान गरी शाहवंशीय राजाहरु र राणा प्रधानमन्त्रीहरुका कार्यकालमा भएका सामाजिक सुधारहरुको वर्तमान अवस्थासग तुलनात्मक अध्ययन गर्नु, रोमको सभ्यता तथा पुनर्जागरण कालमा भएका सामाजिक आर्थिक, र राजनीतिक सुधारहरुवाट मानवीय सभ्यतामा भएको परिवर्तन पहिचान गरी जीवनसापेक्ष बनाउनु, कृषि उत्पादन र तिनका प्रमुख क्षेत्रहरु तयार गर्न र औधोगिक क्षेत्रहरुको पहिचान गरी कृषि र उद्योगबीचको आपसी सम्वन्ध देखाउनु, देशमा भईरहेको साना, मभ्रौला, ठूला उद्योगहरुवाट सामाजिक उपलब्धिहरुको पहिचान गरी आर्थिक उन्नति गर्ने कार्यतिर अभिप्रेरित हुनु, हाम्रा मित्रराष्ट्रहरुसँगको सम्वन्ध र सहयोगको उल्लेख गरी राष्ट्रिय हित

अनुकूल उपयोग गर्नु र नेपालले अन्तराष्ट्रिय स्तरमा पुऱ्याएको योगदानको उल्लेख गर्नु रहेका छन् ।

उपर्युक्त उद्देश्यहरु पुरा गर्न प्रश्नोत्तर, प्रदर्शन समस्यासमाधान, प्रस्तुतीकरण, छलफल, अवलोकन, खोज, अभिनय लगायतका शिक्षण विधिहरुको प्रयोग गरी विद्यार्थीहरुलाई शिक्षण गरिन्छ । मुख्यतया सामाजिक अध्ययन विषयमा विद्यार्थीलाई गर र सिक भन्ने धारणाको अभिवृद्धि गराउन खोजिएको छ । कक्षा ८ को सामाजिक अध्ययन विषयको मूल्याङ्कनका प्रकारहरुमा  निरन्तर मूल्याङ्कन, एकाई परीक्षा, त्रैमासिक परीक्षा, वार्षिक परीक्षा र अवलोकनलाई आधार मानिएको छ । मूल्याङ्कन प्रक्रियामा ७५ पूर्णाङ्कको लिखित परीक्षा र २५ पूर्णाङ्कको प्रयोगात्मक परीक्षा हुने, विद्यार्थीहरले प्रयोगात्मक र सैद्धान्तिक दुवैतर्फ उत्तीर्ण हुने अनिवार्य व्यवस्था गरेको छ (निम्न माध्यमिक शिक्षा पाठ्यक्रम २०५८) ।

मुन्रोको विचारमा सामाजिक शिक्षाले मानव सम्वन्धसँग सोभै सम्वन्धित विषय समेटेको हुन्छ । सामाजिक अध्ययनको क्षेत्र ब्यक्ति, परिवार, छरछिमेक, स्थानियस्तर, जिल्लास्तर, क्षेत्रस्तर, राष्ट्रियस्तर र अन्तराष्ट्रियस्तर सम्म फैलिएको हुन्छ । यसले विद्यार्थीलाई आफ्नो ब्यक्तिगत, पारिवारिक जीवनका समस्या देखि लिएर अन्तराष्ट्रिय समस्या वुभ्‍न मद्धत गर्दछ ।

**सामाजिकअध्ययन भित्र समावेश भएका विषयहरु**



यसै परिप्रेक्ष्यमा जिल्लास्तरीय परीक्षाको सामाजिक अध्ययन विषयमा केन्द्रित भई विद्यार्थीहरुको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन गरिएको छ  शोध कार्यका लागि भोजपुर जिल्लाको श्री विद्योदय उ.मा.वि. भोजपुर स्रोतकेन्द्रलाई आधार मानिएको छ ।

## १.२ समस्याको कथन

सामाजिक अध्ययन विषय विद्यालय तहमा अनिवार्य विषयको रुपमा राखिएको छ । यस विषयको मूख्य उदेश्य ब्यक्ति, परिवार, छरछिमेक, समाज, जिल्ला, क्षेत्र, राष्ट्रिय र अन्तराष्ट्रिय परिवेशको जानकारी दिदैं सामाजिक मेलमिलाप, सहयोग, अर्न्तनिर्भरता र भातृत्वमा जोड दिनु हो । सामाजिक अध्ययन विषयले सहज जीवनयापन र सामाजिकीकरणमा सहयोग पुऱ्याउछ । यस विषयको सिकाइ उपलब्धी कमजोर हुनु भनेको यस विषयका अपेक्षित उद्देश्यहरु पूर्णरुपमा हाँसिल हुन नसक्नु हो ।

विद्यालय तहमा सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धी स्थिति कस्तो छ ? संस्थागत र सामुदायिक विद्यालयको सामाजिक विषयको सिकाइ उपलब्धीमा फरक छ छैन ? छात्र र छात्राहरुको सिकाइ उपलब्धीमा फरक हुन्छ कि हुदैन ? भन्ने प्रश्न अहिले समसामयिक र जल्दोबल्दो रुपमा रहेको छ । हाल नेपाल लगायत विश्व परिवेशमै सामाजिकीकरण, सहयोग र भातृत्वको स𝒮𝒻असहयोग, अविश्वास, हत्या, हिंसा बढीरहेको छ । यो सवै सामाजिक ज्ञानको अभावको फलस्वरुप सिर्जना भएको हो । सामाजिक विषयमा सिकाइ उपलब्धी उच्च भएमा निश्चयनै भोलिका दिनहरुमा सामाजिक सदभाव, सहयोग अभिवृद्धि हुनेछ तसर्थ मानिसलाई सामाजिकीकरणमा डोहोऱ्याउने सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धीको तुलनात्मक अध्ययन गर्नु वर्तमान सन्दर्भमा अत्यावस्यक छ । अतः जिल्ला स्तरीय परीक्षाको सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धी (संस्थागत र सामुदायिक विद्यालय  तथा छात्र र छात्रा वीच) को तुलनात्मक अध्ययन एवं सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धीमा प्रभाव पार्ने तत्वहरुको पहिचान गरी सुधारका उपाय प्रस्तुत गर्नु लाई मूख्य समस्याको रुपमा लिई यस अध्ययनको बिषय सामाजिक अध्ययन विषयमा विद्यार्थीहरुले प्राप्त गरेको सिकाइ उपलब्धीको तुलनात्मक अध्ययन राखिएको छ ।

## १.३ अध्ययनको औचित्य

विद्यालय शिक्षाको फलामे ढोकाको रुपमा मानिने एस.एल.सी.परीक्षा भन्दा दुई शैक्षिक सत्र अगाडि नि.मा.तहको अन्तमा लिइने जिल्ला स्तरीय परीक्षा विद्यालय तहको

पहिलो प्रमाणिक परीक्षा हो । यसको प्रश्न पत्र शिक्षकहरु लगायत विज्ञ समूहबाट निर्माण गरिएको हुन्छ र जिल्ला भरका सवै विद्यालयहरुमा एकै पटक सञ्चालन गरिन्छ । जिल्ला स्तरीय परीक्षा भएको कारणले यसको सिकाइ उपलब्धीको तुलनात्मक अध्ययन गर्नु शैक्षिक दृष्ट्रिकोणले व्यवहारिक हुन्छ ।

कक्षा ८ को अन्तमा लिइने जिल्ला स्तरीय परीक्षा २०४९ साल देखि शुरु भए तापनि भोजपुर जिल्लामा यसको सिकाइ उपलब्धिको बारेमा तुलनात्मक अध्ययन अनुसन्धान भएको पाइएन । अझ सामाजिक मूल्य मान्यता, ज्ञान, सीप, अभिवृद्धि गरी समाजमा पारस्परिक सहयोग, प्रेम, भातृत्व, अन्तरनिर्भरता जस्ता सामाजिक गुणहरुमा जोड दिई सहज जीवनयापनमा सहयोग पुऱ्याउने एक मात्र विषय सामाजिक अध्ययनको बारेमा तुलनात्मक अध्ययन गर्नु शैक्षिक एवम सामाजिक दृष्ट्रिकोणबाट सान्दर्भिक देखिन्छ । सामाजिक अध्ययन विषयको उपलब्धी सन्तोषजनक नभएको र यसको उपलब्धीमा प्रभाव पार्ने तत्वहरुको खोजी गर्नु औचित्यपूर्ण हुन्छ ।

अर्को तर्फ सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयमा विद्यार्थीहरुको आकर्षण बढ्दो छ । अभिभावकहरु आफ्ना वालवालिकाहरुलाई राम्रा राम्रा संस्थागत विद्यालयमा पढाउन होडबाजी गरिरहेका छन् । यस परिप्रेक्ष्यमा संस्थागत र सामुदायिक विद्यालयको सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धीको तुलनात्मक अध्ययन गर्नु सान्दर्भिक छ । त्यसै गरी आधा आकास ओगट्ने महिला बर्ग हरेक क्षेत्रमा पिछडिएकोले विद्यालय शिक्षामा छात्राहरुलाई प्रोत्साहन गर्न छात्रबृत्ति लगायत विभिन्न उपायहरुको अवलम्वन गरिएको छ । यस स्थितिमा छात्राहरुको सिकाई उपलब्धी स्थिति  छात्रहरुसँग तुलनात्मक अध्ययन गरि वास्तविक स्थिति पत्ता लगाउन आवश्यक देखिन्छ । यिनै विभिन्न सान्दर्भिक र जल्दावल्दा विषयमा यस अध्ययनलाई केन्द्रित गरि जिल्ला स्तरीय परीक्षाको सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धीको वास्तविक स्थिति पत्ता लगाइने र सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धीमा प्रभाव पार्ने तत्वहरुको पहिचान गरि समस्याका उपायहरु समेत प्रस्तुत गरिने तथा यस अध्ययनले शिक्षक, विद्यार्थी, अभिभावक, शैक्षिक प्रशासक, पाठ्यक्रमविदलाई सहयोग पुऱ्याउने भएकोले यस अध्ययन औचित्यपूर्ण मानिनेछ ।

## १.४ अध्ययनका उद्देश्यहरु

यस अध्ययनका उद्देश्यहरु निम्न लिखित छन् :

(क) संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरुको सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धीको तुलना गर्नु ।

(ख) छात्र र छात्राको सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धीको तुलना गर्नु ।

(ग) सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिमा प्रभाब पार्ने तत्वहरुको पहिचान गरी सुधारका उपायहरु सुझाउनु ।

## १.५ अनुसन्धानका प्रश्नहरु

(क) जिल्ला स्तरीय परीक्षामा सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धीको स्तर के- कस्तो छ ?

(ख) संस्थागत र सामुदायिक विद्यालय वीच सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धीमा फरक हुन्छ कि हुँदैन ?

(ग) छात्र र छात्राको सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धीमा के फरक छ ?

(घ) के कारणले सिकाइ उपलब्धी फरक- फरक हुन्छ ?

(ङ) सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धीमा प्रभाव पार्ने तत्वहरु के के हुन ?

(ङ) विद्यालयमा शैक्षिक सामाग्रीहरु उपलब्धता कस्तो छ ?

(च) के सबै विद्यालयहरुमा तालिम प्राप्त शिक्षकहरु छन् ?

(छ) सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धी बृद्धि गर्न के कस्तो उपाय आवस्यक छ ?

## १.६ अध्ययनको परीसिमा

यस अध्ययनको क्षेत्र ब्यापक भए पनि स्रोत, साधन र समयलाई मध्यनजर गर्दै निम्नलिखित परीसिमा भित्र रही गरिएकोछ ।

(क) यो अध्ययन भोजपुर जिल्लाको विद्योदय उ.मा.वि.भोजपुर स्रोतकेन्द्रमा सीमित रहेको छ ।

(ख) विद्योदय उ.मा.वि.भोजपुर स्रोतकेन्द्रका संस्थागत र सामुदायिक विद्यालयमा अध्ययन सीमित रहेको छ ।

(ग) यस अध्ययनलाई जिल्लास्तरीय कक्षा ८ को परीक्षामा विद्यार्थीहरुले सामाजिक अध्ययन विषयमा प्राप्त गरेको २०६६, २०६७ र २०६८ को नतिजामा सीमित गरिएको छ ।

## १.७ महत्त्वपूर्ण शब्दहरुको परिभाषा

जिल्लास्तरीय परीक्षा : जिल्लास्तरीय परीक्षा समितिबाट कक्षा ८ को अन्तमा लिईने परीक्षा ।

सिकाइ उपलब्धि : विद्यार्थीहरुले कक्षा ८ को अन्तमा लिईने जिल्ला स्तरीय परीक्षामा प्राप्त गरेको प्राप्ताङ्क ।

संस्थागत विद्यालय : अध्ययन क्षेत्रमा सरकारी अनुदान नपाउने गरी अनुमति पाई सञ्चालनमा रहेका विद्यालयलाई जनाउँछ ।

सामुदायिक विद्यालय : अध्ययन क्षेत्रका सरकारी अनुदान पाउने गरी अनुमति वा स्वीकृती पाई सञ्चालनमा रहेका विद्यालयलाई बुझ्नुपर्दछ ।

तृतीय श्रेणी : ३२ प्रतिशत देखि ४४ प्रतिशत सम्मको अङ्क ।

द्वितीय श्रेणी : ४५ प्रतिशत देखि ५९ प्रतिशत सम्मको अङ्क ।

प्रथम श्रेणी : ६० प्रतिशत भन्दा माथिको अङ्क ।

# परिच्छेद : दुई

## सैद्धान्तिक खाका र सम्बन्धित साहित्यको पुनरावलोकन

### २.१.. अध्ययनको सैद्धान्तिक खाका

कुनै पनि विषयमा विद्यार्थीहरुले प्राप्त गरेको ज्ञान, सीप वा बोधलाई मापन गर्न तयार गरिएको परीक्षणलाई उपलब्धि परीक्षण भनिन्छ । उपलब्धि परीक्षणले विद्यार्थीहरुले प्राप्त गरेको उपलब्धिको मापन गर्दछ । यसरी उपलब्धि मापन गर्ने विभिन्न सिद्धान्त तथा तरिकाहरु प्रतिपादन भएपनि रसायन शास्त्र र भौतिक विज्ञान जस्तो कुनै पनि सिद्धान्त शत्प्रतिशत ठीक र शत्प्रतिशत बेठीक पनि हुँदैनन् । अतः यस अध्ययनसँग मिल्दाजुल्दा देखिएका र यस अध्ययनलाई सहज बनाउने केही दार्शनिक एवम् शिक्षाविद्हरुले परीक्षण गरी प्रतिपादन गरेका केही सिद्धान्त निम्नानुसार उल्लेख  गरिएको छ ।

बान्दुराका (१९७७) अनुसार मानिस विवेकशील प्राणी हो । बालक भविष्यमा जे बन्नु पर्ने हो त्यो समाजबाटै सिक्दछ । बुबा, आमा, छरछिमेक, साथीभाइ, शिक्षक तथा अन्य विभिन्न व्यक्तिहरुको व्यवहार अवलोकन गरेर आफूले पनि त्यस्तै व्यवहारको पुनरावृत्ति गर्दछ । मानव व्यक्तित्व विकासमा अवलोकन र अनुकरणात्मक सिकाइको महत्वपूर्ण भूमिका छ । नयाँ व्यवहार प्राप्तिमा ज्ञानात्मक एवम प्रतीकात्मक कार्य गर्ने तरिकाको अति महत्व छ । तादात्मीकरण त्यस्तो प्रक्रिया हो, जसमा सिकारुहरु अरुका गुण, व्यवहार, विशेषताहरुलाई आफ्नै ठानेर सोच्ने अनुभव एवम् व्यवहार गर्ने हुन्छन् । उनका अनुसार जीवित एवम् साङ्केतिक नमुनाद्धारा प्रदर्शित कार्यहरु प्रवृति तथा संवेग प्रक्रियाहरुलाई कुनै व्यक्ति वा बालकले उतार्न खोज्ने प्रवृत्तिलाई तादात्मीकरण भनिन्छ । मानिसका भविष्यका व्यवहारको निर्धारणमा उसका विगतका व्यवहारले पनि प्रभाव पार्दछ । विगतका व्यवहारको प्रयोग र पुनर्वलमा भर पर्दछ । पुनर्वलले अन्य व्यवहार अवलोकन गरी आफ्नो व्यवहारमा परिवर्तन ल्याउँछ ।

सामाजिक सिकाइको अर्थ नै अन्य वस्तु, बूढापाका, विद्धान र विभिन्न सीप भएकाहरुको आदर्श र व्यवहारलाई नमुना मानी आफै पनि त्यस्तो व्यवहार अभ्यास गरी सिक्ने प्रक्रिया हो । आफ्नो अन्तर्दृष्टि तथा ज्ञानात्मक क्षमतासमेत प्रयोग गरेर सामाजिक व्यवहार पहिचान गरी सिक्ने गरिन्छ । अनुकरणबाटै सिक्ने हुनाले यस सिद्धान्तलाई अनुकरण

सिकाइ सिद्धान्त, तादात्मीकरण सिकाइ सिद्धान्त र सामाजिक सिकाइ सिद्धान्त पनि भनिन्छ। उनका अनुसार सिकाइलाई प्रभाव पार्ने नमुनाहरुमा ध्यानात्मक प्रकिया, धारणा प्रकिया, कियात्मक पुनः उत्पादन प्रकिया, पुनर्वल र अभिप्रेरणात्मक प्रकिया रहेका छन् भने सामाजिक सिकाइमा प्रभाव पार्ने तत्वहरुमा नमुना वातावरण, नमुना व्यवहार, सिकारुको भूमिका, पुरस्कार र दण्डको भूमिका प्रमुख मानिएको छ (भट्टराई ,२०६१)।

विनेट, (१९१६) ले सामान्य बौद्धिक परीक्षणका लागि स्कटल्याण्डमा ५०० छात्र र ५०० छात्राको परीक्षण उपलब्धि गर्दा कुनै खास फरक पाएनन्। उनले फेरि १९२६ मा पुनः ४४४ जना छात्र ४३० जना छात्राको उपलब्धि परीक्षण गर्दा उपलब्धिमा समानता रहेको पाए । विनेटले १९३७ मा अङ्क गणित तर्कशास्त्रको बारेमा अध्ययन गर्दा हरेक उमेरसमूहका छात्राहरुभन्दा छात्रहरुको उपलब्धि उच्च रहेको पाए। सेरिड , (१९९३) ले गरेको अध्ययन अनुसार गणित, विज्ञान र अंग्रेजी विषयको शैक्षिक उपलब्धि सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका छात्रछात्राको उच्च रहेको बताइएको छ । । टरमेन र टेलर ( १९४२ ) अनुसार वौद्धिकतामा लैङ्गिक विभेद रहेको पाइए तापनि मानसिक खुबी छुट्याउन कुनै ठोस मानवीय सूचकको बारेमा उल्लेख गरेको पाईएको छैन । उनीहरुका अनुसार छात्राहरु मौखिक समस्यामा अगाडि रहेका छन । विश्वव्यापीरुपमा छात्राहरु भाषिक दक्षतामा अगाडि छन् भने छात्रहरु विज्ञान र गणितमा अगाडि छन्। त्यस्तै मेकानिकल कार्यमा छात्रहरु अगाडि रहेका छन भने संवेदनशील सोचाइमा छात्राहरु अगाडि छन्। बालकको उमेरले मानसिक क्षमतामा फरक पार्दछ (गौतम, २०६७)।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि अध्ययन अनुसन्धान गर्दा सम्बन्धित साहित्यको अध्ययनबाट सहयोग पुग्दछ। सम्बन्धित साहित्य भनेको अध्ययन अनुसन्धानसँग सम्बन्धित विषयवस्तुमा गरिएको शोध, अध्ययन वा अनुसन्धान भन्ने बुझिन्छ। जिल्ला- स्तरीय परीक्षामा सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धि सम्बन्धी अध्ययन अनुसन्धान नभएको तथा यस अध्ययनसँग मिल्ने साहित्यको अभाव भए पनि यस्तै अध्ययन-सँग सम्वन्धित केही साहित्यको अध्ययन गरिएको छ जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

पौडेल, (२०६५) द्वारा सिन्धुपाल्चोक जिल्लाको निजी तथा सामुदायिक विद्यालयहरुमा शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन शीर्षकमा एउटा शोधकार्य गर्नुभएको पाइयो । जसमा सिन्धुपाल्चोक जिल्लाका दुईवटा निजी विद्यलयहरु र दुईवटा सामुदायिक विद्यालयहरुको मिति २०५९-२०६३ आधार बनाएर अध्ययन गरिएको छ । उक्त शोधमा निजी र सामुदायिक विद्यालयहरुको उत्तीर्ण श्रेणी, लिङ्ग र जात जातिका आधारमा एस.एल.सी. परीक्षाको विगत ५ बर्षको नियमित तर्फको परीक्षाफलको आधारमा तालिका प्रस्तुति र विश्लेषण गरिएको छ । छनौट भएका विद्यालयहरुको विगत चार बर्षको एस्.एल्.सी.परीक्षाको परीक्षाफलसँग सिन्धुपाल्चोक जिल्लाको विगत चार बर्षको परीक्षाफलको तुलना गरी विश्वसनियता निकालिएको छ । साथै छनौट भएका विद्यालयहरुको शिक्षक विवरण विद्यार्थी विवरण, आयव्ययसमेत देखाइएको छ । शोध अनुसार सामुदायिक विद्यालयहरुमा नेपाल सरकारको ठूलो लगानी भएर पनि प्रतिफलमा खासै सुधार आउन सकेको छैन । विगत पाँच बर्षको सामुदायिक विद्यालयको कुल उत्तीर्ण प्रतिशत ५१ र निजी विद्यालयको कुल उर्त्तीण प्रतिशत ९१ रहेको छ । निजी विद्यालयहरुले भौतिक तथा मानवीय साधनहरुलाई बढी भन्दा बढी उपयोग गर्ने गरेको र सामुदायिक विद्यालयको तुलनामा निजी विद्यालयको शैक्षिक उपलब्धि राम्रो रहको छ । सामुदायिक विद्यालयहरुले पनि अगामी दिनहरुमा स्रोतसाधनहरुलाई सकेसम्म बढी भन्दा बढी प्रयोग गर्न निरन्तररुपमा लाग्नु पर्ने सुझाव प्रस्तुत गर्नु भएको छ ।

भण्डारी, (२०६३ ) ले  गुल्मी जिल्लाको संस्थागत तथा सामुदायिक विद्यालयका टेष्ट परीक्षाको गणित विषयको विद्यार्थीहरुले प्राप्त गरेको उपलब्धिको तुलनात्मक अध्ययन शीर्षकमा एउटा शोधकार्य गर्नुभएको पाइयो । उक्त शोधका लागि परिमाणात्मक र गुणात्मक दुवै विधिहरु अपनाइएको र विद्यालयको छनौट गर्दा ग्रामीण क्षेत्रका संस्थागत दुई र सामुदायिक दुई, सहरीक्षेत्रका  संस्थागत दुई र सामुदायिक दुई विद्यालयहरुलाई सम्भावनायुक्त नमुना विधिका आधारमा छनोट गरिएको थियो । शिक्षक, विद्यार्थीहरुको छनौट पनि सम्भावनायुक्त नमुना छनौट विधिका आधारमा गरिएको थियो । निश्कर्षमा संस्थागत विद्यालयको गणित विषयको औसत उपलब्धि ६७.५१ प्रतिशत र सामुदायिक विद्यालयको गणित विषयको औसत उपलब्धि ३१.७५ प्रतिशत रहेको । सहरी क्षेत्रका विद्यार्थीको औसत उपलब्धि ४८.८१ प्रतिशत र ग्रामीण क्षेत्रका विद्यार्थीहरुको औसत उपलब्धि ४९.२५ प्रतिशत रहेको । छात्राहरुको शैक्षिक उपलब्धि ४८.२५ प्रतिशत र छात्रको

शैक्षिक उपलब्धि ५१ प्रतिशत रहेको । समग्रमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको उपलब्धि उच्च रहेको , सहरी र ग्रामीण क्षेत्रका र छात्रछात्राको उपलब्धिमा खासै भिन्नता नरहेको । गणित विषयको शिक्षणमा शिक्षक तालिमको अभाव, अतिरिक्त पाठ्यपुस्तकको अभाव, शैक्षिक सामग्रीको अभाव रहेको । उल्लेखित समस्या समाधान गर्न शिक्षकहरुले शिक्षकहरुलाई तालिमको व्यवस्था, अतिरिक्त पाठयपुस्तकको व्यवस्था, शिक्षण सामग्रीको व्यवस्था, तल्लो कक्षादेखि नै गणित विषयलाई प्रभावकारी बनाउन विद्यार्थी केन्द्रित विधिहरुको प्रयोग गर्नु पर्ने लगायत सुझाव प्रस्तुत गर्नुभएको छ ।

काफ्ले, (२०६०) द्वारा काठमाण्डौ जिल्लाको सामुदायिक र संस्थागत विद्यालयको कक्षा ८ को जिल्लास्तरीय परीक्षामा नेपाली विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धिको तुलनात्मक अध्ययन नामक शोध गर्नुभएको पाइयो । शोधमा लागि परिमाणात्मक र गुणात्मक दुवै विधिहरु अपनाइएको र अध्ययनलाई काठमाडौं जिल्ला सहरी क्षेत्रका संस्थागत दुई र सामुदायिक दुई, ग्रामीण क्षेत्रका संस्थागत दुई र सामुदायिक दुई विद्यालयमा सीमित गरिएको थियो । विद्यालय, विद्यार्थीहरु लगायत नमुना छनौट सम्भावनायुक्त नमुना छनौट विधिको आधारमा गरिएको थियो । प्रश्नावली,अन्तर्वार्ताहरुबाट प्राथमिक तथ्याङ्क लिइएको थियो भने द्वितीय तथ्याङ्कको रुपमा जिल्ला स्तरीय परीक्षाको नतिजालाई लिइएको थियो । शोधको निष्कर्षमा सामुदायिक विद्यालयको नेपाली विषयको औसत उपलब्धि २७.७३ प्रतिशत र संस्थागत विद्यालयको औसत उपलब्धि ४९.६३ प्रतिशत रहेको । ग्रामीण क्षेत्रको विद्यालयको औसत उपलब्धि ३५.४ प्रतिशत र सहरी क्षेत्रको विद्यालयको औसत उपलब्धि ४१.९६ प्रतिशत रहेको । छात्रहरुको औसत उपलब्धि ४०.८० प्रतिशत र छात्राहरुको औसत उपलब्धि ३६.७७ प्रतिशत रहेको । नेपाली विषयको शिक्षणमा देखीएका समस्याहरुमा सन्दर्भ सामग्रीको अभाव, घोकन्ते प्रवृत्ति, सृजनात्मकताको अभाव, तालिम प्राप्त शिक्षकको अभाव प्रमुख रुपमा रहेको । उल्लेखित समस्या समाधानका लागि पाठ्यक्रम सर्वसुलभ रुपमा उपलब्ध गराउनु पर्ने, शैक्षिक सामग्रीको यथेष्ट व्यवस्था गर्नु पर्ने, शिक्षकलाई तालिम दिनुपर्ने, कक्षाकोठामा ३५ भन्दा कम विद्यार्थी सङ्ख्या राखिनुपर्ने लगायतका सुझाव प्रस्तुत गर्नुभएको छ ।

गुरुङ, (१९९६) ले लमजुङ जिल्लाका विद्यार्थीहरुको set concept को तुलनात्मक अध्ययन विषयमा शोध गर्नु भएको पाइयो । उक्त शोधका उद्देश्यहरुमा सामुदायिक र

संस्थागत विद्यालयका विद्यार्थीहरुको उपलब्धिको तुलना गर्नु, कक्षा ५ र ६ का विद्यार्थीहरुको उपलब्धिको तुलना गर्नु र सहरी र ग्रामीण क्षेत्रका विद्यार्थीहरुको उपलब्धिको तुलना गर्नु रहेका थिए । उक्त उद्देश्यहरु पूरा गर्न अध्ययनलाई लमजुङ जिल्लामा सीमित गरिएको थियो । नमुना छनौट गर्दा सहरी क्षेत्रका कक्षा ५ का ४५ जना र कक्षा ६ का ३४ जना र ग्रामीण क्षेत्रका कक्षा ५ का २३ जना र कक्षा ६ का २८ जना विद्यार्थीहरुको सम्भावनायुक्त नमुना छनोट विधिको आधारमा गरिएको थियो । अध्ययन- अनुसार सामुदायिक विद्यालयको तुलनामा निजी विद्यालयको विद्यार्थीको औसत उपलब्धि उच्च रहेको, ग्रामीण क्षेत्रका विद्यार्थीका तुलनामा सहरी क्षेत्रका विद्यार्थीको औसत उपलब्धि उच्च रहेको, कक्षा ५ को तुलनामा कक्षा ६ का ग्रामीण, सहरी र निजी विद्यालयका विद्यार्थीहरुको set concept मा प्राप्त गरेको उपलब्धि उच्च रहेको उल्लेख छ ।

पौडेल, (२०६५) ले कास्की जिल्लाका सामुदायिक र संस्थागत विद्यालयहरुमा जिल्ला स्तरीय परीक्षाको विज्ञान विषयमा विद्यार्थीले प्राप्त गरेको शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन विषयमा शोध गर्नुभएको पाइयो । अध्ययनलाई कास्की जिल्लामा सीमित गरिएको थियो । विद्यालय, शिक्षक, विद्यार्थी, अन्य उत्तरदाताहरुको छनौट सम्भावनायुक्त नमुना छनौट विधिवाट गरिएको थियो । अध्ययन अनुसार सामुदायिक विद्यालयको छात्रछात्राको तुलनामा संस्थागत विद्यालयका छात्र छात्राको औसत उपलब्धि उच्च रहेको । छात्र र छात्राको औसत उपलब्धिमा समानता रहेको । विज्ञान विषय शिक्षणमा प्रभाव पार्ने तत्वहरुमा विज्ञान प्रयोगशालाको अभाब, शैक्षिक सामग्रीको प्रयोग नहुनु, प्रयोगात्मक कक्षाको छुट्टै व्यवस्था नहुनु, एउटै कक्षामा विद्यार्थी सख्या वढी हुनु, सहायक पाठ्यपुस्तकको अभाव आदि उल्लेख भएको । विज्ञान विषयमा प्रतिकूल प्रभाव पार्ने तत्व निराकरण गर्न हरेक विद्यालयमा विज्ञान प्रयोगशालाको व्यवस्था, शैक्षिक सामग्रीको व्यवस्था, प्रयोगात्मक कक्षाको छुट्टै व्यवस्था, विज्ञान प्रदर्शनीको आयोजना, विद्यार्थी सख्याको आधारमा शिक्षकको व्यवस्था लगायत सुझाव प्रस्तुत गर्नुभएको पाइयो ।

सेरिड, (१९९८) ले Study on management Practice in public and Private School विषयक अनुसन्धान गरेको थियो । जसमा निजी र सार्वजनिक विद्यालयहरुको ब्यवस्थापनको प्रभावकारिताको अध्ययनका लागि काठमाडौं जिल्लामा अध्ययनलाई सीमित गरी सम्भावनायुक्त नमुना छनौट विधिका आधारमा दुईवटा निजी र दुईवटा सार्वजनिक

विद्यालयहरुको छनोट गरेको थियो । अध्ययन अनुसार सार्वजनिक विद्यालयको तुलनामा निजी विद्यालयहरुमा राम्रा सुविधाजनक भवन, कक्षाकोठा , डेक्सवेञ्च भएको, निजी विद्यालय र सार्वजनिक दुवै विद्यालयमा शैक्षिक सामग्री उतिकै भएपनि निजी विद्यालयले बढी प्रयोग गरेको, सार्वजनिक विद्यालयका शिक्षकको भन्दा निजी विद्यालयका शिक्षकहरुको शिक्षणभार बढी भएको, निजी विद्यालयको मुख्य आय स्रोत विद्यार्थी र सार्वजनिक विद्यालयको मुख्य आय स्रोत सरकारी अनुदान भएको । आगामी दिनहरुमा सार्वजनिक विद्यालयहरुले विद्यालयमा भएका स्रोतसाधनहरुको अधिकतम उपयोग गर्दै विद्यालय व्यवस्थापनमा विषेश जोड दिनु पर्ने सुझाव प्रस्तुत भएको छ ।

हेल्मेन, (१९३३) ले १० वर्ष उमेरसमूहको छात्रछात्राको गणित विषयको उपलब्धिको अध्ययन गर्दा छात्राको तुलनमा छात्रको उपलब्धि २.६८ ले उच्च रहेको बताएको छ । लिकोन (१९२७) ले ७ देखि १६ वर्ष उमेर समूहका छात्रछात्राहरुमा गरिएको उपलब्धिमा छात्र र छात्राको बीचमा ज्यादै न्यून र अस्थिररुपमा फरक रहेको उल्लेख छ (पौडेल, २०६५) ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६५) का अनुसार सामाजिक अध्ययन विषयमा एकीकृत भएका विषयहरुले विद्यार्थीहरुमा सामान्यतः भौगोलिक अवस्थिति, प्राकृतिक स्वरुप र हावापानी सम्वन्धी ,आर्थिक कियाकलाप र स्रोत साधन सम्वन्धी, शासन र प्रशासन पद्धति सम्वन्धी , ऐतिहासिक घट्ना र अवस्था सम्वन्धी ,मानवको उत्पति र सभ्यता सम्वन्धी ,मानव समाजको विकास, पारिवारिक जीवन र त्यसको व्यक्तिमा असर सम्वन्धी , मानिसको इच्छा, चाहना र रुचि सम्वन्धी , मानव समाजको विश्वास, दर्शन र दृष्ट्रिकोण सम्वन्धी, अवधारणाहरुको विकास गराउन मद्यत पुऱ्याउँछ (सामाजिक अध्ययन विषयभित्र समावेश भएका विषयहरु अनुसूची १ मा उल्लेख गरिएको छ) ।

पाँडे, (२०५२) का अनुसार सामाजिक अध्ययन विषयको सर्वसम्मत परिभाषा खोज्न कठिन छ । यसको क्षेत्र व्यापक भएकाले यसलाई विभिन्न विद्वानहरुले विभिन्न किसिमबाट परिभाषित गरेका छन् । इनसाइक्लोपेडिया अफ एजुकेशन रिसर्च अनुसार कसैले यो निश्चित गर्नु हुँदैन कि सामाजिक अध्ययन इतिहास, भूगोल र नागरिक शास्त्रको गणितीय योग हो । निश्चय नै यसले यी विषयहरुबाट सामग्री प्राप्त गर्दछ तर यसले त्यस्तो सामग्रीलाई ग्रहण मात्र गर्दछ, जसले मानवको वर्तमान तथा दैनिक जीवनको सम्वन्धलाई

स्पष्ट गर्दछ । यस कुरामा सावधानीपूर्वक ध्यान दिनुपर्दछ । यसको स्वरुप परम्परागत विषय जस्तो नभएर एउटा क्षेत्र जस्तो लाग्छ । वेस्लेका अनुसार मानव सम्वन्धसँग सम्वन्धित विषयहरु नै सामाजिक अध्ययन हो । मिखालिस भन्छन्- मानव सम्वन्ध सँग सम्वन्धित मानवको सामाजिक र भौतिक वातवरण सँगको अन्तर्क्रिया नै सामाजिक अध्ययन हो । मुन्रोको विचारमा सामाजिक शिक्षाले मानव सम्वन्धसँग सोझै सम्वन्धित विषय समेटेको हुन्छ । सामाजिक अध्ययनको क्षेत्र व्यक्ति, घर परिवार, छरछिमेक, समुदाय, स्थानीयस्तर, जिल्लास्तर, क्षेत्रस्तर, राष्ट्रियस्तर र अन्तराष्ट्रियस्तरसम्म फैलिएको हुन्छ । सामाजिक अध्ययनले विद्यार्थीलाई आफ्नो व्यक्तिगत, पारिवारिक जीवनका समस्यादेखि लिएर अन्तराष्ट्रिय समस्या वुझ्न मद्यत गर्दछ । यसले बालबालिकाहरुलाई समाजोपयोगी नागरिक बनाउन, पारस्परिक प्रेम आपसी सहानुभूति, भातृत्वको भावनाको विकास गराउँदै विश्व नागरिकको ज्ञान प्रदान गर्न, समाजमा उत्पन्न परिवर्तनलाई स्वीकार्न र तीनबाट उत्पन्न समस्यालाई गम्भीरता पूर्वक समाधान गर्न, वर्तमान प्रजातान्त्रिक युगमा विशाल दृष्टिकोण, सहिष्णुता र आत्म- नियन्त्रणको भावना विकास गराई सामाजिक र राजनीतिक प्रगतिमा सक्रिय सहभागी हुने क्षमताको विकास गराउन मद्दत गर्दछ (सामाजिक अध्ययन विषयको क्षेत्र अनुसूची २ मा उल्लेख गरिएको छ) ।

कोइराला, (२०६५) ले एस्.एल्.सी. परीक्षामा  सामाजिक शिक्षा विषयको प्राप्ताङ्कमा प्रभाव पार्ने कारक तत्वहरुको अध्ययन शीर्षकमा एउटा शोधकार्य गर्नुभएको पाइयो । उक्त अध्ययन अनुसार एस्.एल्.सी. परीक्षामा सामुदायिक माध्यमिक विद्यालयका विद्यार्थीहरुले सामाजिक शिक्षा विषयमा प्राप्त गर्ने प्राप्ताङ्क उत्कृष्ट नभएको । यसका कारणहरुमा ग्रीड अनुसार अभ्यास नहुनु , मार्क टेवुलेसनमा कमजोरी हुनु , उत्प्रेरणा र पुरस्कारको व्यवस्था नहुनु  उल्लेख गरिएको छ । त्यस्तै अध्ययन अनुसार छात्रहरुको तुलनामा छात्राहरुको प्राप्ताङ्क घटी छ ।  यसका कारणहरुमा छात्राहरु घरायसी काममा अल्मलिनु समाजमा स्वतन्त्र रुपले सामाजिक विषयवस्तुको अध्ययन गर्ने अवसर प्राप्त गर्न नपाउनु आदि उल्लेख गरिएको छ । सामुदायिक विद्यालयको सामाजिक शिक्षा विषयको प्राप्ताङ्क वृद्धि गर्न उत्कृष्ट प्राप्ताङ्क ल्याउने विद्यार्थीहरुलाई पुरस्कारको व्यवस्था, न्यून प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीहरुका लागि विशेष कोचिङ कक्षाको व्यवस्था, पर्याप्त शैक्षिक, सन्दर्भ, पूरक सामग्रीको व्यवस्था, पाठ्यक्रम र शिक्षक निर्देशिकाको पूर्ण प्रयोग, विद्यार्थी केन्द्रित शिक्षण विधि, मार्कटेवुलेशनमा होसियारी, वैज्ञानिक रुपमा प्रश्नपत्र निर्माण लगायतका सुझावहरु प्रस्तुत गर्नुभएको छ ।

अधिकारी, (२०६३) ले नेपालमा समाजिक अध्ययन शिक्षणको विद्यमान अवस्था र समधान शीर्षकमा एउटा समसामयिक लेख लेख्नुभएको पाइयो । उक्त लेखअनुसार एस्.एल्.सी परीक्षामा सामाजिक अध्ययन विषयमा (२०५७-०६०) ४ वर्षको विद्यार्थीहरुको औसत उत्तीणाङ्क ८० प्रतिशत भन्दा माथि रहेको र औसत प्राप्ताङ्क ४२ प्रतिशत भन्दा वढी रहेको छ । यस तथ्याङ्कले विद्यार्थीहरु सामाजिक अध्ययन विषयमा वढी उत्तीर्ण भए पनि औसत तथ्याङ्क ४२ प्रतिशत भन्दा माथि नहुनुले पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरु हासिल हुन नसकेको झल्कन्छ । त्यसै गरी मूल्याङ्कन प्रणालीमा देखिएका समस्याहरुलाई सुधार गरी अगाडि वढ्नु पर्ने अवस्था रहेको छ । सामाजिक अध्ययन विषयका मुख्य समस्याहरुमा योग्य पर्याप्त शिक्षकको अभाव , शिक्षण विधिमा व्याख्यान विधिको अत्यधिक प्रयोग, शिक्षकहरुलाई तालिमको अभाव, पाठ्यक्रम र पाठ्यपुस्तक क्रियाकलापमुखी भए पनि सोही अनुसार प्रयोग नहुनु, सामाजिक अध्ययन विषयको तालिम प्रदान गर्न योग्य र पर्याप्त प्रशिक्षकको अभाव रहनु लगायत रहेको छन । उपर्युक्त समस्याहरु समाधान गर्न अनिवार्य रुपमा सामाजिक अध्ययन विषय शिक्षकको व्यवस्था गर्नु पर्ने, शिक्षकलाई तालिमको व्यवस्था, सामाजिक अध्ययन विषय शिक्षण गर्दा गर र सिकको अवधारणमा जोड, सन्दर्भ र स्वअध्ययन सामग्रीको पर्याप्त व्यवस्था, कक्षा कोठा व्यवस्थापन, सञ्चार, अन्तरक्रिया, शैक्षिक सामग्री विकास तथा प्रयोग गर्न तथ्य व्यवहार र मनोवृत्ति सुधार गर्न सक्ने जस्ता शिक्षण सीपहरु हासिल गर्न अवसर प्रदान गर्नुपर्दछ ।

## २.३ शैक्षिक उपादेयता

सामाजिक अध्ययन विषय विभिन्न विषयको एकीकृत रुप हो । यो विषय समसामयिक र दैनिक जिवनयापनका लागि आवस्यक विषयको रुपमा रहेको छ । विभिन्न विषयको एकीकृत रुप भएकोले यस विषयको शिक्षणको लागि सामाजिक शिक्षा सम्वन्धि ज्ञान भएको, अनुभवी, तालिम प्राप्त शिक्षकको आवश्यकता पर्दछ । आजका वालवालिका नै भोलिका देशका कर्णधार भएकाले उनीहरुलाई असल नागरिक बनाउन पारस्परिक प्रेम, सद्भाव र भातृत्व जस्ता भावना जगाउन आवश्यक हुन्छ । सामाजिक भावनाको विकास गराउने एक मात्र विषय सामाजिक अध्ययन भएकोले यसलाई प्रभावकारी रुपमा अध्ययन अध्यापन गर्नु पर्दछ । सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धीमा वृद्धि भएमा समाजमा सहयोग, प्रेम, अन्तरनिर्भरता र सामाजिक एकतामा सहयोग पुग्दछ ।

सामाजिक सद्भाव र एकताको आधार मानिएको सामाजिक अध्ययन विषयको तुलनात्मक अध्ययन गर्न माथि अध्ययन गरिएका शोध एवम अध्ययनका निष्कर्षलाई महत्वपूर्ण मानिएको छ र प्रस्तुत शोधका लागि मार्गदर्शनको रुपमा लिइएको छ । जिल्ल स्तरीय परीक्षाको सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धीको तुलनात्मक अध्ययन गरी सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धीमा प्रभाव पार्ने तत्वहरुको पहिचान गरी उपयुक्त तथ्य एवम कारणहरु पत्ता लगाई आवश्यक सुझाव प्रस्तुत गरी सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धीमा सुधार ल्याउन प्रस्तुत अध्ययनले सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।

## परिच्छेद : तीन

## अध्ययन बिधि

### ३.१ अनुसन्धान ढाँचा

यस अध्ययनमा संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरुको सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिको तुलना गर्न र छात्र र छात्राको सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिको तुलना गर्न परिमाणात्मक विधि अपनाइएको छ भने सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिमा प्रभाब पार्ने तत्वहरुको पहिचान गरी समधानका उपायहरु पत्ता लगाउन गुणात्मक विधि समेत प्रयोग गरिएको छ । यस अध्ययनमा मिश्रित अनुसन्धानात्मक ढाँचाको प्रयोग गरिएको छ । यस अध्ययनका उद्देश्यहरु, प्रतिक्रियादाताहरु र साधनहरुको प्रयोगलाई निम्नानुसार तलिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३.१ अध्ययन कार्यनीति

| उद्देश्य | साधनहरू | प्रतिक्रियादाताहरू | | | | |
|---|---|---|---|---|---|---|
| | | शिक्षक | विद्यार्थी | प्र.अ. | स्रो.व्य. | अभिभावक |
| १. संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरुको सामाजिक अध्ययन विषयको सिकाई उपलब्धिको तुलना गर्नु । | अन्तर्वार्ता | ✓ | | ✓ | | |
| | प्रश्नावली | | | | | |
| | अवलोकन | ✓ | | | | |
| | मार्कलेजरअध्ययन | | ✓ | | | |
| २. छात्र र छात्राको सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धीको तुलना गर्नु । | अन्तर्वार्ता | | ✓ | ✓ | | |
| | प्रश्नावली | | | | ✓ | |
| | अवलोकन | | | | | |
| | मार्कलेजरअध्ययन | ✓ | ✓ | | | |
| ३. सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धीमा प्रभाव पार्ने तत्वहरुको पहिचान गरी सुधारका उपायहरु सुझाउनु | अन्तर्वार्ता | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| | प्रश्नावली | ✓ | ✓ | | ✓ | ✓ |
| | अवलोकन | ✓ | ✓ | ✓ | | |
| | अभिलेख अध्ययन | | | | | |

स्रोत : स्थलगत अध्ययन

## ३.२ जनसङ्ख्या र नमूना छनौट विधि

### ३.२.१ जनसङ्ख्या

यस अध्ययनको लागि निम्न अनुसारको जनसङ्ख्या लिइएको छ ।

(क) भोजपुर जिल्लामा २०६६, २०६७ र २०६८ सालको जिल्ला स्तरीय परीक्षामा सामेल भएका सम्पूर्ण विद्यार्थीहरु ।

(ख) कक्षा ८ मा सामाजिक अध्ययन विषय पढाउने सम्पूर्ण संस्थागत र सामुदायिक विद्यालयका शिक्षकहरु ।

(ग) भोजपुर जिल्लाका कक्षा ८ सञ्चालन भएका सम्पूर्ण विद्यालयका प्रधानाध्यापकहरु ।

(घ) भोजपुर जिल्लामा कार्यरत विद्यालय निरीक्षक र स्रोतव्यक्तिहरु ।

(ङ) भोजपुर जिल्लामा २०६६, २०६७ र २०६८ सालको जिल्लास्तरीय परीक्षामा सामेल भएका सम्पूर्ण परीक्षार्थीहरुका अभिभावकहरु ।

(च) भोजपुर जिल्लामा कक्षा - ८ सञ्चालन भएका सम्पूर्ण विद्यालयहरु ।

### ३.२.२ नमुना छनौटका आधार र विधि

**विद्यालय छनौट**

भोजपुर जिल्लामा कक्षा ८ सञ्चालन भएका संस्थागत विद्यालयहरुको सङ्ख्या ४ र सामुदायिक विद्यालयको सङ्ख्या ८१ रहेको छ । त्यसैगरी श्री विद्योदय उ.मा.वि. स्रोतकेन्द्र, भोजपर अर्न्तगत कक्षा -८ सञ्चालन भएका विद्यालयहरु संस्थागत ४ वटा र सामुदायिक ७ वटा रहेका छन् । त्यसकारण संस्थागत विद्यालय दुईवटा र सामुदायिक विद्यालय दुईवटा सम्भावनायुक्त नमुना छनौट विधिको आधारमा छनौट गरिएको छ ।

**विद्यार्थीको छनौट**

विद्यार्थीहरुको प्राप्ताङ्क लिन छनौट गरिएका संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरुको रोल नं. अनुसार छुट्टाछुट्टै चिट्ठा निर्माण गरी प्रत्येक विद्यालयबाट आधा छात्र र

आधा छात्रा पर्ने गरी सम्भावनायुक्त नमुना छनौट विधिको आधारमा शै.स. २०६६, २०६७ र २०६८ को जिल्लास्तरीय परीक्षा उत्तिर्ण गरेका  प्रत्येक विद्यालयका एक शै. स. मा १०/१० जनाका दरले जम्मा १२० जना विद्यार्थीहरुको छनौट गरिएको छ । त्यसै गरी प्रतिक्रिया लिनका लागि २०६८ सालको जिल्ला स्तरीय परीक्षा उत्तीर्ण गरी हाल कक्षा ९ मा अध्ययनरत प्रत्येक विद्यालयका २ जना छात्र र २ जना छात्रा पर्ने गरी जम्मा १६ जना छात्र छात्रा छनौट गरिएको छ ।

### शिक्षकहरुको छनौट

छनौट गरिएका विद्यालयका कक्षा ८ मा सामाजिक अध्ययन विषयको अध्यापन गर्ने शिक्षकहरु मध्येबाट  प्रत्येक विद्यालयबाट १/१ जना पर्ने गरी सम्भावनायुक्त नमुना छनौट विधिको आधारमा ४ जना शिक्षक छनौट गरिएको छ ।

### प्र.अ., स्रोतव्यक्ति र अभिभावकको छनौट

छनौट गरिएका विद्यालयका प्र.अ. ४ जना र १ जना स्रोत व्यक्तिको छनौट उद्देश्य पूर्ण विधिको आधारमा गरिएको छ । विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३.२. छनौट भएका विद्यालयहरु अन्तर्गतका नमूनाको आकार

| क्र.सं. | विद्यालयको नाम | शिक्षक | प्र.अ. | स्रोत व्यक्ति | विद्यार्थी | | | अभिभावक |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | छात्र | छात्रा | जम्मा | |
| १ | श्री सिद्धकाली ई. वो. स्कुल, भोजपुर | १ | १ | १ | २ | २ | ४ | २ |
| २ | श्री सगरमाथा इ.वो. स्कुल, भोजपुर | १ | १ | | २ | २ | ४ | २ |
| ३ | श्री पञ्चकन्या मा वि. बोखिम | १ | १ | | २ | २ | ४ | २ |
| ४ | श्री यशोधरा उ. मा. वि. टक्सार | १ | १ | | २ | २ | ४ | २ |
| ५ | जम्मा | ४ | ४ | १ | ८ | ८ | १६ | ८ |

स्रोत : स्थलगत सर्वेक्षण २०६९

### ३.३ तथ्याङ्कको स्रोत

यस अध्ययनका लागि नमूना छनौटमा परेका विद्यालयको स्थलगत अवलोकन भ्रमण, अन्तरवार्ता, छलफल एवंम् प्रश्नावलीको माध्यमबाट प्राथमिक तथा जिल्ला शिक्षा कार्यालयमा भएको मार्कलेजर तथा अभिलेख अध्ययन, स्रोतव्यक्ति, प्र.अ., विषय शिक्षक, अभिभावहरुको प्रतिक्रिया विश्लेषणबाट समेत द्वितीय स्रोतका सूचना संकलन गरिएको छ ।

### ३.४ तथ्याङ्क संकलनका साधनहरु

यस अध्ययनको लागि निम्न साधनहरुको प्रयोग गरिएको छ ।

#### ३.४.१ अन्तर्वार्ता अनुसूची

विद्यार्थी, शिक्षक, प्र.अ., अभिभावक र स्रोतव्यक्तिसँग प्रतिक्रिया लिन प्रश्नावली निर्माण गरी प्रश्नहरु सोधिएका छन् । अर्न्तवार्ताको लागि खुल्ला र बन्द दुवै प्रश्नहरु निर्माण गरिएको छ जसका लागि अनुसूची १, २, ३, ४, ५ का प्रश्नावलीहरु प्रयोग गरिएको छ ।

#### ३.४.२ कक्षा अवलोकन फाराम

कक्षा अवलोकन गर्न अवलोकन फाराम निर्माण गरिएको छ र स्थलगत कक्षाअवलोकन गरी देखिएका व्यवहार फर्ममा भरी तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण गरिएको छ जसका लागि अनुसची ६ को अवलोकन फाराम प्रयोग गरिएको छ ।

#### ३.४.३ अभिलेख अध्ययन

जि.शि.का. भोजपुरबाट जिल्लास्तरीय परीक्षा २०६६, २०६७ र २०६८ को प्रत्येक विद्यालयबाट १०/१० जना गरी जम्मा १२० विद्यार्थीको प्राप्ताङ्क मार्कलेजरबाट लिइएको थियो ।

### ३.५ साधनको वैधता

अनुसन्धानका लागि तथ्याङ्कको संकलनमा प्रयोग गरिने साधन वैध र विश्वासनीयता भएमात्र प्राप्त सूचना वैध, विश्वासनीय, भरपर्दो हुने र अध्ययनको निष्कर्ष समेत अर्थपूर्ण हुने गर्दछ । यसर्थ यस अध्ययनमा तथ्याङ्क संकलनका लागि निर्माण गरिएका साधनहरुको

प्रमाणिकरणका लागि सोध निर्देशक तथा साथीहरुसंग छलफल गरी प्राप्त सुझावको आधारमा परिमार्जन गरी वैधता कायम गरिएको छ ।

## ३.६ तथ्यांक संकलन प्रक्रिया

(क) छनौट गरिएका विद्यालयमा स्थलगत रुपमा विद्यालयको प्रशासनिक अवस्थादेखि लिएर सम्पूर्ण विद्यार्थी एवम् शैक्षिक अवस्थाको बारेमा अवलोकन गरिएको छ ।

(ख) छनौट गरिएका विद्यालयका प्र.अ. शिक्षकहरुसँग प्रत्यक्ष भेटघाट गरी अन्तर्वार्तालाई लिई प्रश्नावली भरिएको छ ।

(ग) छनौट गरिएका विद्यालयका अभिभावकहरुसँग प्रत्यक्ष भेटघाट, छलफल र अन्तर्वार्ता लिइएको छ ।

(घ) जिल्ला शिक्षा कार्यालय भोजपुरमा गई भेटघाट र छलफल गरिएको छ ।

(ङ) जिल्ला शिक्षा कार्यालय भोजपुरमा गई लिइएको जिल्ला स्तरीय परीक्षा २०६६, २०६७ र २०६८ को मार्कलेजरलाई द्वितीय स्रोतको रुपमा लिइएको छ ।

## ३.७ तथ्याङ्क विश्लेषण प्रक्रिया

अध्ययनको उद्देश्यअनुसार यथार्थ जानकारी हासिल गर्न तथ्याङ्कको विश्लेषण गर्नुपर्ने हुन्छ । यस अध्ययनमा सङ्कलित तथ्याङ्कको विश्लेषण गर्न तालिकीकरण, चित्र, ग्राफ, चार्ट, प्रतिशत, औसत लगायतका तथ्याङ्कशास्त्रीय विधि तथा प्रतिक्रिया विश्लेषण एवंम् अभिलेख अध्ययन जस्ता गुणात्मक विधि अपनाई सामाजिक विषयमा प्राप्त हुन आएका सूचनाको विश्लेषण गरिएको छ ।

# परिच्छेद : चार

## तथ्याङ्कको विश्लेषण तथा व्याख्या

यस अध्ययनका उद्देश्यहरु संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरुको सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिको तुलना गर्नु, छात्र र छात्राको सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिको तुलना गर्नु र समाजिक विषयको सिकाइ उपलब्धीमा प्रभाव पार्ने तत्वहरुको पहिचान गरी समाधानका उपायहरु सुझाउनु भएको हुदाँ यिनै उद्देश्यहरु हासिल गर्नका लागि छनौटमा परेका दुईवटा संस्थागत र दुईवटा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुले शै. स. २०६६, २०६७ र २०६८ मा प्राप्त गरेको सिकाइ उपलब्धिको तथ्याङ्कको प्रस्तुतीकरण, ब्याख्या र विश्लेषण गरिएको छ । त्यसैगरी शिक्षासँग सम्बन्धित सरोकारवालाहरुलाई प्रश्नावली भराई प्रतिक्रियाको विश्लेषण गरिएको छ भने कक्षा अवलोकन गरी अवलोकनमा देखिएका पक्षहरुको व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.१ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिको तुलना

संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरुको सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिको तुलना गर्नको लागि छनौटमा परेका दुईवटा सामुदायिक र दुईवटा संस्थागत विद्यालयको शै. स. २०६६, २०६७ र २०६८ को सामाजिक अध्ययन विषयमा विद्यार्थीहरुको प्राप्त गरेको प्राप्ताङ्कलाई आधार मानी तथ्याङ्कको व्याख्या र विश्लेषण गरिएको छ ।

#### ४.१.१ औसत प्राप्ताङ्कको आधारमा संस्थागत र सामुदायिक विद्यालय बीच सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिको तुलना

संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरुको सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिको तुलना गर्न छनौटमा परेका दुईवटा सामुदायिक र दुईवटा संस्थागत विद्यालयको शै. स. २०६६, २०६७ र २०६८ को सामाजिक अध्ययन विषयमा विद्यार्थीहरुको प्राप्त गरेको प्राप्ताङ्कलाई आधार मानिएको छ र विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्कको औसत

निकाली तुलनात्मक विश्लेषण गरिएको छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २


श्रेणीगत प्राप्ताङ्कको आधारमा संस्थागत र सामुदायिक विद्यालयको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलना

| क.सं. | शै. स. | विद्यार्थी सङ्ख्या | | संस्थागत | | सामुदायिक | | |
|---|---|---|---|---|---|---|---|---|
| | | संस्थागत | सामुदायिक | प्राप्ताङ्क | औसत | प्राप्ताङ्क | औसत | औसत फरक |
| १ | २०६६ | २० | २० | १६३८ | ८१.९ | ९३३ | ४६.६५ | ३२.२५ |
| २ | २०६७ | २० | २० | १६१२ | ८०.६ | १०६५ | ५३.२५ | २७.२५ |
| ३ | २०६८ | २० | २० | १६२१ | ८१.०५ | ९८३ | ४९.१५ | ३१.९ |
| जम्मा | | ६० | ६० | ४८७१ | ८१.१८ | २९८१ | ४९.६८ | ३१.५ |

स्रोतः मार्कलेजर, २०६६, २०६६ र २०६८

चित्र १

संस्थागत र सामुदायिक विद्यालयको औसत प्राप्ताङ्कको अवस्था (३ वर्षको)



शै. स. २०६६ मा अध्ययनको लागि छनौट भएका दुईवटा संस्थागत विद्यालयका २० जना विद्यार्थीहरुको जम्मा प्राप्ताङ्क १६३८ र औसत प्राप्ताङ्क ८१.९% रहेको छ । त्यसैगरी छनौटमा परेका दुईवटा सामुदायिक विद्यालयका २० जना विद्यार्थीहरुको जम्मा प्राप्ताङ्क ९३३ र औसत प्राप्ताङ्क ४६.६५% रहेको छ । शै. स. २०६६ मा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिमा ३२.२५% ले उच्च रहेको छ ।

शै. स. २०६७ को संस्थागत विद्यालयको जम्मा प्राप्ताङ्क १६१२ र औसत प्राप्ताङ्क ८०.६% र सामुदायिक विद्यालयको जम्मा १०६५ र औसत प्राप्ताङ्क ५३.२५% रहेको छ । जसमा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको उपलब्धि २७.२५% ले बढी देखिन्छ ।

शै. स. २०६८ को संस्थागत विद्यालयको सामाजिक अध्ययन विषयको जम्मा प्राप्ताङ्क १६२१ र औसत प्राप्ताङ्क ८१.०५% छ भने सामुदायिक विद्यालयको जम्मा प्राप्ताङ्क ९८३ र औसत प्राप्ताङ्क ४९.१५% रहेको छ । जसमा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको औसत उपलब्धि ३१.९% ले बढी देखिन्छ ।

शै. स. २०६६, २०६७ र २०६८ तीन वर्षको सामाजिक अध्ययन विषयमा संस्थागत विद्यालयमा अध्ययनरत छनौटमा परेका ६० जना विद्यार्थीहरुको प्राप्त गरेको जम्मा प्राप्ताङ्क ४८७१ र औसत प्राप्ताङ्क ८१.१८% रहेको छ भने सामुदायिक विद्यालयमा अध्ययनरत छनौटमा परेका ६० जना विद्यार्थीहरुको जम्मा प्राप्ताङ्क २९८१ र औसत प्राप्ताङ्क ४९.६८% रहेको छ । सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको उपलब्धि तुलनात्मक रुपमा ३१.५% ले उच्च रहेको देखिन्छ ।

### ४.१.२ श्रेणीगत प्राप्ताङ्कको आधारमा संस्थागत र सामुदायिक विद्यालयको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलना

संस्थागत र सामुदायिक विद्यालयको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलना गर्न विद्यार्थीले प्राप्त गरेको श्रेणीगत प्राप्ताङ्कको समेत आधारमा व्याख्या र विश्लेषण गरिएको छ, जुन तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३ क

संस्थागत विद्यालयको छात्र र छात्राको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलना

| क.सं. | शै. स. | विद्यार्थी सङ्ख्या | प्रथम श्रेणी | प्रतिशत | द्वितीय श्रेणी | प्रतिशत | तृतीय श्रेणी | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०६६ | २० | १९ | ९५ | १ | ५ | - | - |
| २ | २०६७ | २० | २० | १०० | - | - | - | - |
| ३ | २०६८ | २० | २० | १०० | - | - | - | - |
| जम्मा | | ६० | ५९ | ९८.३३ | १ | १.६६ | - | - |

स्रोतः मार्कलेजर, २०६६, २०६७ र २०६८

तालिका ३ ख

सामुदायिक विद्यालयको छात्र र छात्राको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलना

| क.सं. | शै. स. | विद्यार्थी सङ्ख्या | प्रथम श्रेणी | प्रतिशत | द्वितीय श्रेणी | प्रतिशत | तृतीय श्रेणी | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०६६ | २० | - | - | ११ | ५५ | ९ | ४५ |
| २ | २०६७ | २० | ४ | २० | १३ | ६५ | ३ | १५ |
| ३ | २०६८ | २० | २ | १० | १२ | ६० | ६ | ३० |
| जम्मा | | ६० | ६ | १० | ३६ | ६० | १८ | ३० |

स्रोतः मार्कलेजर २०६६, २०६७ र २०६८

उपर्युक्त तालिका अनुसार शै. स. २०६६ मा संस्थागत विद्यालय तर्फ छनौटमा परेका २० जना विद्यार्थीहरु मध्ये १९ जना (९५%) प्रथम श्रेणीमा उत्तीर्ण भएका छन् भने १ जना (५%) द्वितीय श्रेणीमा उत्तीर्ण भएका छन् । त्यसैगरी शै. स. २०६६ मा सामुदायिक

विद्यालय तर्फ छनौटमा परेका २० जना विद्यार्थी मध्ये ११ जना (५५%) द्वितीय श्रेणीमा र ९ जना (४५%) तृतीय श्रेणीमा उत्तीर्ण भएका छन् भने र सामुदायिक विद्यालयमा प्रथम श्रेणीमा कुनै पनि विद्यार्थी उत्तीर्ण भएका छैनन् ।

त्यसैगरी शै. स. २०६७ मा संस्थागत विद्यालयका २० जना (१००%) प्रथम श्रेणीमा उत्तीर्ण भएका छन भने सामुदायिक विद्यालयका ४ जना (२०%) प्रथम श्रेणीमा, १३ जना (६५%) द्वितीय श्रेणीमा र ३ जनाले (१५%) तृतीय श्रेणी प्राप्त गरेका छन् । शै. स. २०६८ मा संस्थागत विद्यालयका २० जना (१००%) ले प्रथम श्रेणीको अङ्क प्राप्त गरेका छन् भने सामुदायिक विद्यालयका २ जना (१०%) ले प्रथम श्रेणी, १२ जना (६०%)ले द्वितीय श्रेणी र ६ जना(३०%) ले तृतीय श्रेणी प्राप्त गरेका छन् । शै. स. २०६६,२०६७ र २०६८ को जम्मा संस्थागत विद्यालयका ६० जना मध्ये ५९ जना (९८.३३%)ले प्रथम श्रेणी प्राप्त गरेका छन् भने १ जना (१.६६%) द्वितीय श्रेणीमा उत्तीर्ण भएका छन् । संस्थागत विद्यालयमा सामाजिक अध्ययन विषयको तृतीय श्रेणीको प्राप्ताङ्क कुनैपनि विद्यार्थीहरुले ल्याएका छैनन् । त्यसैगरी सामुदायिक विद्यालयका ६० जना मध्ये ६ जना (१०%) ले प्रथम श्रेणीमा, ३६ जना (६०%)ले द्वितीय श्रेणीमा र १८ जना (३०%) ले तृतीय श्रेणीको प्राप्ताङ्क प्राप्त गरेका छन् । यसरी संस्थागत विद्यालयका ९८.३३% विद्यार्थी र सामुदायिक विद्यालयका ६(१०%) विद्यार्थीले सामाजिक अध्ययन विषयमा प्रथम श्रेणीको अङ्क प्राप्त गर्नुमा सामाजिक अध्ययन विषयमा भएको २५% पूर्णाङ्कको प्रयोगात्मक परीक्षा पनि जिम्मेवार रहेको देखिन्छ । प्रयोगात्मक परीक्षामा प्रायः १००% विद्यार्थीको प्राप्ताङ्क प्रथम  श्रेणी भएको देखिन्छ ।

### ४.२ छात्र र  छात्राको सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिको तुलना

छात्र र छात्राको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलना गर्न छनौटमा परेका दुईवटा संस्थागत र दुईवटा सामुदायिक विद्यालयहरुका शै. स. २०६६,२०६७ र २०६८ को जिल्लास्तरीय परीक्षमा सहभागी भएका प्रत्येक विद्यालयको प्रत्येक वर्ष आधा छात्र र आधा छात्रा पर्ने गरी १० जना विद्यार्थीका दरले जम्मा १२० जना विद्यार्थी छनौट गरिएको थियो । उक्त छात्रछात्राहरुले प्राप्त गरेको उपलब्धिको सामुदायिक र संस्थागत विद्यालयका छात्र र छात्राको उपलब्धिको छुट्टाछुट्टै विश्लेषण गरिएको छ, जुन निम्न अनुसार रहेको छ ।

## ४.२.१ संस्थागत विद्यालयको छात्र र छात्राको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलना

संस्थागत विद्यालयको छात्र र छात्राको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलना गर्न शै.स. २०६६,२०६७ र २०६८ का छनौटमा परेका ३०/३० जना छात्र र छात्राले प्राप्त गरेको औषत र श्रेणीगत प्राप्ताङ्कको आधारमा सिकाइ उपलब्धिको व्याख्या र विश्लेषण गरिएको छ। जुन तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ४ क संस्थागत छात्र

छात्रको सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिको तुलना

| क्र.सं. | शै.स. | विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | प्रथम श्रेणी | प्रतिशत | द्वितीय श्रेणी | प्रतिशत | तृतीय श्रेणी | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २०६६ | १० | ८३५ | ८३.५ | १० | १०० | – | – | – | – |
| २ | २०६७ | १० | ८७५ | ८७.५ | १० | १०० | – | – | – | – |
| ३ | २०६८ | १० | ८१४ | ८१.४ | १० | १०० | – | – | – | – |
| जम्मा | | ३० | २५२४ | ८४.१३ | ३० | १०० | – | – | – | – |

स्रोतः मार्कलेजर, २०६६, २०६७ र २०६८

तालिका ४ ख

छात्राको सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिको तुलना


| क्र.सं. | शै.स. | विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | प्रथम श्रेणी | प्रतिशत | द्वितीय श्रेणी | प्रतिशत | तृतीय श्रेणी | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २०६६ | १० | ८०३ | ८०.३ | ९ | ९० | १ | १० | – | – |
| २ | २०६७ | १० | ७३७ | ७३.७ | १० | १०० | – | – | – | – |
| ३ | २०६८ | १० | ८०७ | ८०.७ | १० | १०० | – | – | – | – |
| जम्मा | | ३० | २३४७ | ७८.२३ | २९ | ९६.६७ | १ | ३.३३ | – | – |

स्रोतः मार्कलेजर, २०६६, २०६७ र २०६८

चित्र २

संस्थागत विद्यालयको छात्र छात्राको औषत प्राप्ताङ्कको अवस्था (३ वर्षको)




उपर्युक्त तालिका अनुसार शै. स. २०६६ मा संस्थागत विद्यालयका १० जना छात्रहरुको जम्मा प्राप्ताङ्क ८३५ र औसत ८३.५% रहेको छ भने सबै प्रथम श्रेणीको प्राप्ताङ्क ल्याई उत्तीर्ण भएका छन् । त्यसैगरी १० जना छात्राहरुको जम्मा प्राप्ताङ्क ८०३ र औसत ८०.३% रहेको छ भने १० जना मध्ये ९ जनाले प्रथम श्रेणी र १ जना (१०%) ले द्वितीय श्रेणी प्राप्त गरेका छन् । शै. स. २०६७ मा १० जना छात्रहरुको जम्मा प्राप्ताङ्क ८७५ र औसत ८७.५% र १० जना (१००%) नै छात्रहरुले प्रथम श्रेणी प्राप्त गरेका छन् । त्यसैगरी छात्रातर्फ १० जनाको जम्मा प्राप्ताङ्क ७३७ र औसत प्राप्ताङ्क ७३.७% रहेको छ भने १० जना (१००%) को नै छात्राले प्रथम श्रेणीको प्राप्ताङ्क हासिल गरेका छन् । शै. स. २०६८ मा छात्रतर्फ जम्मा प्राप्ताङ्क ८१४, औसत ८१.४% र १० जना (१००%) नै प्रथम श्रेणी रहेको

छ भने छात्रातर्फ कुल प्राप्ताङ्क ८०७ औसत ८०.७% र १० जना नै छात्राहरुले प्रथम श्रेणी हासिल गरेका छन् । शै. स. २०६६, २०६७ र २०६८ लाई समग्र रुपमा हेर्दा ३० जना छात्रहरु मध्ये ३० जना (१००%) नै प्रथम श्रेणी र जम्मा प्राप्ताङ्क २५२४, औसत प्राप्ताङ्क ८४.१३% रहेको देखिन्छ भने छात्रातर्फ ३० जनाको जम्मा प्राप्ताङ्क २३४७ औसत ७८.२३% र ३० मध्ये २९ (९६.६७%) प्रथम श्रेणी र १ (३.३३%) द्वितीय श्रेणीमा उत्तीर्ण भएको देखिन्छ । यसबाट छात्रहरुको तुलनामा छात्राहरु कमजोर देखिन्छन् । छात्रहरुको औसत उपलब्धि ५.९% बढी देखिन्छ भने श्रेणीगत आधारमा प्रथम श्रेणीमा ३.३३% ले बढी देखिन्छ ।

### ४.२.२ सामुदायिक विद्यालयको छात्र छात्राको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलना

सामुदायिक विद्यालयको छात्र र छात्राको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलना गर्न शै.स. २०६६,२०६७ र २०६८ का छनौटमा परेका ३०/३० जना छात्र र छात्राले प्राप्त गरेको  औषत र श्रेणीगत प्राप्ताङ्कको आधारमा सिकाइ उपलब्धिको व्याख्या र विश्लेषण गरिएको छ, जुन तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५ क

सामुदायिक विद्यालयको छात्रको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलना

| क्र. सं. | शै. स. | विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | प्रथम श्रेणी | प्रतिशत | द्वितीय श्रेणी | प्रतिशत | तृतीय श्रेणी | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २०६६ | १० | ४७६ | ४७.६ | – | – | ७ | ७० | ३ | ३० |
| २ | २०६७ | १० | ५६३ | ५६.३ | ३ | ३० | ६ | ६० | १ | १० |
| ३ | २०६८ | १० | ४९७ | ४९.७ | १ | १० | ७ | ७० | २ | २० |
| जम्मा | | ३० | १५३६ | ५१.२ | ४ | १३.३३ | २० | ६६.६७ | ६ | २० |

स्रोतः मार्कलेजर, २०६६, २०६७ र २०६८

तालिका ५ ख


सामुदायिक विद्यालयको छात्राको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलना

| क.सं. | शै.स. | विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | प्रथम श्रेणी | प्रतिशत | द्वितीय श्रेणी | प्रतिशत | तृतीय श्रेणी | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २०६६ | १० | ४५७ | ४५.७ | – | – | ४ | ४० | ६ | ६० |
| २ | २०६७ | १० | ५०२ | ५०.२ | १ | १० | ७ | ७० | २ | २० |
| ३ | २०६८ | १० | ४८६ | ४८.६ | १ | १० | ५ | ५० | ४ | ४० |
| जम्मा | | ३० | १४४५ | ४८.१७ | २ | ६.६७ | १६ | ५३.३३ | १२ | ४० |

स्रोतः मार्कलेजर, २०६६, २०६७ र २०६८

**चित्र ३**

सामुदायिक विद्यालयको छात्र छात्राको औसत प्राप्ताङ्कको अवस्था (३ वर्षको)




उपर्युक्त तालिका अनुसार शै. स. २०६६ मा सामुदायिक विद्यालयमा छनौटमा परेका १० छात्रहरुको जम्मा प्राप्ताङ्क ४७६, औसत ४७.६% र ७ जना (७०%) द्वितीय श्रेणी, २ जना (३०%) तृतीयश्रेणीमा उत्तीर्ण भएका छन् भने छात्राहरुमा १० जनाको जम्मा प्राप्ताङ्क ४५७ र औसत प्राप्ताङ्क ४५.७% रहेको छ । त्यसैगरी ४ जना (४०%) छात्राहरु द्वितीय श्रेणीमा र ६ जना (६०%) तृतीयश्रेणीमा उत्तीर्ण भएका छन् । शै. स. २०६७ मा छात्रतर्फ जम्मा प्राप्ताङ्क ५६३ र औसत ५६.३% रहेको छ भने श्रेणीगत आधारमा ३ जना (३०%) प्रथम श्रेणीमा, ६ जना (६०%) द्वितीय श्रेणीमा १ जना (१०%) तृतीयश्रेणीमा उत्तीर्ण भएका छन् । त्यसैगरी छात्रातर्फ जम्मा प्राप्ताङ्क ५०२ औसत ५०.२% र श्रेणीगत आधारमा १ जना

(१०%) प्रथम श्रेणीमा, ७ जना (७०%) द्वितीय श्रेणीमा र २ जना (२०%) तृतीयश्रेणीमा उत्तीर्ण भएका छन् । शै. स. २०६८ मा छात्रतर्फ को जम्मा प्राप्ताङ्क ४९७.७% छ भने श्रेणीगत आधारमा १ जना (१०%) प्रथम श्रेणी, ७ जना (७०%) द्वितीय श्रेणी र २ जना (२०%) तृतीय श्रेणीमा उत्तीर्ण भएका छन् । त्यसैगरी छात्रातर्फ जम्मा प्राप्ताङ्क ४८६ र औसत ४८.६% रहेको छ भने १ जना (१०%) प्रथम श्रेणीमा, ५ जना (५०%) द्वितीय श्रेणीमा र ४ जना (४०%) तृतीयश्रेणीमा उत्तीर्ण भएका छन् । शै. स. २०६६, २०६७ र २०६८ को समग्र रुपमा हेर्दा छात्रतर्फको जम्मा प्राप्ताङ्क १५३६ रहेको छ भने छात्रहरुले सामाजिक अध्ययन विषयमा औसत ५१.२% अङ्क प्राप्त गरेका छन् । त्यसैगरी छात्राहरुले जम्मा प्राप्ताङ्क १४४५ ल्याएका छन भने सामाजिक अध्ययन विषयमा औसत ४८.१७% अङ्क हासिल गरेका छन् । यसबाट के देखिन्छ भने छात्रहरुको तुलनामा छात्राहरुको उपलब्धि ३.३% घटी रहेको छ । त्यसैगरी श्रेणीगत आधारमा हेर्दा समेत छात्राहरु छात्रको तुलनामा कमजोर नै देखिन्छन् ।

### ४.२.३ संस्थागत र सामुदायिक विद्यालयको छात्रहरुको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलना

संस्थागत र सामुदायिक विद्यालयको छात्रहरुको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलना गर्न शै.स. २०६६,२०६७ र २०६८ का छनौटमा परेका ३०/३० जना छात्र र छात्राले प्राप्त गरेको  औषत र श्रेणीगत प्राप्ताङ्कको आधारमा सिकाइ उपलब्धिको व्याख्या र विश्लेषण गरिएको छ, जुन तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६ क संस्थागत छात्र

संस्थागत छात्रहरुको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलना

| क्र.सं. | शै.स. | विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | प्रथम श्रेणी | प्रतिशत | द्वितीय श्रेणी | प्रतिशत | तृतीय श्रेणी | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २०६६ | १० | ८३३ | ८३.५ | १० | १०० | - | - | - | - |
| २ | २०६ | १० | ८७५ | ८७.५ | १० | १०० | - | - | - | - |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ७ | | | | | | | | | |
| ३ | २०६८ | १० | ८१४ | ८१.४ | १० | १०० | – | – | – | – |
| जम्मा | | ३० | २५२४ | ८४.१३ | ३० | १०० | – | – | – | – |

स्रोतः मार्कलेजर, २०६६, २०६७ र २०६८

तालिका ६ ख सामुदायिक छात्र

सामुदायिक विद्यालयको छात्रहरुको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलना


| क्र.सं. | शै.स. | विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | प्रथम श्रेणी | प्रतिशत | द्वितीय श्रेणी | प्रतिशत | तृतीय श्रेणी | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २०६६ | १० | ४७६ | ४७.६ | – | – | ७ | ७० | ३ | ३० |
| २ | २०६७ | १० | ५६३ | ५६.३ | ३ | ३० | ६ | ६० | १ | १० |
| ३ | २०६८ | १० | ४९७ | ४९.७ | १ | १० | ७ | ७० | २ | २० |
| जम्मा | | ३० | १५३६ | ५१.२ | ४ | १३.३३ | २० | ६६.६७ | ६ | २० |

स्रोतः मार्कलेजर, २०६६, २०६७ र २०६८

चित्र ४


सामुदायिक र संस्थागत विद्यालयको छात्रको औसत प्राप्ताङ्कको अवस्था

(३ वर्षको)



चित्र ५

सामुदायिक र संस्थागत विद्यालयको छात्रको श्रेणीगत प्राप्ताङ्को
अवस्था (३ वर्षको)



तालिकामा उल्लेख भए अनुसार संस्थागत र सामुदायिक विद्यालयको छात्रहरुको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलना गर्न शै. स. २०६६, २०६७ र २०६८ मा प्रत्येक वर्ष १०/१० जना विद्यार्थीहरुको छनौट गरिएको थियो । तालिका अनुसार संस्थागत विद्यालयतर्फ शै. स. २०६६ को छात्रहरुको जम्मा प्राप्ताङ्क ८३५ र औसत ८३.५% रहेको छ । त्यसैगरी १० जना (१००%) छात्रहरु प्रथम श्रेणीको अङ्क ल्याई उत्तीर्ण भएको देखिन्छ भने सामुदायिक विद्यालयतर्फ शै. स. २०६६ को जम्मा प्राप्ताङ्क ४७६ र औसत ४७.६% रहेको छ । त्यसैगरी ७ जना (७०%) छात्रहरु द्धितीय श्रेणीमा र ३ जना (३०%) छात्रहरु तृतीय श्रेणीमा उत्तीर्ण भएका छन् । शै. स. २०६७ मा संस्थागत विद्यालयका छात्राहरुको जम्मा प्राप्ताङ्क ८७५, औसत ८७.५% र १० जना (१००%) छात्रहरु नै प्रथम श्रेणीमा उत्तीर्ण भएका छन् भने सामुदायिक विद्यालयहरुका छात्रहरुको जम्मा प्राप्ताङ्क ५६३ र औसत ५६.३% रहेको छ भने ३ जना (३०%) प्रथम श्रेणीमा, ६ जना (६०%) द्धितिय श्रेणीमा र १ जना ( १०%) तृतीय श्रेणीमा उत्तीर्ण भएका छन् । शै. स. २०६८ मा संस्थागत विद्यालयको छात्रहरुको जम्मा प्राप्ताङ्क ८१४ आषत ८१.४% र १० जना (१००%) प्रथम श्रेणीमा उत्तीर्ण भएको देखिन्छ भने सामुदायिक विद्यालयका छात्रहरुको जम्मा प्राप्ताङ्क ४९७ औसत ४९.७% र १ जना (१०%) प्रथम श्रेणीमा ७ जना (७०%) द्धितिय श्रेणीमा र २ जना (२०%) तृतीय श्रेणीमा उत्तीर्णं भएको देखिन्छ । शै. स. २०६६, २०६७ र २०६८ लाई समग्र रुपमा हेर्दा संस्थागत विद्यालयका छनौटमा परेका जम्मा ३० जना छात्रहरुको जम्मा प्राप्ताङ्क २५२४ र औसत ८४.१३% रहेको छ भने ३० जना (१००%) छात्रहरु प्रथम श्रेणीको प्राप्ताङ्क ल्याई उत्तीर्ण भएका छन् । त्यसै गरी सामुदायिक विद्यालयतर्फ छनौटमा परेका ३० जना छात्रहरुको जम्मा प्राप्ताङ्क १५३६ औसत ५१.२% रहेको छ भने ३० जना छात्रहरुमध्ये ४ जना ((१३.३३%) प्रथम श्रेणीमा, २० जना (६६.६७%) द्वितीय श्रेणीमा ६ जना (२०%) छात्रहरु तृतीयश्रेणीमा उत्तीर्ण भएका छन् । यसबाट के देखिन्छ भने सामुदायिक विद्यालयका छात्रहरु भन्दा संस्थागत विद्यालयका छात्रहरुको सामाजिक अध्ययन विषयको औसत उपलब्धि ३२.९३% ले उच्च रहेको छ । श्रेणीगत आधारमा पनि संस्थागत विद्यालयको उपलब्धि सामुदायिक विद्यालयको उपलब्धिभन्दा उच्च देखिन्छ ।

### ४.२.४. संस्थागत र सामुदायिक विद्यालयको छात्राहरुको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलना

संस्थागत र सामुदायिक विद्यालयको छात्राहरुको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलना गर्न शै.स. २०६६,२०६७ र २०६८ का छनौटमा परेका ३०/३० जना छात्र र छात्राले प्राप्त गरेको औषत र श्रेणीगत प्राप्ताङ्कको आधारमा सिकाइ उपलब्धिको व्याख्या र विश्लेषण गरिएको छ। जुन तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ७ क संस्थागत छात्रा

संस्थागत विद्यालयको छात्राहरुको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलना

| क्र.सं. | शै.स. | विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | प्रथम श्रेणी | प्रतिशत | द्वितीय श्रेणी | प्रतिशत | तृतीय श्रेणी | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २०६६ | १० | ८०३ | ८०.३ | ९ | ९० | १ | १० | - | - |
| २ | २०६७ | १० | ७३७ | ७३.७ | १० | १०० | - | - | - | - |
| ३ | २०६८ | १० | ८०७ | ८०.७ | १० | १०० | - | - | - | - |
| जम्मा | | ३० | २३४७ | ७८.२३ | २९ | ९६.६६ | ३.३३ | - | - | - |

स्रोतः मार्कलेजर, २०६६, २०६७ र २०६८

तालिका ७ ख सामुदायिक छात्रा


सामुदायिक विद्यालयको छात्राहरुको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलना

| क्र.सं. | शै.स. | विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | प्रथम श्रेणी | प्रतिशत | द्वितीय श्रेणी | प्रतिशत | तृतीय श्रेणी | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २०६६ | १० | ४५७ | ४५.७ | - | - | ४ | ४० | ६ | ६० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | २०६७ | १० | ५०२ | ५०.२ | १ | १० | ७ | ७० | २ | २० |
| ३ | २०६८ | १० | ४८६ | ४८.६ | १ | १० | ५ | ५० | ४ | २० |
| जम्मा | | ३० | १४४५ | ४८.१७ | २ | ६.६७ | १६ | ५३.३३ | १२ | ४० |

स्रोतः मार्कलेजर, २०६६, २०६७ र २०६८

चित्र ६
सामुदायिक र संस्थागत विद्यालयको छात्राको औसत प्राप्ताङ्कको
अवस्था (३ वर्षको)




प्रस्तुत तालिकाअनुसार शै. स. २०६६ को संस्थागत विद्यालयका छात्राहरुको सामाजिक अध्ययन विषयको जम्मा प्राप्ताङ्क  ८०३ र औसत ८०.३% रहेको छ भने ९ जना (९०%) छात्रा प्रथम श्रेणीमा र १ जना (१०%) छात्रा द्वितीय श्रेणीमा उत्तीर्ण भएका छन् । त्यसैगरी सामुदायिक विद्यालयतर्फ जम्मा प्राप्ताङ्क ४५७ र औसत ४५.७% रहेको छ भने ४ जना (४०%) छात्रा द्वितीय श्रेणीमा र ६ जना (६०%) तृतीयश्रेणीमा उत्तीर्ण भएका छन् । शै. स. २०६७ मा संस्थागत विद्यालय तर्फ जम्मा प्राप्ताङ्क ७३७ र औसत ७३.७% रहेको छ भने १० जना (१००%) छात्राहरुले प्रथम श्रेणीको प्राप्ताङ्क ल्याएका छन् । त्यसैगरी सामुदायिक विद्यालय तर्फ जम्मा प्राप्ताङ्क ५०२, औसत  ५०.२% र १ जना प्रथम श्रेणी, ७ जना (७०%)

द्वितीय श्रेणी र २ जना (२०%) तृतीय श्रेणीमा उत्तीर्ण भएका छन् । शै. स. २०६८ मा संस्थागत विद्यालयका छात्राहरुको जम्मा प्राप्ताङ्क ८०७, औसत ८०.७% रहेको छ भने १० जना (१००%) छात्राहरुले प्रथम श्रेणीको अङ्क प्राप्त गरेका छन् । त्यसैगरी सामुदायिक विद्यालयका छात्राहरुको जम्मा प्राप्ताङ्क ४८६, औसत ४८.६% रहेको छ भने १ जना (१०%) प्रथम श्रेणीमा उत्तीर्ण भएमा छन् । शै. स. २०६६, २०६७ र २०६८ को समग्रतामा हेर्दा सामाजिक अध्ययन विषयको उपलब्धि संस्थागत विद्यालयतर्फ जम्मा प्राप्ताङ्क २३४७ रहेको छ भने छात्राहरुले औसत ७८.२३% प्राप्ताङ्क हासिल गरेका छन् । श्रेणीगत आधारमा जम्मा ३० जना छात्राहरुमध्ये २९ (९६.६७%) प्रथम श्रेणीमा र १ जना (३.३३%) द्वितीय श्रेणीमा उत्तीर्ण भएका छन् । त्यसैगरी सामुदायिक विद्यालय तर्फको छात्राहरुको जम्मा प्राप्ताङ्क १४४५ र औसत ४८.१७% रहेको देखिन्छ भने श्रेणीगत आधारमा हेर्दा २ जना (६.६७%) प्रथम श्रेणीमा, १६ जना (५३.३३%) द्वितीय श्रेणीमा र १२ जना (४०%) छात्राहरु तृतीय श्रेणीमा उत्तीर्ण भएका छन् । यसबाट के देखिन्छ भने श्रेणीगत आधारमा हेर्दा संस्थागत विद्यालयका छात्राहरुको उपलब्धि सामुदायिक विद्यालयमा पढ्ने छात्राहरुको उपलब्धि भन्दा राम्रो छ । त्यसैगरी सामाजिक अध्ययन विषयको औसत उपलब्धिको आधारमा संस्थागत विद्यालयमा अध्ययनरत छात्राहरुको उपलब्धि सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुको उपलब्धिभन्दा ३०.६% उच्च देखिन्छ ।

### ४.२.५ छात्र र छात्राको सामाजिक अध्ययन विषयको तुलना

छात्र र छात्राहरुको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलना गर्न शै.स. २०६६,२०६७ र २०६८ का छनौटमा परेका ६०/६० जना छात्र र छात्राले प्राप्त गरेको औषत र श्रेणीगत प्राप्ताङ्कको आधारमा सिकाइ उपलब्धिको व्याख्या र विश्लेषण गरिएको छ । जुन तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ८ क

छात्रको सामाजिक अध्ययन विषयको तुलना

| क्र. सं. | शै. स. | विद्यार्थी सङ्ख्य | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | प्रथम श्रेणी | प्रतिशत | द्वितीय श्रेणी | प्रतिशत | तृतीय श्रेणी | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ा | | | | | | | | |
| १ | २०६६ | २० | १३११ | ६५.५५ | १० | ५० | ७ | ३५ | ३ | १५ |
| २ | २०६७ | २० | १४३८ | ७१.९ | १३ | ६५ | ६ | ३० | १ | ५ |
| ३ | २०६८ | २० | १३११ | ६५.५५ | ११ | ५५ | ७ | २५ | २ | १० |
| जम्मा | | ६० | ४०६० | ६७.६७ | ३४ | ५६.६७ | २० | ३३.३३ | ६ | १० |

स्रोतः मार्कलेजर, २०६६, २०६७ र २०६८

तालिका ८ ख


छात्राको सामाजिक अध्ययन विषयको तुलना

| क्र. सं. | शै. स. | विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | प्रथम श्रेणी | प्रतिशत | द्वितीय श्रेणी | प्रतिशत | तृतीय श्रेणी | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २०६६ | २० | १२६० | ६३ | ९ | ४५ | ५ | २५ | ६ | ३० |
| २ | २०६७ | २० | १२३९ | ६१.९५ | ११ | ५५ | ७ | ३५ | २ | १० |
| ३ | २०६८ | २० | १२९३ | ६४.६५ | ११ | ५५ | ५ | २५ | ४ | २० |
| जम्मा | | ६० | ३७९२ | ६३.२ | ३१ | ५१.६७ | १७ | २८.३३ | १२ | २० |

स्रोतः मार्कलेजर, २०६६, २०६७ र २०६८


चित्र ७

छात्र छात्राको औसत प्राप्ताङ्कको अवस्था (३ वर्षको)




चित्र ८

छात्र छात्राको श्रेणीगत प्राप्ताङ्कको अवस्था (३ वर्षको)




प्रस्तुत तालिकाअनुसार शै. स. २०६६ मा छनौटमा परेका २० जना छात्रहरुको जम्मा प्राप्ताङ्क १३११ र औसत ६५.५५% रहेको छ भने १० जना (१००%) प्रथम श्रेणीमा, ७ जना (३५%) द्बितीय श्रेणीमा र ३ जना (१५%) तृतीयश्रेणीमा उत्तीर्ण भएका छन् । त्यसैगरी

छात्रातर्फ छनौटमा परेका २० जनाको जम्मा प्राप्ताङ्क १२६० र औसत ६३% रहेको छ भने ९ जना (४५%) प्रथम श्रेणीमा, ५ जना (२५%) द्वितीय श्रेणीमा र ६ जना (३०%) तृतीय श्रेणीमा उत्तीर्ण भएको देखिन्छ । शै. स. २०६७ मा छात्रतर्फ जम्मा प्राप्ताङ्क १४३८ र औसत ७१.९% रहेको छ भने १३ जना (६५%) प्रथम श्रेणीमा, ६ जना (३०%) द्वितीय श्रेणीमा र १ जना (५%) तृतीय श्रेणीमा उत्तीर्ण भएका छन् । त्यसैगरी छात्रा तर्फ जम्मा प्राप्ताङ्क १२३९, औसत ६१.९५% रहेको छ भने ११ जना (५५%) प्रथम श्रेणीमा, ७ जना (३५%) द्वितीय श्रेणीमा २ जना (१०%) र तृतीय श्रेणीमा उत्तीर्ण भएको देखिन्छ । शै. स. २०६८ मा संस्थागत विद्यालयतर्फ जम्मा प्राप्ताङ्क १३११, औसत ६५.५५% र ११ जना (५५%) प्रथम श्रेणी , ७ जना (३५%) द्वितीय श्रेणी र २ जना (१०%) तृतीय श्रेणीमा उत्तिर्ण भएको देखिन्छ भने छात्रातर्फ जम्मा प्राप्ताङ्क १२३९ , औसत ६४.६५% र ११ जना (५५%) प्रथम श्रेणी, ५ जना (२५%) द्वितीय श्रेणी र ४ जना (२०%) उत्तीर्ण भएको देखिन्छ । शै. स. २०६६, २०६७ र २०६८ को समग्र रुपमा हेर्दा छनौटमा परेका ६० जना छात्रहरुको सामाजिक अध्ययन विषयको जम्मा प्राप्ताङ्क ४०६० रहेको छ भने औसत ६७.६७% रहेको छ । त्यसैगरी ३४ जना (५६.६७%) छात्रहरु प्रथम श्रेणीमा, २० जना (३३.३३%) छात्रहरु द्वितीय श्रेणीमा र ६ जना (१०%) छात्रहरु तृतीयश्रेणीमा उत्तीर्ण भएको देखिन्छ । छनौटमा परेका ६० जना छात्राहरुको जम्मा प्राप्ताङ्क ३७९२ रहेको छ भने औसत ६३.२% रहेको छ । त्यसैगरी ३१ जना (५१.६७%) छात्राहरु प्रथम श्रेणीमा, १७ जना (२८.३३%) छात्राहरु द्वितीय श्रेणीमा र १२ जना (२०%) छात्राहरु तृतीयश्रेणीमा उत्तीर्ण भएको देखिन्छ । यस तथ्याङ्कबाट के देखिन्छ भने छात्रहरुको उपलब्धि छात्रहरुको तुलनामा ४.६७% बढी रहेको छ भने श्रेणीगत आधारमा समेत छात्रहरुको उपलब्धि छात्रहरुको तुलनामा बढी रहेको छ । विनेटले प्रतिपादन गरेको अंक गणित र तर्कशास्त्रमा छात्राहरुको भन्दा छात्रहरुको उपलब्धि उच्च रहने गरेको सिद्धान्त सँग यस अध्ययनको निष्कर्ष मिल्दोजुल्दो देखिएको. छ । यस अध्ययनबाट सामाजिक अध्ययन विषयमा छात्राहरुको भन्दा छात्रहरुको सिकाइ उपलब्धि उच्च रहेको देखिएको छ ।

## ४.३ सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिलाई प्रभाव पार्ने तत्वहरु पहिचान गरी सुधारका लागि सुझाव प्रस्तुत गर्न सरोकारवलाहरुको प्रतिक्रिया एवम् कक्षा अवलोकनको विश्लेषण

जिल्ला स्तरीय परीक्षामा सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिलाई प्रभाव पार्ने तत्वहरु पहिचान गरी समाधानका उपायहरु प्रस्तुत गर्नका लागि प्रश्नावली निर्माण गरी विद्यार्थी, विषय शिक्षक, प्रधानाध्यापक, स्रोतव्यक्ति र अभिभावकहरुलाई प्रश्नावली भर्न लगाई प्रतिक्रिया लिइएको थियो । साथै अनुसन्धानकर्ताको स्वयं सम्बन्धित विद्यालयमा गई कक्षा अवलोकन गरिएको थियो । सम्बन्धित सरोकारवालाहरुको प्रतिक्रिया र कक्षा अवलोकन विश्लेषण निम्न अनुसार रहेको पाइयो ।

### ४.३.१ विद्यार्थीहरुको प्रतिक्रिया विश्लेषण

जिल्ला स्तरीय परीक्षामा सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरुको पहिचान गरी समाधानका उपायहरु प्रस्तुत गर्नका लागि विद्यार्थीहरुलाई छुट्टै प्रश्नावली निर्माण गरी २०६८ सालको जिल्ला स्तरीय परीक्षामा सामेल भई उक्त परीक्षा उत्तीर्ण भई हाल कक्षा ९ मा अध्ययनरत प्रत्येक विद्यालयबाट २ जना छात्र र २ जना छात्रा पर्ने गरी संभावनायुक्त नमुना छनौट विधिको प्रयोग गरी जम्मा १६ जना विद्यार्थी छनौट गरी प्रश्नावली भर्न लगाई प्रतिक्रिया लिइएको थियो । विद्यार्थीहरुको प्रतिक्रिया र विश्लेषण निम्न अनुसार छ (प्रश्नावली अनुससूची १ मा उल्लेख छ) ।

तालिका ९

विद्यार्थीहरुको प्रतिक्रिया विश्लेषण

| क्र.सं. | विषय | सामुदायिक विद्यार्थी | | | संस्थागत विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|
| | | सकारात्मक | नकारात्मक | जम्मा | सकारात्मक | नकारात्मक | जम्मा |
| १ | सामाजिक अध्ययन विषय र विषय अन्तर्गतका विषयवस्तुहरुको विद्यार्थीमा रुचीपूर्णता | ६ | २ | ८ | ५ | ३ | ८ |
| २ | वर्षभरी एउटै शिक्षकले पढाउने | ८ | - | ८ | ८ | - | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | टिफिन अगाडि पढाइ हुने | ४ | ४ | ८ | ४ | ४ | ८ |
| ४ | गृहकार्यको नियमितता | १ | ७ | ८ | ८ | – | ८ |
| ५ | उपयुक्त विधिबाट पढाइ हुने | २ | ६ | ८ | ५ | ३ | ८ |
| ६ | नियमित पढाइ हुने | ४ | ४ | ८ | ७ | १ | ८ |
| ७ | कठिन विषयको रुपमा | २ | ६ | ८ | ५ | ३ | ८ |
| ८ | विगतको सामाजिक अध्ययन विषयमा प्राप्त भएको प्राप्ताङ्क | २ | ६ | ८ | ५ | ३ | ८ |
| ९ | समयमै पाठ्पुस्तकको उपलब्धता | – | ८ | ८ | १ | ७ | ८ |
| १० | पुस्तकालयमा पाठ्यपुस्तक र सन्दर्भ सामग्रीको उपलब्धता | १ | ७ | ८ | ६ | २ | ८ |
| ११ | पुस्तकालयमा गएर नियमित अध्ययन गर्ने | १ | ७ | ८ | ४ | ४ | ८ |
| १२ | अध्ययनको लागि आवश्यक खर्च पुगेको छ | २ | ६ | ८ | ७ | १ | ८ |
| १३ | कक्षा शिक्षणबाट सन्तुष्टि | ३ | ५ | ८ | ६ | २ | ८ |
| १४ | सामाजिक अध्ययनको लागि घरमा कम्तिमा १ घण्टा समय छुट्याइएको | | ८ | ८ | २ | ६ | ८ |
| १५ | पाठ्यक्रमको उपलब्धता र प्रयोग | | ८ | ८ | ३ | ५ | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १६ | कक्षा शिक्षणमा शैक्षिक सामग्रीको | २ | ६ | ८ | ५ | ३ | ८ |

माथिको तालिका अनुसार सामाजिक अध्ययन विषय र यस विषयका विषयवस्तुहरु रुचिपूर्ण छन् भन्ने प्रश्नमा सामुदायिक विद्यालयका ६ जना (७५%) ले रुचिपूर्ण छन् र २ जना (२५%) ले रुचिपूर्ण छैनन् भन्ने प्रतिक्रिया दिनु भयो, भने संस्थागत विद्यालयका ५ जना (६२.५%) ले रुचिपूर्ण छन् र (३७.५%) ले रुचिपुर्ण छैनन् भन्ने प्रतिक्रिया दिए । सामाजिक अध्ययन विषय वर्षैभरि एउटै शिक्षकले पढाउनु हुन्छ भन्ने सन्दर्भमा सामुदायिक र संस्थागत विद्यालयका सबै विद्यार्थी (१००%) ले एउटै शिक्षकले पढाउनु हुन्छ भन्ने प्रतिक्रिया दिए । सामाजिक अध्ययन विषय टिफिन अगाडि पढाइ हुन्छ भनी सोधिएको प्रश्नमा सामुदायिक विद्यालयका ४ जना (५०%) र संस्थागत विद्यालया ४ जना (५०%) ले टिफिन अगाडि पढाइ हुन्छ भन्ने प्रतिक्रिया दिए  सामुदायिक विद्यालयका ४ जना (५०%) र संस्थागत विद्यालयका ४ जना (५०%) ले टिफिन पछाडि पढाइ हुन्छ भन्ने उत्तर दिए । गृहकार्यको नियमितताको सन्दर्भमा सामुदायिक विद्यालयका १ जना (१२.५%) ले गृहकार्य नियमित रुपमा गर्ने गरेको र शिक्षकले पनि परीक्षण गर्ने गरेको र ७ जना (८७.५%) ले गृहकार्य नियमित रुपमा नगर्ने गरेको प्रतिक्रिया दिएका छन् भने संस्थागत विद्यालयका ८ जना (१००%) ले नै गृहकार्य नियमित रुपमा गर्ने गरेको र परीक्षण हुने गरेको प्रक्रिया दिएका छन् । उपर्युक्त शिक्षण विधिबाट कक्षा शिक्षण हुने नहुने सन्दर्भमा सामुदायिक विद्यालयका २ जना (२५%) को सकारात्मक र ६ जना (७५%) को नकारात्मक प्रतिक्रिया प्राप्त भएको छ भने संस्थागत विद्यालयका ५ जना (६२.५%) को सकारात्मक र ३ जना (३७.५%) को नकारात्मक प्रतिक्रिया प्राप्त भएको छ । नियमित रुपमा पढाइ हुने सन्दर्भमा सामुदायिक विद्यालयका ४ जना (५०%) ले विद्यालयमा नियमित रुपमा पढाइ हुने र ४ जना (५०%) ले पढाइ नियमित रुपमा नहुने प्रतिक्रिया दिएका छन् । त्यसैगरी संस्थागत विद्यालयका ७ जना (८७.५%) ले नियमित रुपमा पढाइ हुने र १ जना (१२.५%) ले पढाइ नियमित रुपमा नहुने प्रतिक्रिया दिएका छन् । सामाजिक विषय कठिन छ भन्ने सम्बन्धमा सामुदायिक विद्यालयका २ जना (२५%) ले कठिन विषय र ६ जना (७५%) ले सजिलो विषयको रुपमा लिएको बताएका छन् भने संस्थागत विद्यालयका ५ जना (६२.५%) ले कठिन विषयको रुपमा र ३

जना (३७.५%) ले सजिलो विषयको रुपमा लिएको बताएका छन् । विगतको सामाजिक अध्ययन विषयको प्राप्ताङ्क कस्तो छ भन्ने प्रश्नमा सामुदायिक विद्यालयका २ जना (२५%) ले राम्रो भएको र ६ जना (७५%) ले राम्रो नभएको उत्तर दिएका छन् भने संस्थागत विद्यालयका ५ जनाले (६२.५%) राम्रो भएको र ३ जना (३७.५%) ले राम्रो नभएको उत्तर दिएका छन् । समयमै पाठ्यपुस्तकको उपलब्धताको सम्बन्धमा सामुदायिक विद्यालयका ८ जना (१००%) ले उपलब्ध नभएको एवम् संस्थागत विद्यालयका १ जना (१२.५%) ले उपलब्ध भएको र ६ जना (८७.५%) ले उपलब्ध नभएको प्रतिक्रिया दिएका छन् । पुस्तकालयमा पाठ्यपुस्तक र सन्दर्भ सामग्रीको उपलब्धताको सम्बन्धमा सामुदायिक विद्यालयका १ जना (१२.५%) ले उपलब्ध भएको र ७ जना (८७.५%) ले उपलब्ध नभएको एवम् संस्थागत विद्यालयका ६ जना (७५%) ले उपलब्ध भएको र २ जनाले उपलब्ध नभएको प्रतिक्रिया दिएका छन् । पुस्तकालयमा गएर नियमित अध्ययन गर्ने हरुमा सामुदायिक विद्यालयका १ जना (१२.५%) र संस्थागत विद्यालयका ४ जना (५०%) विद्यार्थीहरु देखिन्छन् । त्यसैगरी सामुदायिक विद्यालयका ६ जना (७५%) र संस्थागत विद्यालयका १ जना (१२.५%) लाई अध्ययनको लागि आवश्यक खर्चको अभाव देखिन्छ ।

कक्षा शिक्षणबाट सन्तुष्ट हुनुहुन्छ भन्ने सन्दर्भमा सामुदायिक विद्यालयका ३ जना (३७.५%) सन्तुष्ट र ५ जना (६२.५%) सन्तुष्ट नभएको एवम् संस्थागत विद्यालयका ६ जना (७५%) सन्तुष्ट र २ (२५%) सन्तुष्ट नभएको प्रतिक्रिया दिएका छन् । सामाजिक अध्ययन विषयको लागि घरमा न्युनतम एक घण्टा अध्ययन गर्ने विद्यार्थीहरुमा संस्थागत विद्यालयका २ जना (२५%) रहेका छन् भने अन्य सबैले एक घण्टा भन्दा कम समय छुट्याउने बताएका छन् । पाठ्यक्रमको उपलब्धता र प्रयोगको सम्बन्धमा संस्थागत विद्यालयका ३ जना ( ३७.५%) ले प्रयोग गर्ने गरेको र अन्य सबै विद्यार्थीहरुले प्रयोग नगरेको र सामुदायिक विद्यालयका ३ जना (३७.५%) ले पाठ्यक्रम नै नदेखेको बताएका छन् । कक्षा शिक्षणमा शैक्षिक सामग्रीको पर्याप्त प्रयोग भएको छ/छैन भन्ने सन्दर्भमा सामुदायिक विद्यालयका २ जना (२५%) ले भएको र ६ जना (७५%) ले नभएको एवम् संस्थागत विद्यालयका ५ जना (६२.५%) ले भएको र ३ जना (३७.५%) ले नभएको प्रतिक्रिया दिएका छन् । विद्यार्थीहरुको प्रतिक्रिया के देखिन्छ भने विद्यार्थीहरुले समयमै पाठ्यपुस्तक पाउदैनन् । पाठ्यक्रमको प्रयोग अधिकांश विद्यार्थीहरुले गर्ने गरेका छैनन् । सामुदायिक विद्यालयमा गृहकार्यको नियमितता देखिंदैन । सामाजिक अध्ययन विषयमा उपर्युक्त शिक्षण विधिहरुको प्रयोगमा कमी छ ।

सामुदायिक विद्यालयहरुमा संस्थागत विद्यालयको भन्दा पुस्तकालयमा शैक्षिक सामग्रीहरुको कमी छ ।

संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयमा नियमित रुपमा पढाइ हुँदैन । कक्षा शिक्षणमा पर्याप्त शैक्षिक सामग्रीहरुको प्रयोग हुन सकेको छैन । सामुदायिक विद्यालयका विद्यार्थीहरुको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरुले सामाजिक अध्ययन विषयलाई कठिन विषयको रुपमा लिने गर्दछन् । त्यसैगरी सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरुको सम्बन्धमा सामुदायिक विद्यालयका ५ जना (६२.५%) ले विद्यालयमा अध्ययनका लागि उपयुक्त शैक्षिक वातावरण नहुनु २ जना (२५%) ले शिक्षकहरुमा शिक्षण प्रति उत्साह र जाँगरको कमी हुनु र १ जना (१२.५%) ले परीक्षामा उपयुक्त वातावरण सिर्जना नहुनुलाई मुख्य मानेका छन् भने संस्थागत विद्यालयका ६ जना (७५%) ले पाठ्यपुस्तक समयमै उपलब्ध नहुनु, ३ जना (३६.५%) ले सामाजिक अध्ययन विषयमा राम्रो उत्तर लेखे पनि कम प्राप्ताङ्क प्राप्त हुनु, २ जना (२५%) ले सन्दर्भ सामग्री, पाठ्यक्रम र सहायक पुस्तकको अभाव र १ जना (१२.५%) ले उपयुक्त शिक्षणविधि र शैक्षिक सामग्रीको प्रयोग नहुनुलाई प्रमुख तत्व मानेका छन् । उक्त समस्याहरुलाई निराकरण गरी प्राप्ताङ्क वृद्धि गर्ने उपायहरुमा सामुदायिक विद्यालयका ५ जना (६२.५%) ले विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम गर्ने, बन्द हड्काललाई सदाका लागि बन्द गर्नुपर्ने, विद्यालयमा राजनैतिक भेला सभा सम्मेलन गर्न नदिने, विद्यालयको कम्पाउन्ड घेर्नुपर्ने, शिक्षकहरुको विद्यालयमा नियमित उपस्थिति हुनुपर्ने राय व्यक्त गरेका छन् । त्यसैगरी ३ जना (३७.५%) जनाले समयमै पाठ्यपुस्तक उपलब्ध हुनुपर्ने २ जनाले शिक्षकहरुले शिक्षण प्रति बढी ध्यान दिनुपर्ने र १ जना (१२.५%) ले परीक्षामा स्वच्छ शान्त वातावरणको सिर्जना गर्ने तर्फ ध्यान दिनुपर्ने बताएका छन् । संस्थागत विद्यालयका ६ जना (७५%) ले पाठ्यपुस्तकको समयमै उपलब्धता ३ जना (३७.५%) ले सामाजिक अध्ययन विषयको उत्तरपुस्तिका परीक्षणमा विशेष ध्यान दिनुपर्ने र उत्तरपुस्तिका हेर्न पाउनुपर्ने, २ जना (२५%) ले पाठ्क्रम, सन्दर्भ सामग्रीको उपलब्धता हुनु पर्ने र १ जना (१२.५%) ले विद्यार्थी केन्द्रित शिक्षणविधि र कक्षा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग तर्फ जोड दिएका छन् ।

### ४.३.२ विषय शिक्षकको प्रतिक्रिया विश्लेषण

जिल्ला स्तरीय परीक्षामा सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरु पहिचान र निराकरणका उपायहरु पत्तालगाउन दुईवटा सामुदायिक र दुईवटा संस्थागत विद्यालयमा कक्षा ८ मा सामाजिक अध्ययन विषय शिक्षण गर्ने एक-एक जना शिक्षकहरु छनौट गरी उक्त शिक्षकहरुको लागि छुट्टै प्रश्नावली निर्माण गरी प्रतिक्रिया लिइएको थियो । उक्त प्रतिक्रिया यस प्रकार छ (प्रश्नावली अनुसूची २ मा र विषय शिक्षकाको नाम र विद्यालय अनुसूची ७ मा उल्लेख छ) ।

तालिका १० विषय शिक्षकको प्रतिक्रिया विश्लेषण

| क.सं. | विषय | सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|---|---|
| | | सकारात्मक | नकारात्मक | जम्मा | सकारात्मक | नकारात्मक | जम्मा |
| १. | आवश्यक न्युनतम योग्यता भएको | २ | – | २ | २ | – | २ |
| २. | तालिम प्राप्त | २ | – | २ | १ | १ | २ |
| ३. | सामाजिक अध्ययन विषयको विषयवस्तुहरुको छनौट, सङ्गठन र रुचिपुर्णता | १ | १ | २ | १ | १ | २ |
| ४. | सामाजिक एक कठिन विषय | – | २ | २ | १ | १ | २ |
| ५. | कक्षा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग | २ | – | २ | २ | – | २ |
| ६. | पाठ्यक्रमका उद्देश्यहरु समेट्ने गरी पाठ्यपुस्तकको व्यवस्था | १ | १ | २ | १ | १ | २ |
| ७. | विद्यालयमा शैक्षिक सामग्रीको उपलब्धता | – | २ | २ | १ | १ | २ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८. | सामाजिक अध्ययन विषयमा विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्कबाट सन्तुष्टि | १ | १ | २ | १ | १ | २ |
| ९. | सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरु बीच सिकाइ उपलब्धिमा फरक हुन्छ | १ | १ | २ | २ | – | २ |
| १०. | छात्र र छात्रा बीच सिकाइ उपलब्धिमा फरक हुन्छ | २ | – | २ | १ | १ | २ |
| ११. | शिक्षा लिन छात्र र छात्रालाई समान अवसर प्राप्त छ | – | २ | २ | १ | १ | २ |
| १२. | विद्यालयबाट तपाइँलाई शिक्षणका लागि पर्याप्त सहयोग प्राप्त भएको | १ | १ | २ | १ | १ | २ |

स्रोत : स्थलगत सर्वेक्षण

प्रस्तुत तालिका अनुसार तपाइँको न्यूनतम शैक्षिक योग्यता छ भन्ने सन्दर्भमा सामुदायिक र संस्थागत दुवै विद्यालयहरुमा सामाजिक अध्ययन विषय अध्ययापन गर्ने शिक्षकहरुको आवश्यक न्यूनतम योग्यता पूरा भएको साथै सबै शिक्षकहरुले माथिल्लो योग्यता समेत हासिल गर्नु भएको प्रतिक्रिया दिनु भयो । तालिम प्राप्त गर्नु भएको छ भन्ने सन्दर्भमा सामुदायिक विद्यालयका २ (१००%) ले तालिम प्राप्त गरिसकेको र संस्थागत विद्यालयमा (५०%) ले तालिम प्राप्त गर्नु भएको र १ जना (५०%) ले तालिम लिन बाँकी रहेको प्रतिक्रिया दिनुभएको सामाजिक अध्ययन विषयको विषयवस्तुको छनौट, सङ्गठन र रुचिपूर्णताको सन्दर्भमा सामुदायिक विद्यालयका १ जना (५०%) र संस्थागत विद्यालयका १ जना (५०%) ले सकारात्मक भएको प्रतिक्रिया दिएका छन् भने सामुदायिक विद्यालयका १ (५०%) र संस्थागत विद्यालयका १ (५०%) ले उक्त विषयको विषयवस्तुको छनौट, सङ्गठन र विषयवस्तु रुचिपूर्ण नभएको र संशोधन गर्न आवश्यक छ भन्ने प्रतिक्रिया दिनुभएको छ ।

सामाजिक अध्ययन विषय कठिन विषय भन्ने सम्बन्धमा सामुदायिक विद्यालय २ जना (१००%) ले सकारात्मक र संस्थागत विद्यालयका १ (५०%) जनाले सकारात्मक र १ जना (५०%) ले नकारात्मक प्रतिक्रिया दिनुभएको छ । कक्षा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग गर्नु हुन्छ भन्ने प्रश्नमा सामुदायिक र संस्थागत दुवै विद्यालयका सबै शिक्षकले प्रयोग गर्ने गरेको उत्तर दिनुभएको छ । पाठ्यक्रमले तोकेका उद्देश्यहरु हासिल हुनेगरी पाठ्यपुस्तकको व्यवस्था भएको छ भन्ने प्रश्नमा सामुदायिक विद्यालयका १ जना (५०%) ले समेट्छ र १ जना (५०%) ले समेट्न सकेको छैन भन्ने प्रतिक्रिया दिनुभएको छ भने संस्थागत विद्यालयका १ जना (५०%) ले समेटछ र १ जना (५०%) ले समेटन नसकेको प्रतिक्रिया दिनुभएको छ । विद्यालयमा शैक्षिक सामग्रीको उपलब्धताको सम्बन्धमा सामुदायिक विद्यालयका २ जना (१००%) ले पर्याप्त व्यवस्था नभएको एवम् संस्थागत विद्यालयका १ जना (५०%) ले विद्यालयमा शैक्षिक सामग्रीको आवश्यक व्यवस्था भएको छ र १ जना (५०%) ले नभएको प्रतिक्रिया दिनुभएको छ । सामाजिक अध्ययन विषयमा विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्कबाट सन्तुष्ट हुनुहुन्छ भन्नेमा सामुदायिक र संस्थागत विद्यालयका १/१ जना शिक्षकहरु सन्तुष्ट र १/१ जना शिक्षकहरु सन्तुष्ट नभएको प्रतिक्रिया प्राप्त भएको छ । सामुदायिक र संस्थागत विद्यालयबीच सिकाइ उपलब्धिमा फरक हुन्छ भन्ने सम्बन्धमा सामुदायिक विद्यालयका १ जना ५०% ले हुन्छ र १ जना (५०%) ले हुँदैन भन्ने एवम् संस्थागत विद्यालयका २ जना (१००%) ले फरक हुन्छ भन्ने राय व्यक्त गर्नुभएको छ । त्यसैगरी छात्र र छात्रा बीच सिकाइ उपलब्धिमा फरक हुन्छ भन्ने सम्बन्धमा सामुदायिक विद्यालयका २ जना (१००%) ले फरक हुन्छ र संस्थागत विद्यालयका १ जना (५०%) ले फरक हुन्छ र १ जना (५०%) ले फरक हुँदैन भनी प्रतिक्रिया दिनुभएको छ । शिक्षा लिन छात्र र छात्राले समान अवसर प्राप्त गरेका छन् भन्ने प्रश्नमा सामुदायिक विद्यालयका २ जना (१००%) ले समान अवसर प्राप्त छैन एवम् संस्थागत विद्यालयका १ जनाले समान अवसर प्राप्त छैन र १ जनाले समान अवसर प्राप्त हुन्छ भनी प्रतिक्रिया दिनुभएको छ । विद्यालयबाट तपाइँलाई शिक्षणका लागि पर्याप्त सहयोग भएको छ भन्ने सम्बन्धमा सामादायिक र संस्थागत विद्यालयका १/१ जनाले सहयोग प्राप्त भएको र १/१ जनाले सहयोग नभएको राय प्रस्तुत गर्नुभएको छ ।

शिक्षकहरुको उक्त प्रतिक्रियाको आधारमा के देखिन्छ भने, सामाजिक अध्ययन विषयलाई सजिलो विषयको रुपमा लिने गरे तापनि यो विषय एक कठिन विषयको रुपमा

रहेको छ । सामाजिक अध्ययन विषयको पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरु प्राप्त गर्न पाठ्यपुस्तकमा मात्र भर पर्न सकिँदैन । विद्यालयमा शैक्षिक एवम् सन्दर्भ सामग्रीहरुको अभाव देखिन्छ । विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्कबाट स्वयं सबै शिक्षक सन्तुष्ट देखिन्दैनन् । छात्र र छात्राबीच अझै पनि समान अवसर प्राप्त हुन सकेको छैन । परिणामस्वरुप छात्राहरुको छात्रको तुलनामा सिकाइ उपलब्धि कमजोर छ । सामुदायिक विद्यालय र संस्थागत विद्यालयको सिकाइ उपलब्धिमा फरक हुन्छ ।

त्यसैगरी सामाजिक अध्ययन विषयको शिक्षण गर्दा कुन कुन शिक्षण विधि अपनाउनु हुन्छ भन्ने सम्बन्धमा सामुदायिक विद्यालयका २ जना (१००%) ले नै विद्यालयमा स्रोत साधनको अभावमा प्रयोगात्मक र शैक्षिक भ्रमण जस्ता विधिहरु अपनाउन नसकिएको प्रायः शिक्षक केन्द्रित विधिहरुबाट शिक्षण गर्ने गरेको राय व्यक्त गर्नुभयो भने संस्थागत विद्यालयका २ जना (१००%) ले नै आवश्यकता अनुसार विद्यार्थी केन्द्रित, प्रयागात्मक एवम् शैक्षिक भ्रमण लगायतका विधिहरु अनुसारको शिक्षण गरेको राय व्यक्त गर्नुभएको छ ।

सामुदायिक र संस्थागत विद्यालयबीच सिकाइ उपलब्धिमा के कारणले फरक हुन्छ भन्ने प्रश्नमा सामुदायिक विद्यालयका २ जना (१००%) ले सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयमा सिकाइ उपलब्धि राम्रो हुनुमा संस्थागत विद्यालयमा शैक्षिक व्यवस्थापन राम्रो भएको, भौतिक स्रोत साधन, शैक्षिक सामग्री र सन्दर्भ सामग्रीहरुको प्रर्याप्तता, कक्षाकोठामा विद्यार्थी सङ्ख्या थोरै हुने गरेको, विद्यार्थी अनुशासन राम्रो भएको, सम्पूर्ण अभिभावकहरुको आकर्षण संस्थागत विद्यालयमा भएकाले राम्रा विद्यार्थीहरु संस्थागत विद्यालयमा भर्ना हुने गरेको बताएका छन् भने संस्थागत विद्यालयका २ जना (१००%) ले सामुदायिक विद्यालयमा नियमित पढाइ हुने नगरेको, शिक्षकहरुको सेवा सुविधा संस्थागत विद्यालयका शिक्षकहरुको भन्दा बढी भए पनि सामुदायिक विद्यालयका शिक्षकहरु शिक्षण पेशा प्रति उदासीन बनेको, शैक्षिक व्यवस्थापन कमजोर भएको, अत्याधिक विद्यार्थी सङ्ख्या हुने गरेको हुँदा संस्थागत विद्यालयको सिकाइ उपलब्धि सामुदायिक विद्यालयको भन्दा उच्च हुने गरेको बताएका छन् ।

छात्र र छात्रा बीच सिकाइ उपलब्धिमा फरक आउनमा के कारण जिम्मेवार छन् भन्ने सम्बन्धमा संस्थागत र सामुदायिक दुवै विद्यालयका शिक्षकहरुले छात्रहरु भन्दा छात्राहरु बढी घरायसी काममा व्यस्त हुनुपर्ने, छात्राहरु भन्दा छात्रहरु बढी स्वतन्त्र भई

सामाजिक घुलमेल हुने, अभिभावकहरुले छात्राको तुलनामा छात्रहरुमा बढी लगानी गर्ने भएकोले छात्रको तुलनामा छात्राहरुको सिकाइ उपलब्धि कम भएको राय व्यक्त गरेका छन् । सामाजिक अध्ययन विषयमा प्रभाव पार्ने तत्वहरुको बारेमा सामुदायिक विद्यालयका २ जना (१००%) ले विद्यालयमा अनावश्यक राजनैतिक हस्तक्षेप, बन्द, हडताल, शैक्षिक सामग्रीहरुको अभाव, पाठ्यपुस्तक समयमै उपलब्ध नहुनु, उपयुक्त शिक्षण विधिहरु अपनाउन स्रोत साधनहरुको कमी, सामाजिक विभिन्न विषयहरुको एकीकृत रुप भएको हुँदा विषयवस्तु अनुसार तालिमको अभाव, विद्यार्थीहरुमा लगनशीललता र अनुशासनको कमी, कक्षाकोमा अध्याधिक विद्यार्थी सङ्ख्या हुनु उल्लेख गरेका छन भने संस्थागत विद्यालयका शिक्षकहरुले सामाजिक प्रयोगशालाको अभाव, पाठ्यपुस्तक समयमै उपलब्ध हुन नसक्नु, शिक्षकहरुलाई सामाजिक अध्ययन विषय सम्बन्धी तालिमको अपर्याप्तता, सामाजिक अध्ययन विषय सम्बन्धी सहपाठ्यपुस्तकहरुको अभावलाई समेत प्रस्तुत गरेका छन् । उक्त समस्याहरु निराकरण गर्न विद्यालयलाई शान्ति क्षेत्र कायम गर्नुपर्ने र विद्यालयमा राजनैतिक हस्तक्षेप सदाको लागि अन्त्य गरिनु पर्ने, पाठ्यक्रम, शिक्षक निर्देशिका लगायतका सम्पूर्ण शैक्षिक सामग्री भएको पुस्तकालयको व्यवस्था हुनुपर्ने, समयमै पाठ्यपुस्तक उपलब्ध हुनुपर्ने, विद्यार्थीहरुले लगनशीलता र अनुशासनमा जोड दिनुपर्ने, विद्यार्थी सङ्ख्या अनुसारका शिक्षकको व्यवस्था हुनुपर्ने, सामाजिक अध्ययन विषयका प्रयोगात्मक क्रियाकलाप संचालन गर्न सामाजिक प्रयोशालाको समेत व्यवस्था हुनुपर्ने, सामाजिक अध्ययन विषय एकीकृत विषय भएको हुँदा उक्त विषयलाई समेट्ने गरी शिक्षक तालिमको व्यवस्था गरिनुपर्ने सुझाव प्रस्तुत गर्नु भएको छ ।

### ४.३.३ प्रधानाध्यापकको प्रतिक्रिया विश्लेषण

जिल्ला स्तरीय परीक्षामा सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिलाई प्रभाव पार्ने तत्वहरुको पहिचान एवम् समाधानका उपायहरु पत्ता लगाउन दुईवटा सामुदायिक र दुईवटा संस्थागत विद्यालयमा कार्यरत प्रधानाध्यापकहरुलाई छुट्टै प्रश्नावली तयार गरी प्रतिक्रिया लिइएको थियो । जुन निम्नानुसार उल्लेख गरिएको छ (प्रश्नावली अनुसूची ३ मा उल्लेख छ) ।

तालिका ११ प्र.अ.हरुको प्रतिक्रिया विश्लेषण

| क.सं. | विषय | सामुदायिक | | | संस्थागत | | |
|---|---|---|---|---|---|---|---|
| | | सकारात्मक | नकारात्मक | जम्मा | सकारात्मक | नकारात्मक | जम्मा |
| १ | प्र.अ.द्वारा सामाजिक अध्ययन विषयको कक्षा शिक्षणको निरीक्षण गर्ने गर्नु भएको | २ | – | २ | २ | – | २ |
| २ | प्र.अ.द्वारा शिक्षकलाई आवश्यक सुझाव दिने गर्नुभएको | १ | १ | २ | २ | – | २ |
| ३ | सुझावलाई विषय शिक्षकले सकारात्मक रुपमा लिने गर्नुभएको | १ | १ | २ | २ | – | २ |
| ४ | विषय शिक्षकहरुले प्र.अ.समक्ष जिज्ञासा राख्ने गर्नुभएको | – | २ | २ | २ | – | २ |
| ५ | विषय शिक्षकलाई तालिम/गोष्ठीमा पठाउने गरेको | २ | – | २ | १ | १ | २ |
| ६ | संस्थागत र सामुदायिक विद्यालयको सिकाइ उपलब्धिमा फरक हुन्छ | १ | १ | २ | २ | २ | २ |
| ७ | छात्र र छात्रालाई अभिभावकले समान अवसर प्रदान गरेका छन् | – | २ | २ | १ | १ | २ |
| ८ | छात्र र छात्राबीच सिकाइ उपलब्धिमा फरक हुन्छ | २ | – | २ | १ | १ | २ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धि सन्तोषजनक छ | १ | १ | २ | १ | १ | २ |

स्रोत : स्थलगत सर्वेक्षण

उपर्युक्त तालिकाअनुसार तपाइँले सामाजिक अध्ययन विषयको कक्षा शिक्षणको निरीक्षण गर्ने गर्नु भएको छ भन्ने प्रश्नमा सामुदायिक र संस्थागत दुवै विद्यालयका प्रधानाध्यापकहरुले कक्षा शिक्षणको निरीक्षण गर्ने गरेको भनी सकारात्मक जवाफ दिनुभएको छ । कक्षा शिक्षण सम्बन्धमा आवश्यक सुझाव दिने गर्नु भएको छ भन्ने सम्बन्धमा सामुदायिक विद्यालयको १ जना (५०%) ले सुझाव दिने गर्नुभएको र १ जना (५०%) ले सुझाव दिने नगरेको राय प्रस्तुत गर्नुभएको छ भने संस्थागत विद्यालयका २ जना (१००%) ले आवश्यक सुझाव दिने गरेको भने सकारात्मक राय प्रस्तुत गर्नु भएको छ । प्र.अ.ले दिएको सुझावलाई विषय शिक्षकले सकारात्मक रुपमा लिने गर्नु भएको छ भन्ने सम्बन्धमा सामुदायिक विद्यालयका १ जना (५०%) ले सकारात्मक र १ जनाले नकारात्मक प्रतिक्रिया दिनुभएको छ भने संस्थागत विद्यालयका २ जनाले नै सकारात्मक जवाफ दिनुभएको छ । विषय शिक्षकले पाठ्यक्रम, पाठ्यपुस्तक सन्दर्भ सामग्रीहरु सम्बन्धी जिज्ञासा, समस्या तपाइँहरु समक्ष राख्ने गर्नु भएको छ भन्ने प्रश्नमा सामुदायिक विद्यालयका दुवै जना (१००%) ले राख्ने नगरेको भनी नकारात्मक जवाफ दिनुभएको छ भने संस्थागत विद्यालयका दुवैजना (१००%) ले नै राख्ने गर्नुभएको भनी सकारात्मक जवाफ दिनुभएको छ ।

विषय शिक्षकलाई तालिम वा गोष्ठीमा पठाउने गर्नुभएको छ भन्ने प्रश्नमा सामुदायिक विद्यालयका २ जना (१००%) ले पठाउने गरेको भनी सकारात्मक एवम् संस्थागत विद्यालयका १ जना (५०%) ले पठाउने गरेको भनी सकारात्मक र १ जनाले पठाउने गरिएको छैन भनी नकारात्मक राय प्रस्तुत गर्नुभएको छ । सामुदायिक र संस्थागत विद्यालयको सिकाइ उपलब्धि बीच फरक हुन्छ भन्नेमा सामुदायिक विद्यालयका १ जना (५०%) ले फरक हुन्छ र १ जना (५०%) ले फरक हुदैन भन्ने प्रतिक्रिया दिनुभएको छ भने संस्थागत विद्यालयका २ जना (१००%) ले नै फरक हुन्छ भन्ने प्रतिक्रिया दिनुभएको छ । छात्र र छात्रालाई अभिभावकहरुले समान अवसर प्रदान गरेका छन् भन्ने सम्बन्धमा

सामुदायिक विद्यालयका २ जना (१००%) ले नै समान अवसर प्रदान नगरेको भनी नकारात्मक राय व्यक्त गर्नुभएको छ भने संस्थागत विद्यालयका १ जना (५०%) ले समान अवसर प्रदान गरेको भनी सकारात्मक र १ जना (५०%) ले समान अवसर प्रदान नगरेको भनी नकारात्मक राय व्यक्त गर्नु भएको छ । छात्र र छात्रा बीच सिकाइ उपलब्धिमा फरक हुन्छ भन्ने प्रश्नमा सामुदायिक विद्यालयका २ जना (१००%) ले नै फरक हुन्छ भन्ने प्रतिक्रिया दिनुभएको छ भने संस्थागत विद्यालयका १ जना (५०%) ले फरक हुन्छ र १ जना (५०%) ले फरक हुदैन भनी प्रतिक्रिया दिनुभएको छ । सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धि सन्तोषजनक छ भन्नेमा सामुदायिक र संस्थागतका १/१ जनाले सन्तोषजनक छ भनी सकारात्मक र १/१ जनाले सन्तोषजनक छैन भनी नकारात्मक प्रतिक्रिया प्रस्तुत गर्नुभएको छ ।

प्रधानाध्यापकहरुले दिएको प्रतिक्रियाअनुसार सबै प्रधानाध्यापकहरुले सामाजिक अध्ययन विषयको कक्षा निरीक्षण गर्ने गर्नुभएको छ र आवश्यकता अनुसार सुझाव दिने गर्नु भएको छ । संस्थागत विद्यालयका सबै र सामुदायिक विद्यालयका ५०% शिक्षकहरुले प्र.अ. ले दिएको सुझावलाई सकारात्मक रुपमा लिने गर्नुभएको छ । संस्थागत विद्यालयका सबै विषय शिक्षकहरुले सामाजिक अध्ययन विषय सम्बन्धी जिज्ञासा प्र.अ. समक्ष राख्ने गरेका तथा सामुदायिक विद्यालयका विषय शिक्षकहरुले सामाजिक अध्ययन विषय सम्बन्धी समस्या र जिज्ञासाहरु प्र.अ. समक्ष राख्ने गरेको पाइएन । छात्र र छात्राहरुलाई अभिभावकहरुले अझैपनि समान व्यवहार एवम् समान अवसर प्रदान गर्ने गरेको पाइदैन । छात्र र छात्रा र संस्थागत र सामुदायिक विद्यालको सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिमा फरक हुन्छ भन्ने प्र.अ.हरुको ठहर छ ।

त्यसैगरी सामुदायिक र संस्थागत विद्यालयबीच सामाजिक शिक्षणमा के फरक पाउनुभएको छ भन्ने प्रश्नमा सामुदायिक विद्यालयका २ जना (१००%) ले नै संस्थागत र सामुदायिक विद्यालयबीच सामाजिक अध्ययन शिक्षणमा खासै फरक नभएको, संस्थागत विद्यालयको भन्दा सामुदायिक विद्यालय योग्य र तालिम प्राप्त शिक्षकहरु भएको, विद्यार्थी सङ्ख्या उच्च भएको, शिक्षणको माध्यम नेपाली भएको प्रतिक्रिया दिएका छन् भने संस्थागत विद्यालयका २ जना (१०%) ले सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा शैक्षिक सामग्रीहरुको पर्याप्तता, उपयुक्त शिक्षण विधिको प्रयोगको कारण प्रभावकारी शिक्षण हुने

गरेको साथै साप्ताहिक र  मासिक रुपमा परीक्षा लिई विद्यार्थीहरुलाई पृष्ठपोषण र अभिभावकहरुलाई जानकारी पठाउने गरेको कारण केही फरक रहेको प्रतिक्रिया दिएका छन् । छात्र र छात्रा बीच सिकाइ उपलब्धिमा फरक आउने कारणहरुमा सामुदायिक र संस्थागत विद्यालयका प्र.अ. हरुले छोरा सरह छोरीलाई अवसर सुविधा नदिई घरायसी कार्यमा बढी लगाउनु, छोरा सरह स्वतन्त्र हुन नपाउनु र छोरीहरुले आफुले चाहेका कुराहरु स्वतन्त्र रुपले गर्ने र राख्न असहज बनाउने हाम्रा संस्कृति र परम्पराहरु दोशी रहेको कुरा बताएका छन् । सामाजिक अध्ययन विषयका समस्या र सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरुको सम्बन्धमा सामुदायिक विद्यालयका प्र.अ. हरुले अभिभावकहरु विद्यालयको पढाइप्रति, आफ्ना नानीहरुको सिकाइ उपलब्धि प्रति निष्क्रिय रहनुभएको, पर्याप्त पाठ्यक्रमको अभाव, कमजोर विद्यार्थीहरुका लागि कोचिङ्ग कक्षाको व्यवस्था गर्न नसकिनु, विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक दरबन्दी प्राप्त नहुनु, छात्रवृत्तिको कमी, विद्यालयमा भौतिक सुविधाको कमी, विद्यार्थीहरुले नियमित गृहकार्य नगर्नु, विद्यालय नियमित संचालनमा अवरोध, उत्कृष्ट अङ्क प्राप्त गर्ने विद्यार्थीहरुलाई प्रोत्साहनको अभाव र शिक्षकहरुमा दण्ड र पुरस्कारको व्यवस्था कार्यान्वयन नहुनुलाई प्रमुख रुपमा उठाएका छन् भने संस्थागत विद्यालयका प्र.अ. हरुले समयमै पाठ्पुस्तकको उपलब्ध नहुनु, विभिन्न कारणले विद्यालय बन्द भइरहनु, सामाजिक विषयको प्रयोगात्मक कार्यहरु गर्न स्रोतसाधनको कमी र शिक्षकहरुलाई तालिमको व्यवस्था गर्न नसकिनु आदिलाई प्रमुख तत्वको रुपमा लिएका छन् । यसका समाधानका उपायहरुमा अभिभावक विद्यालय संचालन प्रकियादेखि लिएर आफ्ना नानीहरुको उपलब्धिसम्मका हरेक कुरामा सकियरुपमा लागि पर्नुपर्ने, पाठ्यक्रम र पाठ्यसामग्रीहरुको सुलभ रुपमा उपलब्ध हुनुपर्ने, कमजोर विद्यार्थीहरुलाई कोचिङ्ग कक्षा संचालन गर्न अभिभावक लगायत सरोकार पक्षहरुले सहयोग गर्नुपर्ने, विद्यार्थी सङ्ख्याका आधारमा शिक्षकको दरबन्दी उपलब्ध गराउन सम्बन्धित पक्षले ध्यान दिनुपर्ने, कमजोर आर्थिक अवस्था भएका छात्रछात्राहरुका लागि छात्रवृत्तिको पर्याप्त व्यवस्था गरिनुपर्ने, विद्यार्थीहरुले नियमित गृहकार्य नगर्ने समस्याको रुपमा रहेको हुँदा अभिभावकहरुले त्यसतर्फ विशेष ध्यान दिनुपर्ने, विद्यालय विभिन्न अवरोधका कारण नियमित संचालन गर्न कठिनाई भईरहेको हुँदा विद्यालयहरुलाई शान्तिक्षेत्रको रुपमा लिइनुपर्ने, विद्यार्थीहरुलाई पुरस्कारको व्यवस्था र शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कनको आधारमा ऐन नियममा भएका पुरस्कार र दण्डको व्यवस्थालाई कार्यान्वयन गरिनुपर्ने राय सामुदायिक विद्यालयका प्र.अ. हरुको छ । त्यसैगरी संस्थागत

विद्यालयका प्र.अ.हरुले समयमै पाठ्पुस्तकको उपलब्धतालाई प्रमुख रुपमा लिएका छन् भने विद्यालयमा बन्दहडताल को अन्त्य, सामाजिक अध्ययन विषयसँग सम्बन्धित प्रयोगात्मक सामग्री लगायतका अन्य सामग्रीहरुको सहज उपलब्धता, संस्थागत विद्यालयका शिक्षकहरुलाई समेत शिक्षणसँग सम्बन्धित तालिमको व्यवस्था हुनुपर्ने राय व्यक्त गर्नुभएको छ ।

### ४.२.४ स्रोत व्यक्तिको प्रतिक्रिया विश्लेषण

जिल्ला स्तरीय परीक्षामा सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन गर्न अनुसन्धानलाई भोजपुर जिल्लाको श्री विद्योदय उ.मा.वि. भोजपुर स्रोतकेन्द्रमा सीमित गरिएको हुँदा प्रतिक्रियाका लागि भोजपुर स्रोतकेन्द्रके स्रोत व्यक्तिलाई छनौट गरी प्रश्नावली भराई राय लिइएको थियो, जुन यसप्रकार छ ( प्रश्नावली अनुसूची ६ मा उल्लेख छ ) ।

स्रोतव्यक्तिले कक्षा ८ को सामाजिक अध्ययन विषयको पाठ्यक्रम र पाठ्यपुस्तक अध्ययन गर्नुभएको पाईयो । कक्षा अवलोकनको क्रममा विषय शिक्षकहरुले प्रायः जसो शैक्षिक सामग्रीको प्रयोग नगर्ने गरेको र पाठ्यपुस्तकलाई प्रमुख आधार मानी पाठ्यक्रमको प्रयोगलाई ध्यान नदिइएको, सामाजिक अध्ययन विषय शिक्षणका विधिहरुभन्दा व्याख्यात्मक विधिलाई प्रयोग गरी शिक्षक केन्द्रित विधिमा जोड दिइएको प्रतिक्रिया दिनुभएको छ । तर सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयमा भौतिक र शैक्षिक स्रोतसाधन राम्रो भएको, शैक्षिक व्यवस्थापन राम्रो भएको हुँदा सामाजिक अध्ययन शिक्षण प्रभावकारी भएको । छात्र र छात्राबीच हुने विभेदको विस्तारै अन्त्य हुँदै गएको भए तापनि पूर्ण रुपमा अन्त्य भई नसकेको हुँदा अझै पनि अभिभावकहरु छोरीलाई भन्दा छोरालाई लगानी गर्न बढी रुचाउने र छोरीहरुले बढी घरायसी कार्यमा व्यस्त हुनु पर्ने तथा परम्परागत संस्कारका कारण छोरीहरु छोरा जस्तै स्वतन्त्र हुन नपाउने कारणले गर्दा छात्र भन्दा छात्राहरु सामाजिक अध्ययन विषयमा तुलनात्मक रुपमा कमजोर देखिन्छन् भन्ने राय व्यक्त गर्नुभएको छ । सामाजिक अध्ययन विषयको प्रभावकारी शिक्षण गर्न शिक्षकहरुमा उत्साह र उत्तरदायित्वको बोध हुनुपर्ने, पर्याप्त शैक्षिक सामग्रीको उपलब्धता, विद्यार्थीहरुमा लगनशीलता र अनुशासन हुनुपर्ने, शिक्षकहरुलाई सामाजिक अध्ययन शिक्षण सम्बन्धी तालिमहरुको व्यवस्था, कक्षाकोठामा उपयुक्त विद्यार्थी सङ्ख्या हुनुपर्ने विचार व्यक्त

गर्नुभएको छ । त्यसैगरी सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरुमा उपयुक्त शैक्षिक वातावरण नहुनु, सामाजिक अध्ययन विषयको प्रयोगात्मक कार्यहरु गर्न स्रोत साधनको कमी, कक्षामा अध्याधिक विद्यार्थी सङ्ख्या हुनु, अभिभावकहरु सिकाइ उपलब्धिप्रति सचेत नहुनु लगायतका प्रतिक्रिया व्यक्त गर्नुभएको छ भने उक्त समस्याहरु निराकरण गर्न शिक्षक, विद्यार्थी, अभिभावक लगायत सम्पूर्ण सरोकारवाला पक्षहरुले मिलेर विद्यालयमा सिकाइ मैत्री बातावरण तयार गर्नुपर्ने, सामाजिक अध्ययन विषयका प्रयोगात्मक कार्यहरु गर्न आवश्यक स्रोत साधनको व्यवस्था गर्नुपर्ने, विद्यालयमा विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक दरबन्दीको व्यवस्था गरी एउटै कक्षाका वर्ग छुट्याउने व्यवस्था गर्नुपर्ने, अभिभावकहरु अब आफै सचेत भई प्रभावकारी शिक्षणका लागि जाग्नु पर्ने लगायतका सुझावहरु प्रस्तुत गर्नु भएको छ ।

### ४.३.५ अभिभावकहरुको प्रतिक्रिया विश्लेषण

जिल्ला स्तरीय परीक्षामा सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन गर्ने क्रममा अभिभावकहरुलाई छुट्टै प्रश्नावली तयार गरी २०६६ सालको कक्षा ८ को परीक्षा उत्तीर्ण गरी हाल कक्षा ९ मा अध्ययन गरिरहेका प्रत्येक विद्यालयबाट २/२ जना विद्यार्थीका २/२ जना अभिभावकहरुलाई संभावनायुक्त नमुना छनौट विधिका आधारमा छनौट गरी प्रश्नावली भराई प्रतिक्रिया लिईएको थियो, अभिभावकहरुको प्रतिक्रिया निम्न अनुसार छ ( प्रश्नावली अनुसूची ७ मा उल्लेख छ ) ।

तालिका १२ अविभावकहरुको प्रतिक्रिया विश्लेषण

| क.सं. | विषय | सामुदायिक | | | संस्थागत | | |
|---|---|---|---|---|---|---|---|
| | | सकारात्मक | नकारात्मक | जम्मा | सकारात्मक | नकारात्मक | जम्मा |
| १. | पाठ्यक्रम र पाठ्यपुस्तकको अध्ययन गर्नुभएको | १ | ३ | ४ | ३ | १ | ४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २. | सामाजिक अध्ययन विषय कठिन विषयको रुपमा | – | ४ | ४ | – | ४ | ४ |
| ३. | ट्युसन पढाउने गर्नुभएको | ४ | – | ४ | ४ | – | ४ |
| ४. | सामाजिक अध्ययन विषयको ट्युसन पढाउने गर्नुभएको | – | ४ | ४ | ४ | – | ४ |
| ५. | छोरा र छोरी बीच समान अवसर प्रदान गर्ने गरेको | ४ | – | ४ | ४ | – | ४ |

स्रोत : स्थलगत सर्वेक्षण

तपाइँहरुले कक्षा ८ को सामाजिक अध्ययन विषयको पाठ्यक्रम र पाठ्यपुस्तक अध्ययन गर्नु भएको छ भन्ने प्रश्नमा सामुदायिक विद्यालयका ३ (७५%) जनाले अध्ययन नगरेको र १ जना (२५%) ले अध्ययन गरेको राय प्रस्तुत गर्नुभएको छ भने संस्थागत विद्यालयका १ जनाले (२५%) अध्ययन नगरेको र ३ जना (७५%) ले अध्ययन गरेको राय प्रस्तुत गर्नु भएको छ । सामाजिक अध्ययन विषयलाई कस्तो विषयको रुपमा लिनुभएको छ भन्ने सम्बन्धमा सामुदायिक एवम् संस्थागत विद्यालयका सबै जनाले सामाजिक अध्ययन विषयलाई कठिन विषयको रुपमा नलिई सजिलो विषयको रुपमा लिने गरेको प्रतिक्रिया दिनुभएको छ । तपाइँका छोराछोरीले घरमा कति घण्टा अध्ययन गर्दछन् भन्ने सम्बन्धमा सामुदायिक विद्यालयका सबै जनाले नै सरदर २ घण्टा अध्ययन गर्ने गरेको प्रतिक्रिया दिनुभएको छ भने संस्थागत विद्यालयका सबै जनाले नै ४/५ घण्टा अध्ययन गर्ने गरेको प्रतिक्रिया दिनुभएको छ । यसबाट के देखिन्छ भने संस्थागत विद्यालयमा अध्ययन गर्ने बालबालिका सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरुको तुलना घरमा बढी अध्ययन गर्दछन् । संस्थागत र सामुदायिक विद्यालयका अभिभावकहरुले बालबालिकाहरुलाई ट्युसन पढाउने गरे तापनि सामाजिक अध्ययन विषयमा ट्युसन पढाउने तर्फ ध्यान दिएको पाइएन । सामाजिक अध्ययन विषयको विगतको प्राप्ताङ्कको सम्बन्धमा सामुदायिक

विद्यालयका २ जना (५०%) ले मध्यम र २ जना (५०%) ले न्यून अङ्क आएको र संस्थागत विद्यालयका १ जना (२५%) ले उत्तम र ३ जना (७५%) ले मध्यम अङ्क आएको कुरा बताएका छन् । छोरा र छोरीबीच समान व्यवहार गर्नुभएको छ भन्ने सम्बन्धमा सबै अभिभावकहरुले गर्ने गरेको बताएका छन् । सामाजिक अध्ययन विषयका समस्याहरुमा सामुदायिक विद्यालयका अभिभावकहरुले शिक्षकले उत्साहका साथ पढाउने नगरेकोले पढाइको स्तर घट्दै गएको, एउटै कक्षामा धेरै विद्यार्थी सङ्ख्या भएको, गृहकार्य नियमित दिने र परीक्षण गर्ने नगरेको, पाठ्यपुस्तक समयमै उपलब्ध नहुनु, विद्यालयमा उपयुक्त शैक्षिक वातावरण नहुनुलाई प्रमुखरुपमा अगाडि सारेका छन् भने संस्थागत विद्यालयका अभिभावकहरुले शिक्षकहरुमा तालिमको अभाव, विद्यालय नियमित रुपले संचालन हुन नसक्नु, सामाजिक विषय एकीकृत विषय भएकाले शिक्षकहरुलाई कठिन हुने गरेको, पर्याप्त शैक्षिक सामग्रीहरुको विद्यालयमा अभाव रहेको प्रतिक्रिया व्यक्त गरेका छन् । उपयुक्त समस्याहरुको निराकरण गर्न, शिक्षकहरुमा पेसाप्रतिको उत्तरदायित्वको बोध हुनुपर्ने, पेसागत इमान्दार शिक्षकहरुलाई पुरस्कार र कामचोर प्रवृत्तिका शिक्षकहरुलाई कारबाहीको व्यवस्था कडाइका साथ लागू गर्नुपर्ने, विद्यार्थी बढी भएका कक्षामा बर्ग छुट्याउने व्यवस्था हुनुपर्ने, संस्थागत विद्यालयहरुमा गृहकार्य नियमित दिने र परीक्षण गर्ने नियमितता भएपनि सामुदायिक विद्यालयहरुले नियमित रुपमा गृहकार्य दिने र गृहकार्य परीक्षण गर्ने गरेको नपाइएको हुँदा सामुदायिक विद्यालयहरुले गृहकार्य नियमितता गर्नेतर्फ ध्यान दिनुपर्ने, पाठ्यपुस्तकको समयमै उपलब्ध गराउने तर्फ सरोकारवालाहरुको ध्यान जानुपर्ने, सामाजिक एकीकृत विषय भएकाले शिक्षकलाई उक्त विषय अध्यापन गर्न कठिन हुने भएकाले समय समयमा तालिमको व्यवस्था गरिनुपर्ने विद्यालयमा पर्याप्त शैक्षिक सामग्रीको व्यवस्था हुनुपर्ने, विद्यालय नियमित रुपमा संचालन हुने व्यवस्था गरी उपयुक्त शैक्षिक वातावरण कायम गरिनुपर्ने लगायतका सुझावहरु अभिभावकहरुले दिएका छन् । तपाइँले आफ्ना छोराछोरीलाई के कारणले कुन विद्यालयमा पठाउनु भएको छ भन्ने सम्बन्धमा सामुदायिक विद्यालयका ४ जना (१००%) ले नै आफूले पनि छोरा छोरीहरुलाई संस्थागत विद्यालयमा पढाउने इच्छा भएको तर संस्थागत विद्यालय महँगो भएको, आर्थिक स्तर कमजोर भएको कारण आफूहरुले छोराछोरीहरुलाई स्तरीय शिक्षा दिनबाट बञ्चित रहेको बताएका छन् भने संस्थागत विद्यालयका ४ जना (१००% )ले नै गुणस्तरीय शिक्षाका लागि पठाएको भन्ने प्रतिक्रिया प्राप्त भएको छ । यसबाट के देखिन्छ भने संस्थागत विद्यालयमा सामुदायिक

विद्यालयमा भन्दा स्तरीय शिक्षा दिईन्छ भन्ने आम अभिभावकहरुको धारणा छ र आर्थिक रुपले कमजोर हुनाले मात्र सामुदायिक विद्यालयमा छोराछोरी पढाउने लहर चलेको स्पष्ट हुन्छ । सामुदायिक विद्यालयका समस्याहरुमा कमजोर भौतिक र शैक्षिक अवस्था, व्यवस्थापन फितलो, पेसाप्रतिको उत्तरदायित्वमा कमी, बढी विद्यार्थी सङ्ख्या कम शिक्षक दरबन्दी, विद्यार्थीहरुमा अनुशासनको कमीजस्ता पक्षहरु रहेको प्रतिक्रिया अभिभावकहरुको छ भने संस्थागत विद्यालयका समस्याहरुमा अध्यधिक कडा प्रशासन, तालिम अप्राप्त शिक्षक, महंगो शिक्षा, शिक्षकहरुलाई कम पारिश्रमिक र शिक्षकहरुको परिवर्तन छिटो भइरहने, सिर्जनात्मक शिक्षा भन्दा घोकन्ते शिक्षा प्रवृत्तिमा जोड दिने गरेको अभिभावकहरुको धारणा छ ।

### ४.३.६ कक्षा अवलोकन विश्लेषण

जिल्ला स्तरीय परीक्षामा सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिलाई प्रभाव पार्ने तत्वहरुको पहिचान गर्नको लागि छनौटमा परेका दुईवटा सामुदायिक र दुईवटा संस्थागत विद्यालयहरुको कक्षा अवलोकन गर्न कक्षा अवलोकन फारम निर्माण गरी उपयुक्त विकल्पमा ठीक (√) चिन्ह लगाई सामाजिक अध्ययन विषयको कक्षा अवलोकन गरिएको थियो, जुन यसप्रकार छ ।

(क) श्री सिद्धकाली इ.बो.स्कूल भोजपुरको सामाजिक अध्ययन विषयको कक्षा अवलोकन विश्लेषण :

तालिका १३

| सि.नं. | विवरण | उत्तम | मध्यम | न्यून | कैफियत |
|---|---|---|---|---|---|
| १ | शिक्षकको व्यक्तित्व | √ | | | |
| २ | पाठको योजना र तयारी | √ | | | |
| ३ | प्रस्तुतीकरण | | √ | | |
| ४ | विषयवस्तुको ज्ञान | | √ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | शैक्षिक सामग्रीहरुको प्रयोग | | √ | | |
| ६ | शिक्षण विधि र त्यसको उपयुक्तता | | √ | | |
| ७ | विद्यार्थी सहभागिता | √ | | | |
| ८ | प्रेरणाको सिर्जना | √ | | | |
| ९ | मूल्याङ्कनको प्रयोग | √ | | | |
| १० | गृहकार्य | √ | | | |
| ११ | कक्षाकोठा व्यवस्थापन | | √ | | |
| १२ | विद्यालयको वातावरण | | √ | | |

उपर्युक्त तालिकाअनुसार सामाजिक अध्ययन विषय शिक्षकको व्यक्तित्व उत्तम रहेको छ भने पाठयोजना र तयारीसमेत उत्तम रहेको छ । त्यसैगरी विषयवस्तु प्रस्तुतीकरण, विषयवस्तुको ज्ञान, कक्षा शिक्षणमा शैक्षिक सामग्रीहरुको प्रयोग एवम् तादम्यताजस्ता कुराहरु मध्यम रुपमा रहेका छन् । सामाजिक अध्ययन विषयका लागि उपयुक्त सबै शिक्षण विधिहरुलाई कक्षा शिक्षणमा प्रयोग गर्न सकिएको अवस्था देखिँदैन तापनि छलफल, प्रश्नोत्तर र प्रदर्शन विधिहरुको प्रयोग भइरहेको देखिन्छ । विद्यार्थीहरुले सक्रियताका साथ अध्ययन अध्यापन कार्यमा सहभागिता जनाएका छन् भने विद्यार्थीहरुलाई उत्प्रेरणा जगाउने कार्यहरु राम्रो तरिका बाटै भएका छन् । कक्षा शिक्षण भइरहेको समयमा बीचबीचमा प्रश्नोत्तरको माध्यमबाट मूल्याङ्कन भईरहेको र गृहकार्य नियमित रुपमा दिने र परीक्षण गर्ने गरेको देखिन्छ । विद्यालयको वातावरण सामान्य रहेको र कक्षाकोठा व्यवस्थापन पनि ठीकै रहेको पाइयो ।

(ख) श्री सगरमाथा इ.बो.स्कुल भोजपुरको सामाजिक अध्ययन विषयको कक्षा अवलोकन विश्लेषण

तालिका १४

| सि.नं. | विवरण | उत्तम | मध्यम | न्यून | कैफियत |
|---|---|---|---|---|---|
| १ | शिक्षकको व्यक्तित्व | √ | | | |
| २ | पाठको योजना र तयारी | √ | | | |
| ३ | प्रस्तुतीकरण | √ | | | |
| ४ | विषयवस्तुको ज्ञान | √ | | | |
| ५ | शैक्षिक सामग्रीहरुको प्रयोग | | | √ | |
| ६ | शिक्षणविधि र त्यसको उपयुक्तता | | √ | | |
| ७ | विद्यार्थी सहभागिता | √ | | | |
| ८ | प्रेरणाको सिर्जना | √ | | | |
| ९ | मूल्याङ्कनको प्रयोग | √ | | | |
| १० | गृहकार्य | √ | | | |
| ११ | कक्षाकोठा व्यवस्थापन | | √ | | |
| १२ | विद्यालयको वातावरण | | √ | | |

स्रोत : स्थलगत सर्वेक्षण

उपर्युक्त तालिका अनुसार कक्षाअवलोकनको क्रममा विषयशिक्षक सफासुग्घर, हसिलो चेहराका साथ कक्षाकोठामा प्रवेश गर्नुभएको साथै डायरीमा पढाउनुपर्ने पाठको योजना र पाठको तयारी राम्रो रहेको पाइयो । विषयवस्तुको ज्ञान उच्च रहको र प्रस्तुतीकरण पनि राम्रो पाइयो । कक्षा शिक्षणमा शैक्षिक सामग्रीहरुको प्रयोगमा त्यति ध्यान दिएको पाईएन भने शिक्षण विधिहरुमा व्याख्यान विधिलाई नै बढी प्रयोग गरेको देखियो । कक्षा शिक्षणको बीचबीचमा छलफल र प्रश्नोत्तरको कारण विद्यार्थी सहभागिता र प्रेरणा उच्च पाइयो । नियमित रुपमा गृहकार्य दिने गरेको र परीक्षण पनि गर्ने गरेको पाइयो । कक्षाकोठा व्यवस्थापनको पक्ष र विद्यालयको वातावरण सामान्य रहेको पाइयो ।

(ग) श्री पञ्चकन्या मा.वि. बोखिमको सामाजिक अध्ययन विषयको कक्षा अवलोकन विश्लेषण

तालिका १५

| सि.नं. | विवरण | उत्तम | मध्यम | न्यून | कैफियत |
|---|---|---|---|---|---|
| १ | शिक्षकको व्यक्तित्व | √ | | | |
| २ | पाठको योजना र तयारी | | √ | | |
| ३ | प्रस्तुतीकरण | | √ | | |
| ४ | विषयवस्तुको ज्ञान | √ | | | |
| ५ | शैक्षिक सामग्रीहरुको प्रयोग | | | √ | |
| ६ | शिक्षण विधि र त्यसको उपयुक्तता | | √ | | |
| ७ | विद्यार्थी सहभागिता | | | √ | |
| ८ | प्रेरणाको सिर्जना | | √ | | |
| ९ | मूल्याङ्कनको प्रयोग | | √ | | |
| १० | गृहकार्य | | | √ | |
| ११ | कक्षाकोठा व्यवस्थापन | | √ | | |
| १२ | विद्यालयको वातावरण | | √ | | |

स्रोत : स्थलगत सर्वेक्षण

उपर्युक्त तालिका अनुसार विषय शिक्षकको व्यक्तित्व उत्तम रहेको छ भने पढाउनुपर्ने पाठको योजना र तयारी सामान्य रहेको देखिन्छ । विषयवस्तुको ज्ञान एवम् अनुभव राम्रो रहेको भए पनि प्रस्तुतीकरण भने सामान्य नै देखिन्छ । कक्षाशिक्षणमा शैक्षिक सामग्रीहरुको प्रयोगको स्थिति न्यून रहेको, शिक्षणविधिमा प्रश्नोत्तर छलफल र बढी मात्रमा व्याख्यान विधिलाई प्रयोग गरिएको छ । विद्यार्थी सङ्ख्या बढी भएको हुँदा विद्यार्थी सहभागिता सन्तोषजनक देखिएन । विद्यार्थीहरुलाई अभिप्रेरणा दिइएको भएपनि विद्यार्थीहरुमा उत्साहको कमी देखिन्छ । कक्षा शिक्षणको क्रममा निरन्तररुपमा मूल्याङ्कन भएको भए

तापनि गृहकार्य दिने र परीक्षण गर्ने सम्बन्धमा न्यूनता रहेको पाइयो । विद्यालयको वातावरण र कक्षा व्यवस्थापन मध्यम पाइयो ।

(घ) श्री यशोधरा उ.मा.वि. टक्सारको सामाजिक अध्ययन विषयको कक्षा अवलोकन विश्लेषण :

तालिका १६

| सि.नं. | विवरण | उत्तम | मध्यम | न्यून | कैफियत |
|---|---|---|---|---|---|
| १ | शिक्षकको व्यक्तित्व | √ | | | |
| २ | पाठको योजना र तयारी | | √ | | |
| ३ | प्रस्तुतीकरण | | √ | | |
| ४ | विषयवस्तुको ज्ञान | √ | | | |
| ५ | शैक्षिक सामग्रीहरुको प्रयोग | | | √ | |
| ६ | शिक्षण विधि र त्यसको उपयुक्तता | | √ | | |
| ७ | विद्यार्थी सहभागिता | | | √ | |
| ८ | प्रेरणाको सिर्जना | | √ | | |
| ९ | मूल्याङ्कको प्रयोग | | √ | | |
| १० | गृहकार्य | | | √ | |
| ११ | कक्षाकोठा व्यवस्थापन | | √ | | |
| १२ | विद्यालयको वातावरण | | √ | | |

स्रोत : स्थलगत सर्वेक्षण

उपर्युक्त तालिका अनुसार श्री यशोधरा मा.वि. टक्सारमा शिक्षकको व्यक्तित्व राम्रो रहेको, पाठयोजना र तयारी सामान्य रहेको पाइयो भने विषयवस्तुको ज्ञान विषय शिक्षकमा उच्च रहे पनि प्रस्तुतीकरण सामान्य नै पाइयो । शिक्षण सामग्रीहरुको प्रयोग न्यून रहेको, शिक्षण विधिहरुको प्रयोग सामान्य पाइयो । विद्यार्थीहरुको चाप भएको र विद्यार्थी सक्रियता उत्साहजनक थिएन । विद्यार्थी उत्प्रेरणा र मूल्याङ्कन सामान्य रहेको पाइयो भने गृहकार्य दिने

र परीक्षण गर्ने कार्य न्यूनरुपमा देखिन्छ । कक्षाकोठा व्यवस्थापन र विद्यालयको शैक्षिक वातावरण सामान्यरुपमा उपयुक्त नै देखिन्छ ।

दुईवटा सामुदायिक र दुईवटा संस्थागत विद्यालयको उपर्युक्त बमोजिमको कक्षा अवलोकनको विश्लेषण गर्दा के देखिन्छ भने विद्यालयहरुले विद्यालयमा उपर्युक्त शैक्षिक वातावरणका लागि अझ बढी ध्यान केन्द्रित गर्नुपर्ने र कक्षाकोठामा भौतिक तथा मनोवैज्ञानिक वातावरणको व्यवस्थापन पनि मध्यम स्तरको भएको हुँदा उत्तम व्यवस्थापन गर्नेतर्फ ध्यान दिनु जरुरी हुन्छ । सामुदायिक विद्यालयमा संस्थागत विद्यालयमा भन्दा अनुभवी र विषयवस्तुको ज्ञान भएका शिक्षकहरु रहेका छन् भने दुवै प्रकारका विद्यालयहरुमा सामाजिक अध्ययन विषयका उपयुक्त विधिहरुको प्रयोगको सट्टा व्याख्यान विधिहरुमा नै जोड दिएको देखिन्छ । विद्यालयहरुमा कक्षा शिक्षणको क्रममा शैक्षिक सामग्रीहरुको प्रयोग प्राय न्यून रहको छ । गृहकार्य, मूल्याङ्कन, विद्यार्थीहरुलाई उत्प्रेरणा र विद्यार्थी सहभागिता जस्ता पक्षहरु सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयहरुमा राम्रो रहेको देखिन्छ । उपयुक्त विश्लेषणका आधारमा सामुदायिक विद्यालयहरुले उक्त पक्षहरुमा सुधार गर्नुपर्ने अवस्था देखिन्छ । दुवै प्रकारका विद्यालयका विषय शिक्षकहरुको व्यक्तित्व राम्रो रहेको र सामुदायिक विद्यालयका शिक्षहरुकले भन्दा संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुले पाठको योजना र तयारीमा बढी ध्यान दिई शिक्षण गर्ने गरेका छन् । सामुदायिक विद्यालयका शिक्षकहरुले पनि पाठको योजना र तयारीमा ध्यान दिनुपर्ने देखिन्छ । बान्दुराको सामाजिक सिकाइ सिद्धान्तमा उल्लेखित सिकाइलाई प्रभाव पार्ने प्रकियाहरु ध्यानात्मक प्रकिया, धारण प्रकिया, पुनर्वल र अभिप्रेरणात्मक प्रकिया र सिकाइलाई प्रभाव पार्ने तत्वहरु नमुना वातावरण, नमुना व्यवहार, सिकारुको भूमिका, पुरस्कार र दण्डको भूमिका प्रस्तुत सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरु सँग मिल्दाजुल्दा रहेका छन् ।

## परिच्छेद : पाँच

## प्राप्ति, निष्कर्ष र सुझावहरु

### ५.१ प्राप्ति

सामुदायिक र संस्थागत विद्यालयको जिल्लास्तरीय परीक्षाको उपलब्धि अध्ययन गर्नको लागि छनौटमा परेको दुईवटा संस्थागत र दुईवटा सामुदायिक विद्यालयका विद्यार्थीहरुले सामाजिक अध्ययन विषयमा प्राप्त गरेको उपलब्धिको विश्लेषणात्मक अध्ययन, अध्ययन छनौटमा परेका विद्यालयहरुका छात्रछात्रा, विषय शिक्षक, प्रधानाध्यापक, स्रोतव्यक्ति, अभिभावकहरुको प्रतिक्रिया विश्लेषण र सामाजिक अध्ययन विषयको कक्षा अवलोकन विश्लेषणबाट प्राप्त मुख्यमुख्य प्राप्तिहरुलाई निम्नानुसार प्रसतुत गरिएको छ ।

५.१.१. सामुदायिक र संस्थागत विद्यालयको सामाजिक अध्ययन विषयको उपलब्धीको तुलना

(क) सामुदायिक र संस्थागत विद्यालयको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलना गर्दा सामुदायिक विद्यालयको औसत उपलब्धि ४९.६८% र संस्थागत विद्यालयको औसत उपलब्धि ८१.१८% रहेको पाइयो ।

(ख) सामुदायिक विद्यालयको उपलब्धिलाई श्रेणीगत आधारमा हेर्दा १०% प्रथम श्रेणी ६०% द्वितीय श्रेणी र ३०% तृतीयश्रेणी रहेको पाइयो भने संस्थागत विद्यालयको उपलब्धि ९८.३३% प्रथम श्रेणी र १.६७% द्वितीय श्रेणी रहेको पाइयो ।

(ग) यसप्रकार सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको सामाजिक अध्ययन विषयको औसत उपलब्धि ३१.५% ले उच्च देखिन्छ । श्रेणीगत आधारमा पनि सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको उपलब्धि राम्रो देखिन्छ ।

**५.१.२. छात्र र छात्राको सामाजिक अध्ययन विषयको उपलब्धीको तुलना**

(क) छात्र र छात्राको सामाजिक अध्ययन विषयको उपलब्धिको तुलनात्मक अध्ययन गर्दा संस्थागत विद्यालयका छात्रहरुको औसत उपलब्धि ८४.१३% र छात्राहरुको औसत उपलब्धि ७८.२३% रहेको पाइयो ।

(ख) श्रेणीगत आधारमा संस्थागत विद्यालयका छात्रहरुको उपलब्धि प्रथम श्रेणीमा १००% र छात्राहरुको ९६.६७% प्रथम श्रेणीमा र ३.३३% द्वितीय श्रेणीमा रहेको पाइयो । यसमा छात्राहरुको भन्दा छात्रहरुको औसत उपब्धि ५.९% ले उच्च रहेको पाइयो ।

(ग) सामुदायिक विद्यालयको छात्रहरुको औसत उपलब्धि ५१.२% र छात्राहरुको ४८.१७% रहेको पाइयो । श्रेणीगत आधारमा छात्रहरुको १३.३३ % प्रथम श्रेणी ६६.६७% द्वितीय श्रेणी र २०% तृतीय श्रेणी पाइयो भने छात्रहरुको ६.६७% प्रथम श्रेणी ५३.३३% द्वितीय श्रेणी र ४०% तृतीय श्रेणी रहेको पाइयो

(घ) सामुदायिक विद्यालयमा छात्राहरुको तुलानामा छात्रहरुको सामाजिक अध्ययन विषयको औसत उपलब्धि ३.०३% ले उच्च रहेको र श्रेणीगत आधारमा पनि छात्रहरुको उपलब्धी राम्रो पाइयो । सामुदायिक विद्यालयको छात्रहरुको तुलानामा संस्थागत विद्यालयको छात्रहरुको औसत उपलब्धि ३२.९३% ले उच्च रहेको र सामुदायिक विद्यालयको छात्राको तुलानामा संस्थागत विद्यालयका छात्राहरुको औसत उपलब्धि ३०.०६% ले उच्च रहेको पाइयो । श्रेणीागत आधारमा पनि सामुदायिका विद्यालयका छात्रछात्राको तुलानमा संस्थागत विद्यालयका छात्रछात्राहरुको उपलब्धि उच्च रहेको पाइयो ।

(ङ) समग्ररुपमा हेर्दा छात्रहरुको औसत उपलब्धि ६७.६७% र छात्राहरुको औसत उपलब्धि ६३.२ प्रतिशत रहेको पाइयो । यसमा छात्राहरुको भन्दा छात्रहरुको सामाजिक अध्ययन विषयको औसत उपलब्धि ४.४७.% उच्च रहेको देखिन्छ । त्यसैगरी श्रेणीगत आधारमा छात्रहरुको ५६.६७%, प्रथम श्रेणी ३३.३३% द्वितीय श्रेणी र १० % तृतीय श्रेणी रहेको छ भने छात्राहरुको ५१.६७% प्रथम श्रेणी २८.३३% द्वितीय श्रेणी र २०% तृतीय श्रेणी रहेको पाइयो ।

### ५.१.३.सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धीमा प्रभाव पार्ने तत्वहरु

(क) सामाजिक अध्ययन विषयको उपलब्धिमा प्रभाव पार्न तत्वहरुमा पाठ्यक्रम, सन्दर्भ सामग्री, सहायक पाठ्यपुस्तक लगायतका शैक्षिक साम्रगीहरुको अभाव हुनु ।

(ख) कक्षा शिक्षणमा शैक्षिक सामग्रीहरुको प्रयोगमा कमी, समयमै पाठ्यपुस्तक उपलब्ध नहुनु, उपयुक्त शिक्षण विधिको प्रयोग नहुनु, प्रयोगात्मक कार्यको लागि प्रयोगशालाको अभाव, शैक्षिक भ्रमणको व्यवस्था गर्न नसक्नु ।

(ग) गृहकार्यमा नियमितता नहुनु, सामाजिक अध्ययन विषयको प्रयोगात्मक कार्यहरुको कमी हुनु , विद्यार्थीहरुको सङ्ख्याका आधारमा शिक्षक दरबन्दीको कमी हुनु, एउटै कक्षामा अध्यधिक विद्यार्थी सङ्ख्या हुनु, परीक्षामा उपयुक्त वातावरण नहुनु ।

(घ) सामाजिक अध्ययन विषयमा राम्रो उत्तर दिए पनि प्राप्ताङ्क कम आउनु, कमजोर विद्यार्थीहरुको लागि कोचिङ्ग कक्षाको व्यवस्था नहुनु, आर्थिक कमजोर भएका विद्यार्थीहरुका लागि छात्रवृत्तिमा कमी हुनु ।

(ङ) सामाजिक अध्ययन विषयमा उत्कृष्ट अङ्क ल्याउने विद्यार्थीहरुलाई पुरस्कारको व्यवस्था नहुनु, विद्यार्थीहरुमा लगनशीलता र अनुशासनको कमी हुनु, शिक्षकहरुमा उत्साह जाँगर र उत्तरदायित्वमा कमी हुनु, शिक्षा ऐन नियमावलीमा भएका पुरस्कार र दण्डको व्यवस्थाको कार्यान्वयन नहुनु, शिक्षकहरुलाई पुर्नताजगी तालिमको अभाव, अभिभावकहरुमा सक्रियताको अभाव, विद्यालय नियमित रुपमा संचालन नहुनु, बन्दहड्ताल भइरहनु, राजनैतिक हस्तक्षेप, विद्यालयमा उपयुक्त शैक्षिक वातावरण नहुनु जस्ता पक्षहरु जिम्मेवार रहेको पाइयो ।

## ५.२ निष्कर्ष

जिल्ला स्तरीय परीक्षामा सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन गर्ने सन्दर्भमा तथ्याङ्कको विश्लेषण पछि के निष्कर्षमा पुगिन्छ भने संस्थागत विद्यालयहरुले कुशल शैक्षिक व्यवस्थापनवाट सामाजिक अध्ययन विषयको औसत उपलब्धि ८१.१८% पुऱ्याउन सफल भएका छन् । यस उपलब्धिलाई राम्रो मान्न सकिन्छ । संस्थागत विद्यालयको भन्दा तुलनात्मक रुपमा दक्ष र तालिम प्राप्त शिक्षकहरु भएका सामुदायिक विद्यालयहरुको सामाजिक अध्ययन विषयको औसत उपलब्धि ४९.६८%मात्र हुनु सन्तोषजनक मान्न सकिन्न । सामुदायिक विद्यालयहरुको विद्यालय व्यवस्थापन सन्तोषजनक नहुनु मुख्य रुपमा जिम्मेवार देखिन्छ । छात्रहरुको तुलनामा छात्राहरुको उपलब्धि ४.४७% कम रहेको छ । यसो हुनमा छात्राहरु घरायसी कार्यमा बढी व्यस्त रहनुपर्ने, परम्परागत मूल्य र मान्यताहरुका कारण छात्राहरु, छात्रहरु जस्तो स्वतन्त्र हुन नसक्ने, अझै पनि

अभिभावकहरुले छोरी भन्दा छोरालाई नै बढी लगानी गर्ने भएको हँदा छात्राको भन्दा छात्रहरुको उपलब्धि बढी देखिन्छ ।

सामाजिक अध्ययन विषय एकीकृत विषय भएको हुँदा यसका विषयवस्तुहरु कठिन एवम् जटिलसमेत रहेका छन्, तापनि यस विषयलाई एक सरल विषय मान्ने प्रवृति, उपयुक्त शिक्षण विधि नअपनाई व्याख्यान विधिको प्रयोग, पाठ्यक्रम पाठ्यपुस्तक र सन्दर्भ सामग्रीहरुको अपर्याप्तता, सामुदायिक विद्यालयहरुमा अत्याधिक विद्यार्थी सङ्ख्या, विद्यालयमा राजनैतिक हस्तक्षेप, बन्द, हड्ताल, विद्यालयमा सिकाइ मैत्रीवातावरणको अभाव आदि कारणहरुले सामाजिक अध्ययन शिक्षणमा प्रत्यक्ष प्रभाव पारेका छन् । त्यसैगरी सामाजिक अध्ययन विषयमा प्रयोगात्मक कार्य गर्न शैक्षिक सामग्री र प्रयोगशालाको अभाव रहेको छ । एकीकृत विषय पठाउन एकै जना शिक्षकलाई कठिन भएको देखिन्छ । सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात नमिलेको, शिक्षक दरबन्दीको तुलनामा विद्यार्थी सङ्ख्या बढी भएको देखिन्छ । संस्थागत विद्यार्थीको तुलनामा सामुदायिक विद्यालयमा शैक्षिक सामग्रीहरुको अभाव देखिन्छ ।

## ५.३ सुझावहरु

यस अध्ययनमा प्राप्त तथ्याङ्क, विद्यार्थी, विषय शिक्षक, प्रधानाध्यापक, स्रोतव्यक्ति, अभिभावकहरुबाट प्राप्त प्रतिक्रिया र कक्षाअवलोकनको आधारमा विश्लेषण गर्दा सामाजिक अध्ययन विषयमा देखिएका समस्याहरु निराकरण गर्न निम्नानुसारका सुझावहरु प्रस्तुत गर्न सकिन्छ ।

(क) खासगरी सामाजिक अध्ययन विषयमा गर र सिक भन्ने धारणालाई व्यवहारमा उतार्नुपर्दछ ।

(ख) संस्थागत विद्यालयमा विद्यार्थी सङ्ख्याको आधारमा शिक्षकहरुको व्यवस्था भए पनि सामुदायिक विद्यालयहरुमा विद्यार्थी सङ्ख्या बढी भएको हुँदा विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक दरबन्दीको व्यवस्था गरी कक्षामा वर्ग छुट्याई शिक्षण गर्ने व्यवस्था गर्नुपर्दछ पाठ्यक्रम, पाठ्यपुस्तक सन्दर्भ सामग्रीहरुको समयमै पर्याप्त व्यवस्था गरिनुपर्ने ।

(ग) सामाजिक अध्ययन कक्षाशिक्षणमा विषयवस्तुहरु अनुसार उपयुक्त शिक्षणविधि अपनाई शैक्षिक सामग्रीहरुको प्रयोग गरी शिक्षण गरिनुपर्ने ।

(घ) सामाजिक अध्ययन विषयका प्रयोगात्मक कार्य संचालन गर्नको लागि सामाजिक प्रयोगशालाको व्यवस्था गरी प्रयोगात्मक कक्षाहरु संचालन गर्नुपर्दछ ।

(ङ) विद्यार्थीहरुलाई बढी भन्दा बढी प्रयोगात्मक कार्य र गृहकार्य दिई परीक्षण एवम् पृष्ठापोषण दिनुपर्दछ ।

(च) भूगोललगायतका विषयवस्तु शिक्षण गर्न समयसमयमा शैक्षिक भ्रमणको व्यवस्था गरिनु आवश्यक छ ।

(छ) परीक्षा भन्ने बित्तिकै अधिंकाश विद्यार्थी डराउने प्रवृत्ति देखिएको छ । अतः परीक्षामा विद्यार्थीहरुलाई भयमुक्त वातावरण सिर्जना गर्नुपर्दछ ।

(ज) सामाजिक अध्ययन विषयमा उत्तरपुस्तिका परीक्षणमा विशेष ध्यान दिई परीक्षार्थीहरुले उत्तर दिए बमोजिम प्राप्ताङ्क प्राप्त हुने सुनिश्चितता गर्नु आवश्यक छ । जसका लागि प्रश्नपत्र निर्माण सँगै उत्तरकुञ्जिका निर्माण गर्नुपर्दछ ।

(झ) कमजोर विद्यार्थीहरुका लागि अतिरिक्त समयमा अतिरिक्त कक्षाको व्यवस्था गर्नुपर्दछ । आर्थिक रुपले कमजोर भएका विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था र उत्कृष्ट अङ्क ल्याउने विद्यार्थीलाई प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था गर्नुपर्दछ ।

(ञ) विद्यार्थीहरुमा लगनशीलता र अनुशासनमा वृद्धि गर्न विद्यालयले विशेष ध्यान दिनुपर्दछ भने शिक्षकहरुको उत्साह, जाँगर र उत्तरदायित्व अभिवृद्धि गर्न, दण्ड र पुरस्कारको व्यवस्थालाई प्रभावकारीरुपमा कार्यान्वयन गर्नुपर्दछ ।

(ट) सामाजिक अध्ययन विषय शिक्षकहरुलाई आवश्यकताअनुसार विषयगत तालिमको व्यवस्था गर्नुपर्दछ ।

(ठ) विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न अभिभावकहरु आफै सक्रिय हुनुपर्ने, विद्यालय र कक्षाशिक्षणको नियमित अनुगमन गर्ने व्यवस्था गर्नुपर्दछ ।

(ड) विद्यालयमा सिकाइमैत्री वातावरण सिर्जना गर्न, विद्यालयमा बन्द हडताल र राजनैतिक हस्तक्षेप सदाका लागि हटाई विद्यालयलाई शान्ति क्षेत्र नारामा मात्र नभई व्यवहारमा उतार्नु पर्दछ र विद्यालयले शैक्षिक व्यवस्थापनलाई मुख्य ध्यान दिई आगामी पाइला चाल्नुपर्दछ ।

# सन्दर्भ सूची


अधिकारी, विष्णुप्रसाद ( २०६५ ) *शिक्षाशास्त्र र नेपालमा शिक्षा,* काठमाण्डौ : आशिष वुक्स हाउस ।

अधिकारी खुवीराम (२०६३) *शिक्षक शिक्षा,* सानोठिमी भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र ।

*उच्च माध्यमिक शिक्षा नियमावली* (२०५२,) डिल्ली वजार काठमाण्डौं : सहिष्णु प्रकाशन ।

काफ्ले, इश्वरी प्रसाद, (२०६०) *काठमाडौं जिल्लाको संस्थागत र सामुदायिक विद्यालयको कक्षा - ८ को जिल्ला स्तरीय परीक्षामा नेपाली विषयमा विद्यार्थीहरुले प्राप्त गरेको उपलब्धीको तुलनात्मक अध्ययन,* काठमाण्डौ : महेन्द्ररन्त क्याम्पस (शोधपत्र अप्रकासित कृति) ।

कोइराला, पुन्य प्रसाद ( २०६५ ) *एस.एल.सी परीक्षामा सामाजिक शिक्षा विषयको प्राप्ताङ्कमा प्रभाव पार्ने कारक तत्वहरुको अध्ययन,* ईन्द्रपुर मोरङ : सुकुना वहुमुखी क्याम्पस (शोधपत्र अप्रकासित कृति) ।

गुरुङ, दिपेन्द्र,(१९९६) *लमजुङ जिल्लाका विद्यार्थीहरुको set concept को तुलनात्मक अध्ययन ,* ताहाचल काठमाण्डौ : महेन्द्ररन्त क्याम्पस (शोधपत्र अप्रकासित कृति)।

जिल्ला शिक्षा कार्यालय ( २०६७ *) शैक्षिक वुलेटिन,* जिशिका भोजपुर ।

*निम्नमाध्यमिक शिक्षा पाठ्यक्रम* (२०५८) सानोठिमी, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

*प्राथमिक शिक्षा पाठ्यक्रम* (२०६५) सानोठिमी, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पाँडे, रामकुमार (२०५२) *सामाजिक शिक्षा सिद्धान्त र शिक्षण चौथो संकरण,* काठमाण्डौं

रत्न पुस्तक भण्डार, ।

पौडेल, अर्जुन प्रसाद, (२०६५) *सिन्धुपाल्चोक जिल्लाका निजी र सामुदायिक विद्यालयहरुमा शैक्षिक*

*उपलब्धिको तुलनात्मक अध्ययन,* ताहाचल काठमाण्डौ : महेन्द्ररन्त क्याम्पस (शोधपत्र अप्रकासित कृति) ।

पौडेल, रुद्रमणी (२०६५) *कास्की जिल्लाको सामुदायिक र संस्थागत विद्यालयहरुमा विद्यार्थीले*

*प्राप्त गरेको शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन,* पोखरा : पृथ्वी नारायण क्याम्पस (शोधपत्र अप्रकासित कृति) ।

भण्डारी, यमनारायण (२०६३) *गुल्मी जिल्लाको संस्थागत र सामुदायिक विद्यालयको टेष्ट*

*परीक्षाको गणित विषयको विद्यार्थीहरुले प्राप्त गरेको उपलब्धीको तुलनात्मक अध्ययन* (शोधपत्र अप्रकासित कृति) ।

भट्टराई, होमनाथ (२०६१) *शिक्षा मनोविज्ञान,* काठमाण्डौं : रत्न पुस्तक भण्डार ।

*माध्यमिक शिक्षा पाठ्यक्रम* (२०६४) सानोठिमी ,भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

वाग्ले,मनप्रसाद, कार्की,उपेन्द्रकुमार (२०५७) *शिक्षाका आधारहरु,* भोटाहिटी, काठमाण्डौं : विद्यार्थी

पुस्तक भण्डार ।

शर्मा, गोपीनाथ (२०५७) *नेपालको शिक्षाको इतिहास* काठमाडौं : लुम्बिनी पुस्तक भण्डार ।

शर्मा चिरन्जीवी (२०५८) *शिक्षाको आधार* पहिलो संकरण काठमाडौं : एम.के. पब्लिसर्स एण्ड

डिष्ट्रब्यूटर्स ।

*शिक्षा नियमावली* (२०५९), डिल्ली वजार, काठमाण्डौं : सहिष्णु प्रकाशन ।

*शैक्षिक जनशक्ति विकास केन्द्र* ( २०६५ ) सामाजिक अध्ययन शिक्षण, सानोठिमी भक्तपुर ।

CERID (1998) *Study in management Practice in Public and Private School* , T.U. kirtipur, kathmandu .

## अनुसूची - १

सामाजिक अध्ययन विषयमा विद्यार्थीहरुले प्राप्त गरेको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन

विद्यार्थीका लागि प्रश्नावली

यो प्रश्नावली सामाजिक अध्ययन विषयमा विद्यार्थीहरुले प्राप्त गरेको सिकाइ उपलब्धि अध्ययन गर्न तयार पारिएको छ । यसले तपाइँको अध्ययन वा व्यक्तिगत जीवनमा कुनै असर पार्ने छैन । कृपया उपयुक्त विकल्पमा ठीक चिन्ह र खाली ठाउँमा आफनो राय प्रस्तुत गरिदिनहुन अनुरोध छ ।

विद्यार्थीको नाम :.................................................................

उमेर : .........................

कक्षा : ..........................

विद्यालयको नाम, ठेगाना : .......................................................

१. तपाइँलाई सबै भन्दा मन पर्ने विषय कुन हो ?

(क) नेपाली (ख) सामाजिक (ग) गणित (घ) अंग्रेजी (ङ) अन्य भए .....

२. तपाइँलाई सामाजिक अध्ययन विषयका विषयबस्तु कतिको मन पर्छ ?

(क) धेरै मन पर्छ (ख) सामान्य मन पर्छ (ग) मन पर्दैन

३ तपाइँको कक्षामा सामाजिक अध्ययन विषय कति जना शिक्षकले पढाउनु हुन्छ ?

(क) एक जना (ख) दुई जना (ग) अन्य भए .........

४. तपाइँको कक्षामा सामाजिक अध्ययन विषय कुन घण्टीमा पढाइ हुन्छ ?

(क) पहिलो (ख) दोस्रो (ग) तेस्रो (घ) अन्य भए......

५ सामाजिक अध्ययन विषयमा शिक्षकले गृहकार्य दिनुहुन्छ ?

(क) दैनिक दिनुहुन्छ (ख) कहिलेकाँही दिनुहुन्छ (ग) दिनुहुन्न

६ तपाइँ गृहकार्य नियमित गर्नुहुन्छ ?

(क) नियमित गर्छु (ख) कहिलेकाहीँ गर्छु (ग) गर्ने गरेको छैन

७ शिक्षकले गृहकार्य नियमित  परीक्षण गर्नुहुन्छ ?

(क) नियमित गर्नुहुन्छ  (ख) कहिलेकाहीँ  गर्नु हुन्छ     (ग) गर्नु हुन्न

८ सामाजिक अध्ययन विषय शिक्षण गर्दा कुनकुन शिक्षण विधिको प्रयोग भइरहेको छ ?

क.........................

ख..........................

ग...........................

९ सामाजिक अध्ययन विषयको शिक्षण नियमित रुपमा हुन्छ ?

(क) नियमित हुन्छ     (ख) ठीकै छ    (ग) नियमित हुदैन

१० सामाजिक अध्ययन विषय तपाइँलाई  कस्तो लाग्छ ?

(क) ज्यादै कठिन      (ख) कठिन     (ग) सामान्य    (घ) सजिलो

११ विगतमा तपाइँको सामाजिक  अध्ययन विषयको प्राप्ताङ कस्तो छ ?

(क) उत्कृष्ट    (ख) राम्रो      (ग) सामान्य    (घ) न्यून

१२ तपाइँले  समयमै पाठयपुस्तक  पाउनु भएको छ ?

(क) समयमा नै पाएको छु     (ख) ढिलो पाईन्छ      (ग) पाठ्यपुस्तक नै पाइदैन

१३ सामाजिक अध्ययन विषयमा तपाइँले पाठ्यक्रमको प्रयोग गर्नुहुन्छ ?

(क) प्रयोग गर्छु        (ख) प्रयोग गरेको छैन  (ग) पाठ्यक्रम नै देखेको छैन

१४ तपाइँको विद्यालयमा पुस्तकालय छ ?

(क) छ        (ख) छैन

१५पुस्तकालयमा सामाजिक  अध्ययन विषयसँग सम्बन्धित पाठ्पुस्तक  र सन्दर्भ सामग्री छन् ?

(क) छन्         (ख) छैनन्          (ग) थाहा छैन

१६ तपाइँ पुस्तकालयमा गएर अध्ययन गर्नु हुन्छ ?

(क) गर्छु       (ख) गरेको छैन        (ग) मौकै पाईदैन

१७ तपाइँलाई अध्ययनका लागि आवश्यक खर्च पुगेको छ ?

(क) पर्याप्त छ  (ख) पर्याप्त छैन        (ग) न्यून छ    (घ) अन्य भए.......

१८ तपाइँ सामाजिक अध्ययन विषयको कक्षा शिक्षणवाट संन्तुष्ट हुनुहुन्छ ?

(क) सन्तुष्ट छु (ख) शिक्षणमा सुधार गर्न आवश्यक छ

१९. तपाइँ घरमा अध्ययनका लागि कति समय पाउनुहुन्छ ?

(क) १ घण्टा (ख) २ घण्टा (ग) ३ घण्टा (घ) ४ घण्टा (ङ) अन्य भए ..............

२० घरमा अध्ययनका लागि छुट्याउनु भएको कुल समयमा कति समय सामाजिक अध्ययनलाई छुट्याउनु हुन्छ ?

(क) १ घण्टा (ख) २ घण्टा (ग) अन्य भए ...........

२१. सामाजिक अध्ययन शिक्षणमा शैक्षिक सामग्रीको प्रर्याप्त प्रयोग भएको छ ?

(क) छ (ख) छैन

२२. तपाइँको विचारमा सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिमा के कस्ता पक्षहरुले प्रभाव पारेका छन् ? सामाजिक अध्ययन विषयका समस्याहरु के के छन् ?

क..........................

ख...........................

ग............................

२३. तपाइँको विचारमा सामाजिक अध्ययन विषयको प्राप्ताङ्कमा वृद्धि गर्न के के गर्नु पर्ला ?

क..........................

ख...........................

ग............................

प्रश्नावली भरी आफ्नो अमूल्य राय सुझाव र सल्लाह प्रदान गरी अनुसन्धान कार्यमा सहयोग पुऱ्याईदिनु भएकोमा धन्यवाद ज्ञापन गर्दछु। धन्यवाद !

## अनुसूची - २

सामाजिक अध्ययन विषयमा विद्यार्थीहरुले प्राप्त गरेको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन

### विषय शिक्षकका लागि प्रश्नावली

यो प्रश्नावली सामाजिक अध्ययन विषयमा विद्यार्थीहरुले प्राप्त गरेको सिकाइ उपलब्धि अध्ययन गर्न तयार पारिएको छ । यसले तपाइँको पेसा वा व्यक्तिगत जीवनमा कुनै असर पार्ने छैन । कृपया उपयुक्त विकल्पमा ठीक चिन्ह र खाली ठाउँमा आफनो राय प्रस्तुत गरिदिनहुन अनुरोध छ ।

शिक्षकको नाम :..................................................................

शैक्षिक योग्यता :..................................................................

अनुभव वर्ष :....................................................................

तह , श्रेणी :.....................................................................

विद्यालयको नाम र ठेगाना : .................................................

१ तपाइँको न्यूनतम योग्यता आई ए. वा सो सरहको मुख्य विषय कुन कुन हुन ?

(क).............................

(ख).................................

(ग).......................................

२ तपाइँले सामाजिक अध्ययन विषयसँग सम्बन्धित/ शिक्षणसँग सम्बन्धित तालिम प्राप्त गर्नु भएको छ ?

(क) छ (ख) छैन

३ तालिम प्राप्त हुनुहुन्छ भने कति अवधिको लिनुभएको छ ?

(क) १० महिने (ख) ७.५ महिने (ग) ५ महिने (घ) २.५ महिने

(ङ) अन्य भए.....................

४ सामाजिक अध्ययन विषयवस्तुका छनौट र सङ्गठन उपयुक्त किसिमले गरिएको छ ?

(क) छ (ख) छैन

५ तपाइँलाई सामाजिक अध्ययन विषय कस्तो लाग्छ ?

(क) ज्यादै कठिन (ख) कठिन (ग) सामान्य (घ) सजिलो

६ तपाइँले सामाजिक अध्ययन शिक्षण गर्दा कुन कुन शैक्षिक सामग्री प्रयोग गर्नुहुन्छ ?

(क) पाठ्यक्रम (ख) शिक्षण निर्देशिका (ग) पाठ्यपुस्तक (घ) सर्न्दभ सामग्री

(ङ) माथिका सबै (च) अन्य भए......

७ कक्षा ८ को सामाजिक अध्ययन विषयको पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरु पूरा गर्न पाठ्यपुस्तकले सबै विषयवस्तु समेटेको छ ?

(क) पूरै समेट्छ (ख) आंशिक समेट्छ (ग) समेटेको छैन (घ)अन्य भए ..........

८ सामाजिक अध्ययन विषय शिक्षण गर्दा कुन कुन शिक्षण विधि अपनाउनु हुन्छ ?

(क)..............................

(ख)...............................

(ग)................................

९ तपाइँको विद्यालयमा सामाजिक अध्ययन विषय सँग सम्बन्धी शैक्षिक सामग्री र सर्न्दभ सामग्रीहरु उपलब्ध छन ?

(क) छन् (ख) छैनन् (ग) केही छन्

१० शैक्षिक सामग्री उपलब्ध भए कुनकुन शैक्षिक सामग्री उपलब्ध छन् ?

(क)..............................

(ख)...............................

.११ के तपाइँ सामाजिक अध्ययन विषयमा विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्कवाट सन्तुष्ट हुनुहुन्छ ?

(क) सन्तुष्ट छु (ख) छैन

१२. सामुदायिक र संस्थागत विद्यालयमा सिकाइ उपलब्धि फरक हुन्छ ?

क) हुन्छ (ख) हुदैन (ग) भन्न सकिन्न

१३. सामुदायिक विद्यालय र संस्थागत विद्यालय वीच फरक हुन्छ भने के कस्ता कारणहरु जिम्मेवार छन् ?

(क)............................

(ख).............................

(ग).............................

१४. छात्र र छात्राबीच सिकाइ उपलब्धि फरक हुन्छ ?

क) हुन्छ (ख) हुदैन (ग) भन्न सकिन्न

१५. अभिभावकहरुले छात्र र छात्राहरुलाई शिक्षामा समान अवसर प्रदान गरेका छन ?

क) छन् (ख) छैनन्

१६. छात्र र छात्राबीच सिकाइ उपलब्धिमा फरक हुन्छ भने के कस्ता कारणहरु जिम्मेवार छन् ?

(क)............................

(ख).............................

१७. सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिमा के कस्ता तत्वहरुले प्रभाव पार्दछन् ?

(क)............................

(ख).............................

१८ सामाजिक अध्ययन विषयको प्राप्ताङमा वृद्धि गर्न के कस्ता उपायहरु अबलम्बन गर्नुपर्ला ?

(क)............................

(ख).............................

१९. विद्यालयवाट तपाईँलाई शिक्षणका लागि पर्याप्त सहयोग भएको छ ?

(क) छ (ख) छैन्

२०. अन्य सझावहरु भए उल्लेख गर्नुहोस ।

(क)............................

(ख).............................

प्रश्नावली भरी आफ्नो अमूल्य राय, सुझाव र सल्लाह प्रदान गरी अनुसन्धान कार्यमा सहयोग पुऱ्याईदिनु भएकोमा धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

## अनुसूची - ३

सामाजिक अध्ययन विषयमा विद्यार्थीहरुले प्राप्त गरेको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन

### प्र.अ.को लागि प्रश्नावली

यो प्रश्नावली सामाजिक अध्ययन विषयमा विद्यार्थीहरुले प्राप्त गरेको सिकाइ उपलब्धि अध्ययन गर्न तयार पारिएको छ । यसले तपाइँको पेसा वा व्यक्तिगत जीवनमा कुनै असर पार्ने छैन । कृपया उपयुक्त विकल्पमा ठीक चिन्ह र खाली ठाउँमा आफनो राय प्रस्तुत गरिदिनहुन अनुरोध छ ।

प्र.अ.को नाम :..................................................................

शैक्षिक योग्यता :..................................................................

अनुभव वर्ष :..................................................................

तह , श्रेणी :..................................................................

विद्यालयको नाम र ठेगाना : ...................................................

१ तपाइँले सामाजिक अध्ययन विषयको कक्षाशिक्षणको निरीक्षण गर्ने गर्नुभएको छ ?

(क) छ (ख) छैन

२ निरीक्षण गर्नु भएको छ भने कक्षा शिक्षण सम्बन्धमा आवस्यक सुझाव दिने गर्नु भएको छ ?

(क) छ (ख) छैन

३ तपाइँको सुझावलाई शिक्षकले कस्तो रुपमा लिएको पाउनुभएको छ ?

(क) सकारात्मक (ख) सामान्य (ग) नकारात्मक (घ)अन्य भए......

४ सामाजिक अध्ययन विषयको शिक्षकले पाठ्यक्रम पाठ्पुस्तक वा सनर्दभ सामग्री सम्बन्धी समस्याहरु तपाइँ समक्ष राख्ने गरेका छन् ?

(क) छन (ख) छैनन् (ग) कहिलेकाहीँ राख्छन्

५ तपाइँले विषय शिक्षकलाई तालिम ,गोष्ठी , प्रशिक्षण आदिमा पठाउने गर्नु भएको छ ?

(क) छ (ख) छैन (ग) आवशयकता अनुसार पठाउने गरिएको छ

६ संस्थागत र सामुदायिक विद्यालयको सामाजिक अध्ययन विषय शिक्षणमा के फरक पाउने भएको छ ?

(क)............................

(ख).............................

(ग)..............................

७ संस्थागत र सामुदायिक विद्यालयको सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिमा फरक हुन्छ ?

(क) हुन्छ (ख) हुँदैन (ग) भन्न सकिन्न

८ संस्थागत र सामुदायिक विद्यालयको सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धमा फरक हुन्छ भने के कारणले फरक हुन्छ ?

(क)............................

(ख).............................

(ग)..............................

९ छात्र र छात्रालाई अभिभावकले समान व्यवहार /समान अवसर प्रदान गरेका छन् ?

(क) छन् (ख) गर्दैनन् (ग) अहिले गर्न थालिएको छ

१० छात्र र छात्राबीच सिकाइ उपलब्धिमा फरक हुन्छ ?

(क) हुन्छ (ख) हुदैन (ग) भन्न सकिन्न

११ छात्र र छात्राबीच सिकाइ उपलब्धिमा फरक हुन्छ भने कसको उच्च उपलब्धि पाउनु भएको छ ?

(क)............................

(ख).............................

(ग)..............................

१२. छात्र र छात्राबीच सिकाइ उपलब्धिमा फरक हुनका कारणहरु केके हुन ?

(क)............................

(ख).............................

१३. सिकाइ उपलब्धिमा समानता ल्याउन के के गर्नु उपयुक्त हुन्छ ?

(क)............................

(ख).............................

१४. सामाजिक अध्ययन विषयको उपलब्धि सनतोषजनक छ ?

(क) छ (ख) छैन (ग) ठीकै छ

१५. सामाजिक अध्ययन विषयका समस्याहरु के के छन् ?

(क)............................

(ख).............................

१६. सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिमा के कस्ता कुराहरुले प्रभाव पार्दछन् ?

(क)............................

(ख).............................

१७. सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिमा सुधार गर्न के गर्नु पर्ला ?

(क)............................

(ख).............................

१८. अन्य सुझावहरु भए

(क)............................

(ख).............................

प्रश्नावली भरी आफ्नो अमूल्य राय, सुझाव र सल्लाह प्रदान गरी अनुसन्धान कार्यमा सहयोग पुऱ्याईदिनु भएकोमा धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

## अनुसूची - ४

सामाजिक अध्ययन विषयमा विद्यार्थीहरुले प्राप्त गरेको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन

### स्रोतव्यक्तिका लागि प्रश्नावली

यो प्रश्नावली सामाजिक अध्ययन विषयमा विद्यार्थीहरुले प्राप्त गरेको सिकाइ उपलब्धि अध्ययन गर्न तयार पारिएको छ । यसले तपाइँको पेसा वा व्यक्तिगत जीवनमा कुनै असर पार्ने छैन । कृपया उपयुक्त विकल्पमा ठीक चिन्ह र खाली ठाउँमा आफनो राय प्रस्तुत गरि दिन हुन अनुरोध छ ।

स्रोतव्यक्तिको नाम :..................................................................

शैक्षिक योग्यता :..................................................................

अनुभव वर्ष :..................................................................

तह , श्रेणी :..................................................................

ठेगाना : ..................................................................

१. तपाइँले कक्षा -८ को सामाजिक अध्ययन विषयको पाठ्यक्रम र पाठ्यपुस्तक अध्ययन गर्न भएको छ ?

(क) छ (ख) छैन

२ .पाठ्यक्रम र पाठ्यपुस्तक अध्ययन गर्नुभएको छ भने पाठ्यक्रमले निर्धारण गरेको उद्देश्यहरु पाठ्यपुस्तकले समेट्छ ?

(क) पुरै समेट्छ (ख) आंशिक समेट्छ (ग) समेटेको छैन

३. पाठ्यपुस्तकले समेटेको नभएमा कुन कुन उद्देश्य समेटेको छैन ?

(क).............................

(ख).............................

(ग).............................

४.तपाइँले सामाजिक अध्ययन विषय शिक्षणको कक्षाअवलोकन गर्नुभएको छ ?

(क) छ ख) छैन

५ अवलोकन गरेको भए कक्षा अवलोकनको क्रममा शिक्षकले के कस्ता शिक्षण सामग्री र शिक्षणविधिहरु अपनाएको पाउनुभयो ?

(क)............................

(ख).............................

(ग)..............................

६ सामाजिक अध्ययन विषयको प्रभावकारी शिक्षण भएको छ ?

(क) छ (ख) छैन

७ सामाजिक अध्ययन विषयको प्रभावकारी शिक्षण गर्न के कस्ता उपायहरु अवलबन गर्नु पर्दछ ?

(क)............................

(ख).............................

(ग)..............................

८ सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धि को स्तर कस्तो छ ?

१ अति उत्तम २ उत्तम ३ सामान्य ४ न्यून

९ सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरु के के हुन सक्छन ?

(क)............................

(ख).............................

(ग)..............................

१० सामाजिक अध्ययन विषयको सिकाइ उपलब्धिमा वृद्धि गर्न के गर्नु पर्छ ?

(क)............................

(ख).............................

(ग)..............................

११ संस्थागत र सामुदायिक विद्यालयको बीच के फरक पाउनुभएको छ ?

(क)............................

(ख).............................

(ग)..............................

१२ छात्र र छात्रा बीच सिकाइ उपलब्धिमा फरक हुन्छ ?

(क)............................

(ख).............................

(ग)..............................

१३ फरक हुन्छ भने के कारणले फरक हुन्छ ?

(क)..............................

(ख)...............................

(ग)................................

१४. तपाइँका विचारमा सामाजिक विषयका उद्देश्य, शैक्षिक सामग्री, शिक्षण क्रियाकलाप, मूल्याङ्कनहरुमा के कस्ता समस्याहरु छन् ?

(क)..............................

(ख)...............................

(ग)................................

१५. अन्य सुझावहरु भए :

(क)..............................

(ख)...............................

(ग)................................

प्रश्नावली भरी आफ्नो अमूल्य राय सुझाव र सल्लाह प्रदान गरी अनुसन्धान कार्यमा सहयोग पुऱ्याईदिनु भएकोमा धन्यवाद ज्ञापन गर्दछु ।

## अनुसूची - ५

सामाजिक अध्ययन विषयमा विद्यार्थीहरुले प्राप्त गरेको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन

### अभिभावकका लागि प्रश्नावली

यो प्रश्नावली सामाजिक अध्ययन विषयमा विद्यार्थीहरुले प्राप्त गरेको सिकाइ उपलब्धि अध्ययन गर्न तयार पारिएको छ । यसले तपाइँको व्यक्तिगत जीवनमा कुनै असर पार्ने छैन । कृपया उपयुक्त विकल्पमा ठीक चिन्ह र खाली ठाउँमा आफनो राय प्रस्तुत गरिदिनहुन अनुरोध छ ।

अभिभावकको नाम :.........................................

ठेगाना : ......................................................

१. तपाइँले कक्षा ८ को सामाजिक अध्ययन विषयको पाठ्यक्रम/पाठ्यपुस्तकको अध्ययन गर्नुभएको छ ?

(क) छ (ख) छैन

२. अध्ययन गर्नु भएको छ भने सामाजिक अध्ययन विषयलाई कस्तो विषयको रुपमा लिनुभएको छ ?

(क) कठिन (ख) सजिलो

३. तपाइँका छोराछोरीले घरमा कम्तीमा कति घण्टा अध्ययन गर्दछन ?

(क) ५ घण्टा (ख) ४ घण्टा (ग) अन्य भए..........

४ तपाइँले छोराछोरीलाई ट्युसन पढाउने गर्नुभएको छ ?

(क) छ (ख) छैन

५. ट्युसन पढाउने गर्नुभएको छ भने सामाजिक अध्ययन विषयको ट्युसन पढाउने गर्नुभएको छ ?

(क) छ (ख) छैन

६. तपाइँका छोराछोरीको सामाजिक अध्ययन विषयको प्राप्ताङ्क कस्तो छ ?

(क) उत्तम (ख) मध्यम (ग) न्यून

७. तपाइँले छोराछोरी वीच समान व्यवहार गर्ने गर्नुभएको छ ?

(क) छ (ख) छैन

८. तपाईँले छोराछोरीलाई कुन विद्यालयमा पढाउने गर्नुभएको छ र किन ? कारणहरु उल्लेख गर्नुहोस ।

(क) सामुदायिक (ख) संस्थागत

(क)...........................

(ख)............................

९. तपाइँको विचारमा सामुदायिक विद्यालयका समस्याहरु के-के छन् ?

(क)...........................

(ख)............................

१०. तपाइँको विचारमा संस्थागत विद्यालयका समस्याहरु केके छन् ?

(क)...........................

(ख)............................

१०. तपाइँको विचारमा सामाजिक विषयका समस्याहरु / प्रभाव पार्ने तत्वहरु केके हुन सक्छन् ?

(क)...........................

(ख)............................

११. उक्त समस्याहरु निराकरण गर्न के गर्नु पर्छ ?

(क)...........................

(ख)............................

प्रश्नावली भरी आफ्नो अमूल्य राय सुझाव र सल्लाह प्रदान गरी अनुसन्धान कार्यमा सहयोग पुऱ्याईदिनु भएकोमा धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

## अनुसूची ६

सामाजिक अध्ययन विषयमा विद्यार्थीहरुले प्राप्त गरेको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन

### कक्षा अवलोकन फाराम

विद्यालयको नाम ................................ मिति .........................

शिक्षकको नाम :............................... विषय :........................

कक्षा : ........... घण्टी :..................

| सि.न | विवरण | उत्तम | मध्यम | न्यून | कैफियत |
|---|---|---|---|---|---|
| १ | शिक्षकको व्यक्तित्व | | | | |
| २ | पाठको योजना र तयारी | | | | |
| ३ | प्रस्तुतीकरण | | | | |
| ४ | विषयवस्तुको ज्ञान | | | | |
| ५ | शिक्षण सामग्रीहरुको प्रयोग | | | | |
| ६ | शिक्षण विधि र त्यसको उपयुक्तता | | | | |
| ७ | विद्यार्थी सहभागिता | | | | |
| ८ | प्रेरणाको सिर्जना | | | | |
| ९ | मूल्याङ्कनको प्रयोग | | | | |
| १० | गृहकार्य | | | | |
| ११ | कक्षाकोठा व्यवस्थापन | | | | |
| १२ | विद्यालयको वातावरण | | | | |

कक्षा अवलोकनमा देखिएका सवल पक्ष ...................................................................... कक्षा शिक्षण सुधारका लागि सुझावहरु :.................................................................